नेपाली

कक्षा ७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०७६

नेपाली

कक्षा ७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ। पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन।

प्रथम संस्करण : वि.सं २०७१

परिमार्जित दोस्रो संस्करण : वि.सं २०७६

मुद्रण: जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर।

मूल्य रु.

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ। पाठकहरूबाट आउने सुझावहरूलाई केन्द्र हार्दिक स्वागत गर्दछ। तपाइँले किनेको पाठ्यपुस्तकमा कुनै त्रुटि भएमा नजिकको वितरकबाट उक्त पुस्तक साट्न सक्नुहुने छ।

हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक र समसामयिक बनाउन पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहका पाठ्यक्रमतथा पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । विद्यार्थीमा राष्ट्रप्रेम, राष्ट्रियता प्रतिको समर्पण र लोकतान्त्रिक पद्धतिलाई आत्मसात् गर्ने भावनाको विकास गराई नैतिकवान्, अनुशासित, स्वावलम्बी तथा सिर्जनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने क्षमता विकास हुन आवश्यक छ । उनीहरूमा भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य तथा जनसङ्ख्यासम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सिपको विकास हुन जरुरी छ । त्यसै गरी विद्यार्थीहरूमा कला तथा सौन्दर्य प्रतिको अनुराग र मानवीय मूल्य मान्यता, आदर्श तथा वैशिष्ट्यहरूप्रतिको सचेततासहित तिनको संरक्षण, संवर्धन गर्ने भावनाको विकास आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, भाषा, धर्म, संस्कृति र क्षेत्रलगायतका विविधताहरूको सम्मान गर्ने र मानव अधिकार तथा समाजिक मूल्य मान्यता प्रति सचेत भई जिम्मेवारी वहन गर्ने भावनाको विकास गराउनु आवश्यक छ । उल्लिखित आवश्यकतालाई दृष्टिगत गरी आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ लाई मूल आधारमानी शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

वि.सं. २०५१ मा गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालले लेख्नुभएको पाठ्यपुस्तकलाई आधारभूत तहअन्तर्गत कक्षा ६- ८ को पाठ्यक्रम (२०६९) अनुसार प्रा.डा. बद्रीविशाल भट्टराई र प्रा.लालानाथ सुवेदीबाट लेखन भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल तथा प्रा.डा. केदारप्रसाद शर्मा, प्रा.डा. रामनाथ ओझा, प्रा.डा. शम्भुप्रसाद दाहाल, डा. गीता खरेल, मधुप्रसाद तिमिल्सिना, सिद्धिबहादुर महर्जन, र पुरुषोत्तम घिमिरेको महत्त्वपूर्ण योगदान रहेको छ । पाठ्यपुस्तकलाई अध्यावधिक तथा परिमार्जन गरी प्रकाशित गर्न कार्यमा यस केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, श्री गणेशप्रसाद भट्टराई र श्री चिनाकुमारी निरौलाको विशेष योगदान रहेको छ । यस पुस्तकको चार रङमा विकास गर्नका लागि कला सम्पादन कार्य श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यस पाठ्यपुस्तकको प्रयोगबाट पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०७६

विषयसूची

एकाइ	विषयवस्तु	विधा	पृष्ठ सङ्ख्या
१.	परिचय	कविता	१
२.	मामालाई सुधार्ने भान्जो	कथा	७
३.	सांस्कृतिक एकताको पर्व : छठ	प्रबन्ध	१७
४.	आन्तरिक पर्यटन	संवाद	२८
५.	साहित्यकार झमक	जीवनी	४०
६.	एउटै मुटु एउटै मर्म	गीत	५१
७.	सात दिने सभा	कथा	५६
८.	प्रकृतिको सुन्दर स्थल : खप्तड	प्रबन्ध	६५
९.	साथीलाई चिठी	चिठी	७४
१०.	सुन उगेल्ने भाले	कथा	८१
११.	कृषि ठुलो कि उद्योग ठुलो	वाद विवाद	९०
१२.	सुनौलो भोलि	गीत	१०४
१३.	अलेक्जेन्डर फ्लेमिङ	जीवनी	१०९
१४.	बोधिसत्वको कथा	कथा	११८
१५.	म सौर्य ऊर्जा हुँ	प्रबन्ध	१२८
१६.	रिस र राक्षस	कथा	१३५
१७.	प्रधानाध्यापकलाई निवेदन	निवेदन	१४२
१८.	आबाल ब्रह्मचारी षडानन्द	जीवनी	१४५
१९.	सभ्यता	कविता	१५४
२०.	नेपालको धार्मिक वास्तुकला	प्रबन्ध	१५८
२१.	बाक्लो दाल	कथा	१६७

१ परिचय

सिद्धिचरण श्रेष्ठ

नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु
वैरी नै होस् तर छु बहुतै दीनमाथि दयालु ।।
तातो रातो रगत रिपुको प्यूँन हर्दम तयार
मेरो मेरो प्रिय खुकुरी यो हेर भै होसियार ।।

शिक्षा मेरो जगतभरको गर्नु रक्षा सदैव
दीक्षा यै हो परहित गरूँ आखिरी श्वाससम्म ।।
ज्वाला दन्कोस् दनदन जहाँ मृत्यु ल्याई फुकेको
अत्याचारी यदि छ त कहीँ माथ नै ताक्छु त्यस्को ।।

ड्याङ्ड्याङ् डुङ्डुङ् गरि प्रलयको मेघमाला बजाई
कालो नीलो गगनभरको दैत्य आकार ल्याई ।।
रोकुन् बाटो रिपुहरू मिली केही सङ्कोच मान्न
आत्मा मेरो अमर छ बुझ्यौ अस्त कैल्यै म हुन्न ।।

गिरि : पहाड, पर्वत
वैरी : शत्रु
दीन : दुःखी, गरिब
रिपु : शत्रु
हर्दम : सधैँ
जगत् : संसार
दीक्षा : शिक्षालाई उपयोग गर्न गुरुबाट प्राप्त भएको उपदेश
परहित : अर्काको भलाइ

ज्वाला : आगाको लप्को
माथ : शिर, टाउको
प्रलय : सर्वनाश, संहार
मेघमाला : बादलको मुस्लो
गगन : आकाश
दैत्य आकार : राक्षसी आकार, डरलाग्दो स्वरूप
सङ्कोच : अप्ठ्यारो, हिचकिचाहट
अमर : कहिल्यै नमर्ने
अस्त : अस्ताउने काम, विलय हुने काम

गोली लागी पटपट फुटोस् देहको अङ्गअङ्ग

छाला टाँगी वदन सब होस् मासुको मात्र पुञ्ज ।।

बाटो होओस् भतभत उसै पोलिने बालुवाको

देशद्रोही यदि छ त कहीँ माथ नै ताक्छु त्यस्को ।।

हाँसीहाँसी विपुल दु:खको गर्तमा फाल हाली

कालै आओस् त पनि खुसिको हर्ष गाना सुनाई ।।

बढ्ने छु के डर मरणको एक बाजी सबैले

मर्नै पर्ने बुझी प्रकृतिको ऐन हो देह फेर्ने ।।

देह : शरीर

पुञ्ज : थुप्रो, रास

देशद्रोही : देशको अहित हुने काम गर्ने

विपुल : ठुलो, धेरै, प्रशस्त

गर्त : खाडल

ऐन : नियम, विधान

अभ्यास

१. 'परिचय' कविता गति, यति र लय मिलाएर पढ ।

२. उत्तर भन :

(क) नेपाली के गर्न सिपालु छन् ?

(ख) कवितामा शिक्षाले के गर्नु भन्छ ?

(ग) माथ ताक्नु भनेको के हो ?

(घ) नेपालीको आत्मा कस्तो छ ?

३. उदाहरणमा दिए जस्तै कविताका हरफलाई वाक्यमा लेख :

उदाहरण : नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु

म कठिन गिरिमा चढ्नलाई सिपालु नेपाली हुँ ।

वैरी नै होस् तर छु बहुतै दीनमाथि दयालु ।।

तातो रातो रगत रिपुको प्यूँन हर्दम तयार

मेरो मेरो प्रिय खुकुरी यो हेर भै होसियार ।।

४. उत्तर लेख :

(क) कविले नेपालीको परिचय कसरी दिएका छन् ?

(ख) दोस्रो श्लोकमा कविको कस्तो इच्छा प्रकट भएको छ ?

(ग) कवितामा कुन कुन उद्देश्य पूरा गर्न माथ ताक्ने कुरा गरिएको छ ?

(घ) 'परिचय' कविता पढ्दा तिमीलाई राम्रा लागेका कुराहरू के के हुन् ?

(ङ) 'परिचय' कविताबाट प्राप्त हुने मूल सन्देश के हो ?

५. भावविस्तार गर :

शिक्षा मेरो जगतभरको गर्नु रक्षा सदैव

दीक्षा यै हो परहित गरूँ आखिरी श्वाससम्म ।।

६. लामो उत्तर लेख :

(क) 'परिचय' कविताका श्लोकलाई वाक्यमा लेख ।

(ख) कविताका आधारमा नेपालीका विशेषताहरू के के हुन्, वर्णन गर ।

शब्दभण्डार

७. तल्लो हरफका उही अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

जस्तै : गिरि = पहाड

दीन	माथ	देह	वदन	हित	गगन
आकाश	दु:खी	शिर	मुख	शरीर	भलाइ

८. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा लेख :

जस्तै : वैरी = मित्र

वैरी	मृत्यु	हर्ष	दयालु	माथ	अस्त
उदय	पाउ	निर्दयी	शोक	जन्म	मित्र

९. 'सिप' बाट 'सिपालु' र 'होस' बाट होसियार भए झैँ तलका शब्दबाट बन्ने शब्द लेख :

इख, बिख, लाज, दुध, बैँस

हात, गुठी, साँध, अंश

१० भतभत, दनदन, ड्याङड्याङ जस्तै अरू चारओटा अनुकरणात्मक शब्द कक्षामा सुनाऊ ।

११. ठिक शब्द छानेर खाली ठाउँ भर :

(क) हामी नेपालीहरू ..... गिरिमा चढ्न सिपालु छौँ ।
(कठिन, जगत्, प्रकृति)

(ख) नेपालीहरूको आत्मा ..... छ । (अजर, अमर, अस्त)

(ग) गुरुले मलाई शिक्षालाई परहितमा लगाउने ..... दिनुभयो ।
(दीक्षा, बानी, सामान)

१२. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

गिरि, प्रलय, अमर, पुञ्ज, देशद्रोही

उच्चारण र हिज्जे

१३. तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार :

हर्दम, सदैव, दीक्षा, श्वास, ज्वाला, मृत्यु, अत्याचारी, प्रलय, दैत्य, अस्त, सङ्कोच, अङ्ग, पुञ्ज, देशद्रोही, हर्ष, प्रकृति

१४. कविताको तेस्रो श्लोक कापीमा सार ।

१५. तलका शब्द शुद्धसँग उच्चारण गर र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझ :

तर/थर/दर/धर	चल/छल/जल
तातो/रातो/पातो/सातो	काल/फाल/बाल
चार/जार/झार/सार	बाटो/भाटो/माटो
पतपत/फतफत/भतभत	जगत्/फगत/रगत

१६. पढ र बुझ :

भै	-	भई	प्यूँन	-	पिउन
त्यस्को	-	त्यसको	यै	-	यही

कार्यमूलक व्याकरण

१७. पढ, बुझ र गर :

पाठमा प्रयोग भएका खुकुरी, जगत्, ज्वाला, गगन, मेघ, बाटो, देह, छाला, मासु, रगत आदि शब्दले वस्तु वा चिजबिजलाई बुझाउँछन् । त्यसैले यी नाम हुन् । तिमी, तिम्रो परिवार र साथीभाइलाई जनाउने शब्द पनि नाम हुन् । कुनै स्थान, खानेकुरा, कपडा आदि बुझाउने शब्द पनि नाम हुन् । यसरी नाम शब्दले संसारका सम्पूर्ण वस्तु, स्थान, विषय आदिलाई बुझाउँछन् ।

हातगोडा आदि शरीरका अङ्गका नाम, कक्षाकोठामा भएका वस्तुका नाम र खेल सामग्रीका नाम लेख ।

१८. पढ, बुझ र गर :

पाठमा तातो, रातो जस्ता शब्दले रगतको, कालो, निलो जस्ता शब्दले गगन (आकाश) को, अमर शब्दले आत्माको, कठिन शब्दले गिरि (पहाड) को र नेपाली, सिपालु, दयालु शब्दले म सर्वनामको वर्णन गरेका छन् । यसरी नाम र सर्वनामको वर्णन गर्ने शब्द विशेषण हुन् ।

तल दिइएका शब्दहरूमा विशेषण शब्द चिन :

फुर्तिलो मानिस, सहरिया सभ्यता, रातो रङ, तातो भात, तितो ओखती, बलियो खसी, हिमाली सौन्दर्य, अग्लो रुख, बुढो गोरु

सिर्जनात्मक अभ्यास

१९. कोष्ठकबाट शब्द छानेर खाली ठाउँ भरी कविताका हरफ पूरा गर :

हामी ..... यस मुलुकका ..... हौँ कर्णधार (सार, हाम्रो)

पढ्दै पढ्दै मधुर .....ज्ञान ..... अपार (रचना, सिक्छौँ)

जान्ने बुझ्ने ..... दिन नयाँ ..... दिव्य पारा (ज्ञानका, दिन)

हौँ है हामी चहक ..... देशका हौँ .....। (सहारा, सुकिला)

२०. आफूले सुनेका कुनै गीत वा कविता लेखेर ल्याऊ र कक्षामा सुनाऊ ।

१ मामालाई सुधार्ने भान्जो

– कृष्णराज चौधरी

कुनै गाउँमा एउटा मानिस थियो । ऊ अरू मानिसलाई ठग्ने काम गर्थ्यो । ऊ प्राय: दिदी भिनाजुकहाँ बस्थ्यो । उसका दिदी भिनाजुको एउटा छोरो थियो । ऊ आफ्नो भान्जालाई दिनभर ठग चर्तिकला सुनाउँदै ठगविद्या सिकाउँथ्यो तर भान्जो मामालाई भन्ने गर्थ्यो, "ठग्ने काम राम्रो होइन ।"

केही समयपछि दिदी भिनाजुकहाँ कति बस्नु भनेर त्यो ठग त्यहाँबाट हिँड्यो ।

एक दिन ठगकी दिदीले छोरालाई भनिन्, "छोरा, अब तँ ठुलो भइस्, केही काम गर् । कति घर मात्रै बस्छस् ?" छोराले जबाफ दियो, "मामाले ठग्ने काम सिकाउनुभएको छ । ठगले सोझा मानिसलाई ठग्छ । म चाहिँ ठग्ने मानिसलाई सुधार्ने काम गर्छु । हेर्दै गर्नुहोला आमा !" यति भनेर ऊ घोडा चढेर मामाघर लाग्यो ।

चर्तिकला : अनौठो काम, करामत

भान्जो घोडा चढेर मामाकहाँ पुग्यो । उसको घोडा दुब्लो, पातलो र लिखुरे थियो । मामाले घोडातिर अनौठोसित हेर्दै भान्जालाई भन्यो, "ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?"

"तपाईंलाई यो घोडा देखाऊँ कि भनेर ।" भान्जाले घोडालाई थपथपाउँदै उत्तर दियो ।

"आ, यस्तो लिखुरे घोडा मलाई देखाउन के ल्याएका ? तिमी जस्तो लक्का जवानले यस्तो घोडा चढ्न सुहाउँछ ?" मामाले भन्यो ।

"यो चानचुने घोडा होइन, मामा । यसले त प्रत्येक दिन लिदीमा चाँदीका टुक्रा दिसा गर्छ ।" भान्जाले भन्यो ।

"यस्तो पनि हुन्छ र ? नचाहिने कुरा !" मामाले पत्याएन ।

"नपत्याए हेर्नुहोस् न । यसले दिसा गर्ने बेला हुनै लाग्यो ।" भान्जाले भन्यो ।

भान्जाले घरबाट हिँड्नुअगि नै घोडाको दानामा चाँदीका केही टुक्रा मिसाएर टन्न खान दिएको थियो । उसले घोडाको वरिपरि घुम्यो र ढोग्यो । घोडाले दिसा गर्ने बेला हुनै लागेको थियो । घोडाले दिसा पनि गऱ्यो । घोडाको लिदीमा चाँदीका टुक्रा पनि देखिए ।

ठग मामा आश्चर्य चकित भयो र भन्यो, "ओहो ! यस्तो फाइदाजनक घोडा ! यसले त मेरो तबेला सजाउनुपर्थ्यो भान्जा ! यो घोडा मलाई बेच, बरु यसको सट्टामा मेरो घोडा पनि लैजाऊ ।" भान्जाले सुरुमा त आनाकानी गऱ्यो । मामाले अति नै जिद्दी गर्न थालेपछि उसले महँगो दाममा लिखुरे घोडा बेच्यो । अनि मामाको घोडामा चढेर आफ्नो बाटो लाग्यो ।

ठग मामाले घोडाको निकै स्याहारसुसार गऱ्यो । कलिलो घाँस खुवायो । भोलिपल्ट मामाले पनि लिदीमा चाँदीका टुक्रा निकाल्छ कि भनेर कुरिरह्यो तर घोडाले लिदी मात्रै निकाल्यो । यो देखेर ठग मामा रिसायो र घोडालाई पिट्न थाल्यो । दनादन पिट्न थालेपछि घोडा ढल्यो । मामा रन्थनिँदै भान्जाकहाँ पुग्यो र क्षतिपूर्ति माग्न थाल्यो । भान्जाले मुस्कुराउँदै भन्यो, "हत्तेरी मामा ! घोडाको वरिपरि घुमेर ढोग्नुपर्थ्यो नि । त्यसपछि मात्रै घोडाले लिदीमा चाँदीका टुक्रा निकाल्थ्यो । तपाईंले त्यस्तो गर्नुभएन कि क्या हो ? बेकारमा त्यस्तो लाभदायी घोडा पिटेर थला पार्नुभयो ।" मामाले वरिपरि नघुमेको र निर्दोष प्राणीलाई पिटेर गल्ती गरेको स्विकाऱ्यो ।

लिखुरे	:	सिकुटे, ज्यादै कमजोर	बाटो बिराउनु	:	बाटो भुल्नु
लक्का जवान	:	भर्खरको तन्नेरी	आनाकानी	:	आलटाल, हिचकिच
रन्थनिनु	:	छटपटाउनु, रनाहा लाग्नु	क्षतिपूर्ति	:	हर्जाना

केही दिनपछि भान्जो पुन: मामाघर पुग्यो । उससँग खरायो थियो । मामाले भान्जाको स्वागत गर्दै भन्यो, "आज पनि मलाई फसाउन आयौ कि क्या हो, भान्जा ?" भान्जो केही बोलेन, हाँस्यो मात्र । सामान्य **भलाकुसारी**का कुरा भए । केही छिनपछि भान्जाले **प्रस्ताव** राख्यो, "जाऔँ मामा, आज हाम्रो घरतिर । के घरमै मात्र बस्नुहुन्छ ? उतै खाना पनि खाऔँ ।"

मामाले टाउको कन्यायो, "जान त जाने हो भान्जा, तर भोलि बिहानै मेरो अन्त जाने काम छ । तिम्रो घरमा गएर तुरुन्त फर्कँदा आगो लिन गए जस्तो मात्रै हुन्छ । केही **मेवा मिष्ठान्न** भोजन गर्न पाइन्न । यस्तोमा के गई भो र ?"

भान्जाले चिप्लो घस्यो, "त्यसको तपाईंले धन्दै मान्नुपर्दैन मामा । मसँग भएको यो खरायोको के काम ?" उसले झोलाबाट खरायो झिक्यो र आदेश दियो, "ए लामकाने, जा आमाबुबालाई भन्, मेरो मामा आउँदै हुनुहुन्छ, कुखुराको मासु पकाउनू रे । उहाँलाई धेरै हतार छ, चाँडै गर्न भन्नू ।" यति भन्दै उसले खरायोलाई छोडिदियो । खरायो बाटैबाटो बुर्कुसी मार्दै एकै छिनमा अलप भयो ।

यता भान्जाले पहिले नै आफ्ना आमाबुबासँग मासु पकाउनू भनेर कुरा मिलाएको थियो । भान्जाले मामालाई पाहुना बनाई घरमा ल्यायो । अगि छाडेको जस्तै एउटा खरायो घरमा पहिलेदेखि नै राखिएको थियो । सुरुको खरायो त कता हरायो कता ! ठग मामाले अहिले देखिएको खरायोलाई पहिलेकै ठान्यो । एकै छिनमा कुखुराको साँप्रो चपाउने **सौभाग्य** पाएको खुसीमा ठगले भन्यो, "ओहो भान्जा ! गतिला सामान त तिमीसँग मात्रै हुने रहेछन् । यस्तो खरायो त मैकहाँ हुनुपर्ने हो नि ! "

भान्जाले आनाकानी गर्दै भन्यो, "खै मामा, गतिलो घोडा दिएकै हो, थला पारिहाल्नुभयो । अब यो खरायो लैजान्छु भन्नुहुन्छ । यसको पनि त्यही गति हुने हो कि ? तपाईंलाई त सहयोग गर्नै हुन्न ।"

मामाले भन्यो, "हेर भान्जा, यसपालि त्यस्तो नराम्रो गर्ने छैन ।"

भान्जाले राम्रै मोलमा खरायो बेच्यो । बिदा हुँदै ठगले दिदी भिनाजुलाई भन्यो, "लागेँ म त । भान्जाले यति गतिलो खरायो दिएका छन् ।" केही पर पुगेपछि उसले खरायोलाई भुइँमा राख्दै भन्यो, "जा लामकाने, मालिक्नीलाई भन् मालिक आउँदै छन्, खाना पकाएर घरमै बस्नू ।" खरायो खुर्र दौडियो । घरमा सन्देश पुऱ्याउने भयो भनेर ऊ मक्ख पऱ्यो ।

घर पुग्दा पूरै अँध्यारो भएको थियो । घरमा श्रीमती पनि थिइनन् । खरायो पनि थिएन । निकै बेरपछि श्रीमती आइपुगिन् । ठगले रिसले मुर्मुरिदैँ भन्यो, "होइन मैले तिमीलाई खाना पकाउनू अनि घरमै बसिराख्नू भनेर खरायोलाई खबर पठाएको होइन ?"

भलाकुसारी : गफगाफ, कुराकानी
प्रस्ताव : कुनै कामका लागि गरिने आग्रह
मेवा मिष्ठान्न : मिठो परिकार, स्वादिष्ठ खानेकुरा

"होइन, कसलाई खबर पठाउनुभयो ? म त छिमेकमा बिहे हेरेर आएकी । हजुर पनि दिदीकहाँबाट खाएर आउनुहुन्छ भनेर भान्साको सुरसारै नगरेकी" ठगकी श्रीमतीले भनिन् ।

"खरायोलाई खबर पठाएको थिएँ । त्यसले केही भनेन ?" ठग अझ बम्कियो ।

"कुन खरायो ? कस्तो खरायो ? के नानाभाँतीको कुरा गर्नुभएको ?" श्रीमतीले भनिन् ।

ठग मामालाई भान्जाले आफूलाई ठगेको हो कि भन्ने लाग्यो र अर्को दिन बिहानै भान्जाको घरमा पुग्यो । उसलाई पिट्ने नियतले ठग त्यहाँ पुगेको थियो । मामा रिसाएको देखेर भान्जाले सोध्यो, "किन मामा, खरायोले सन्देश पुऱ्याएन कि कसो ?"

मामा बोलेन । भान्जाले भन्यो, "अब तपाईं पनि ! कम्तीमा पहिले आफ्नो घर चिनाउनुपर्थ्यो । घर नै नचिनाई एक्कासि छाडिदिएपछि खरायो कता जाओस् ? आफैं गल्ती गर्नुहुन्छ, अनि मसँग रिसाउनुहुन्छ ।"

ठग मामा गर्जियो, "तिम्रो गलत कुराले घोडा मऱ्यो, तिम्री माइजूसँग पनि भनाभन भयो । अब म तिम्रो केही कुरा सुन्दिनँ ।" उसले भान्जालाई बोरामा जबरजस्ती हाल्यो र काँधमा बोकेर नदीमा फाल्न बाटो लाग्यो । नदी पुग्नै लाग्दा ठग मामालाई दिसाले च्याप्यो । ऊ दिसा बस्न नजिकको झाडीमा पस्यो ।

बोराभित्र भान्जो "म बिहे गर्दिनँ ।" भनेर कराइरहेको थियो । त्यही बाटो एक जना मानिस उँटमा चढेर आउँदै थियो । त्यस मानिसले त्यो बोरा खोलिदियो । भान्जाले कुरा बनायो, "हेर मित्र, आमाबुबाले मेरो बिहे जबरजस्ती गरिदिँदै छन् । मलाई बिहे गर्न मन छैन । त्यसैले यसरी बोरामा हालेर लग्दै छन् ।"

उँटवालाले भन्यो, "त्यसो भए मेरो बिहे गराइदेऊ न त ।" भान्जाले खोजे जस्तै भयो । उसले उँटवालालाई बोरामा हालेर बाँध्यो र आफू उँटमा चढेर हिँड्यो ।

दिसा गरिसकेपछि ठग मामाले त्यो बोरा नदीमा फालिदियो । बल्ल काँडो हट्यो भन्दै मक्ख पऱ्यो । नदीमा फालिएको उँटवाला बल्लतल्ल बोरा च्यात्न सफल भयो । ऊ अलि तल नदी किनारामा उत्रियो । ज्यान बचेकामा उसले भगवान्लाई धन्यवाद दियो ।

सौभाग्य : असल भाग्य, भाग्यले प्राप्त राम्रो अवसर

बम्किनु : रिसाउँदै कराउनु

नानाभाँती : अनेक थरी

नियत : भित्री उद्देश्य, मनसाय

बोरा बोक्दा मामा थकाइले चुर भएको थियो । उसले अगाडि एउटा मानिस उँटमा चढेर सानसँग जाँदै गरेको देख्यो । मामाले यो मेरो भान्जो हो भन्ने थाहै पाएन । उसले कोही उँटवाला होला भन्ने सम्झेर पछाडिबाट बोलायो, "ओ उँटवाला, मलाई पनि केही परसम्म पुऱ्याइदेऊ न ।" उँटवालाले टाउको पछाडि फर्काएर हेर्दा ठग मामा आश्चर्यमा पऱ्यो । त्यो त भर्खरै नदीमा फालेको आफ्नै भान्जो पो रहेछ ।

ठग मामाले भन्यो, "भान्जा, मैले त तिमीलाई नदीमा फालेको थिएँ । तिमी भने उँट चढेर आउँदै छौ । यो कसरी सम्भव भयो ?"

भान्जाले कुरा बनायो, "ओहो मामा ! तपाईंले फालेपछि म नदीको पिँधमा पुगेँ । त्यहाँ त जनावरहरू कति कति ? हाम्रो गाउँघरमा उँट नभएकाले मैले यही छानेर ल्याएँ ।"

ठग मामा जालमा पऱ्यो, "लौ भान्जा बाबु, अबेर किन गर्ने त ? मलाई पनि नदीमा फाल्नुपऱ्यो । हेरौँ, तिमी जस्तै छानी छानी जनावर ल्याउन सक्छु कि ?" भान्जाले किन ढिलाइ गर्थ्यो । उसलाई त मामाको ठग काम गर्ने प्रवृत्तिलाई सुधार गर्नु थियो । उसले मामालाई बोरामा हाल्यो । मामाले भन्यो, "टाउको चाहिँ बोराभित्र नखाँद ल ! नदीमा जनावर छान्न हेर्नुपर्छ ।" भान्जाले मनमनै सोच्यो,

"मैले मामालाई सोझासाझालाई नठग्ने गरी हायलकायल पार्न पो यस्तो काम गर्न लागेको हो त ।"

उसले बोरा खुकुलोसँग कस्यो, टाउको पनि बाहिरै निकाल्यो र नदीमा फालिदियो ।

नदीमा फाल्नासाथ मामा आत्तियो । ऊ पानीमा डुब्दै उत्रदै गर्न थाल्यो । उसले त्यहाँ कुनै जनावर देखेन । नदीमा डुब्दा तीन चार घुट्का पानी खाइसकेको थियो ।

ऊ चिच्याउन थाल्यो, "म अब कहिल्यै ठग्दिनँ, भान्जा बाहिर निकालिदेऊ ।" भान्जाले भन्यो, "मलाई मात्र नठग्ने होइन, कसैलाई पनि ठग्नु हुँदैन । तपाईंले ठगेको देखेर मैले तपाईंलाई सुधार्न यस्तो कार्य गरेको हो ।" ठग मामालाई अरूलाई ठग्ने जस्तो गलत कार्य गरेकाले सजाय पाएको कुराको महसुस बल्ल भयो । मामाले अबदेखि ठग काम गर्दिनँ भनेर वाचा गऱ्यो । त्यसपछि भान्जाले उसलाई नदीबाट बाहिर निकालिदियो । यसपछि मामा भान्जा आआफ्ना घरतिर लागे ।

पिँध : फेद, तल्लो भाग

जाल : फसाउने कुरा

हायलकायल : हैरान, हावाकावा

अभ्यास

१. उत्तर भन :

(क) मामाले भान्जालाई के सिकाउँथ्यो ?

(ख) छोराले आमालाई के भन्यो ?

(ग) खरायोले समाचार भन्यो कि भनेन ?

२. पाठका आधारमा ठिक शब्द राखेर खाली ठाउँ भर :

(क) अरू मानिसलाई ..... ठिक होइन । (ढाँट्नु, पिट्नु, ठग्नु)

(ख) मामा रन्थनिँदै भान्जाकहाँ पुग्यो र ..... माग्न थाल्यो ।

(पैसा, खानेकुरा, क्षतिपूर्ति)

(ग) ओहो मामा ! तपाईंले फालेपछि म नदीको ..... पुगें ।
(किनारमा, माझमा, पिँधमा)

३. कसले कसलाई भनेको हो ? पाठका आधारमा खोजेर भन :

(क) तपाईंलाई त सहयोग गर्नै हुन्न ।

(ख) होइन, कसलाई खबर पठाउनुभयो ?

(ग) त्यसो भए मेरो बिहे गराइदेऊ न त ।

४. उत्तर लेख :

(क) भान्जो ठग मामालाई के भन्थ्यो ?

(ख) ठग र उसकी श्रीमतीबिच किन भनाभन भयो ?

(ग) बोरामा हालिएको भान्जो कसरी उम्कियो ?

(घ) भान्जाले मामालाई बोरामा किन खुकुलै बाँध्यो ?

(ङ) भान्जाले ठग मामालाई कसरी सुधार्‍यो ?

शब्दभण्डार

५. शब्द र अर्थको जोडा मिलाऊ :

सिपालु	गायब
लिदी	समाचार
तबेला	ठुलो स्वरले कराउनु
अलप	सिप भएको
सन्देश	घोडा बाँध्ने ठाउँ
गर्जिनु	घोडाको दिसा

६. तल्लो हरफका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : गतिलो = कमसल

गतिलो	सजिलो	सतह	डुब्नु	खुकुलो
कसिलो	पिँध	उत्रनु	अप्ठेरो	निर्गतिलो

७. तल्लो हरफका मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : पाइला = टेक्नु

पाइला	टाउको	बुर्कुसी	हायलकायल
मार्नु	पार्नु	कन्याउनु	टेक्नु

८. पढ र गर :

घोडा, उँट, खरायो जनावर हुन् तर कुखुरो पन्छी हो । जनावर विभिन्न जातका हुन्छन् भने पन्छी पनि विभिन्न जातका हुन्छन् ।

(क) आफूले जानेका दशओटा जनावर र पन्छीका नाम लेख ।

९. 'बल्ल बल्ल' बाट बल्लतल्ल भए झैं तलका शब्द दोहोरिँदा बन्ने शब्द लेख :

सोझो, कायल, सानो, सामान, आफ्नो, घर

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

चर्तिकला, आनाकानी, बाटो बिराउनु, आरोप, हायलकायल, भलाकुसारी

उच्चारण र हिज्जे

११. माथिको कथा पालैपालो गरी पढेर कक्षामा सुनाऊ र साथीले पढेको पनि सुन ।

१२. तलका शब्द शुद्धसँग उच्चारण गर र वर्णको फरकले हुने अर्थको भिन्नता कक्षामा छलफल गर :

तार/टार	घोडा/गोडा/जोडा
आमा/मामा	फल/बल/मल
करायो/खरायो	चाल/छाल/जाल
पकाउनु/फकाउनु	तरर/दरर/थरर

१३. तलका शब्द ठिकसँग उच्चारण गर :

हत्तेरी, चर्तिकला, पत्याएन, क्षतिपूर्ति, मिष्ठान्न, पिँध, प्रस्ताव

१४. पाठका मामा भान्जाबिच भएका संवादका अंशलाई एक जना मामा एक जना भान्जा भई हाउभाउसहित संवादकै शैलीमा कक्षामा सुनाऊ ।

१५. पाठबाट लट्ठी, हत्तेरी जस्ता अन्त्यमा दीर्घ इकार हुने दशओटा शब्द खोजेर लेख ।

१६. भिनाजु, सिपालु जस्ता अन्त्यमा ह्रस्व उकार हुने र माइजू, आफू जस्ता दीर्घ उकार हुने पाँच पाँच शब्द साथीहरूसँग छलफल गरेर लेख ।

कार्यमूलक व्याकरण

१७. पढ, बुझ र गर :

पाठमा मामा, आमा, भान्जा जस्ता शब्द छन्, यी नाता बुझाउने नाम शब्द हुन् ।

(क) पाठबाट यस्ता नाताबोधक शब्द टिप र आफूले अरू पाँचओटा नाताबोधक नाम शब्द थपेर लेख ।

(ख) तिमीले छानेका नाताबोधक शब्द प्रयोग गरेर घरमा ककसले के के काम गर्छन्, बयान गर ।

१८. केटोबाट केटी भए झैं तलका शब्दबाट बन्ने शब्द लेख :

भान्जो, मालिक, आफ्नो

१९. पढ र साथीलाई सुनाऊ :

ऊ दिदी भिनाजुकहाँ बस्थ्यो । छोरा, तँ अब ठुलो भइस्, केही काम गर् । यसले त प्रत्येक दिन लिदीमा चाँदीमा सिक्का निकाल्छ । हजुरलाई यो घोडा देखाऊँ कि ? उहाँलाई धेरै हतार छ, चाँडै गर्न भन्नू । तपाईं अरूलाई ठग्नुहोस्, म चाँहि ठगलाई सुधार्ने काम गर्छु ।

माथिको वाक्यमा प्रयोग भएका ऊ, तँ, यस, हजुर, उहाँ, तपाईं र म शब्द सर्वनाम हुन् । नामको सट्टामा प्रयोग हुने शब्द सर्वनाम हो । यस्ता सर्वनाम शब्द अरू पनि छन् । जस्तै : त्यो, तिनी, यो, यिनी, यहाँ, आफू, जो, जे, जुन, को, के, कुन आदि ।

२०. तलका सर्वनामका बहुवचनका रूपहरू लेख र वाक्यमा प्रयोग गर :

म -	तँ, तिमी -	तपाईं -
आफू -	यो, यिनी -	त्यो, तिनी -

२१. तलका वाक्यमा मिल्दो सर्वनाम राखेर खाली ठाउँ भर :

(क) विद्या, रवि र विमलमध्ये ..... आयो ? (के, को)

(ख) बुबा, आमा र दाजु ..... लाई दिऊँ ? (के, कस, को)

(ग) तिमी कथा र कविता ..... पढ्छौ ? (के, को)

२२. मबाट मेरो भए झैँ तलका सर्वनाम शब्दबाट के हुन्छ ?

हामी, आफू, तिमी, उनी, ऊ, तँ, यो, को, जो

२३. माथिल्लो हरफका विशेषण शब्दको तल्लो हरफका नाम शब्दसँग जोडा मिलाऊ :

लिखुरे	चानचुने	फाइदाजनक	सोझासाझा
जनता	केटो	पैसा	घोडा

सिर्जनात्मक अभ्यास

२४. तलका बुँदाहरूका आधारमा कथा लेखी साथीलाई सुनाऊ :

कुनै जङ्गलमा एक तपस्वी बस्नु... तपस्वी अत्यन्त दयालु हुनु... जङ्गलमा एउटा सिंह पनि बस्नु... सिंह खुट्टामा काँडो बिझेकाले हिँड्न नसकेर सुत्नु... तपस्वी डुल्दै सिंहको नजिक पुग्नु... सिंहको अवस्था देखेर तपस्वीको मनमा दया लाग्नु... तपस्वीले सिंहको खुट्टामा बिझेको काँडा झिकिदिनु... एक दुई दिनमा सिंह तन्दुरुस्त हुनु... सिंह सधैँ तपस्वीको आश्रम नजिक बस्ने गर्नु... एक दिन तपस्वी ध्यानमा मग्न हुनु... उनले आँखा खोल्दा एउटा सर्प मुख बाएर बसेको देख्नु... तपस्वीले सर्पको मुखमा हेर्नु... मुखमा काँडो बिझेको देख्नु... चिम्टीले बिस्तारै काँडो झिकिदिनु... सर्पले मणि उकेलेर हिँड्नु... तपस्वीको आश्रममा रातको समयमा मणिले जगमग उज्यालो हुनु... मणि चोर्न राति चोर आउनु... मणि लिएर भाग्न लाग्दा सर्पले बेर्नु... सिंहले झम्टन खोज्नु... तपस्वी बिउँझनु... तपस्वीले सर्प र सिंहलाई सम्झाउनु... चोरले कान समातेर माफ माग्नु... मणि तपस्वीलाई नै दिनु... तपस्वीले अबदेखि चोरी डकैती छोड्छु भन्न लगाउनु... चोरले मान्नु

३ सांस्कृतिक एकताको पर्व : छठ



नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो । यहाँ आआफ्ना धर्म, संस्कृति अनुरूपका साना ठुला धेरै चाडपर्वहरू मनाइन्छन् । दसैँ, तिहार, छठ, गौरा, माघी, ल्होसार, उँधौली, उँभौली, इद, क्रिसमस आदि यहाँका मुख्य चाडपर्वहरू हुन् । यीमध्ये तराई मधेस मूलका हिन्दु धर्मावलम्बीहरूले मनाउने ठुलो चाड छठ हो ।

बहुधार्मिक : धेरै धर्मको
गौरा : सुदूर पश्चिमाञ्चलतिर कृष्ण जन्माष्टमीको अगिल्लो दिनदेखि सप्ताहव्यापी रूपमा मनाइने पर्व
माघी : थारु जातिले माघे सङ्क्रान्तिका दिन मनाउने विशेष पर्व
ल्होसार : तामाङ, गुरुङ र शेर्पा जातिले नयाँ वर्षका रूपमा मनाउने प्रसिद्ध पर्व
उँधौली : मङ्सिर महिनाको शुक्ल पक्षको पूर्णिमाका दिन किरात जातिले मनाउने प्रसिद्ध पर्व
उँभौली : वैशाख महिनाको शुक्ल पक्षको पूर्णिमाका दिन किरात जातिले मनाउने प्रसिद्ध पर्व
इद : इस्लाम धर्म मान्नेहरूको प्रसिद्ध पर्व
क्रिसमस : जिजस क्राइस्टको जन्म दिनमा मनाइने चाड
मधेस मूल: उत्पत्तिको थलो मधेस
धर्मावलम्बी: धर्म मान्ने वा अँगाल्ने

छठ कात्तिक महिनाको शुक्ल पक्षको षष्ठी तिथिका दिन विशेष पूजा हुने पर्व हो । संस्कृत भाषाको षष्ठी शब्दबाट 'छठ' शब्द बनेको हो । षष्ठी शब्दबाट अपभ्रंश भएर छट्ठी, छठी, छइठ, छैठ, छठ शब्दहरू बनेका छन् । यी सबै शब्दले छठ पर्वलाई नै बुझाउँछन् । तीमध्ये छठी, छैठ, छठ बढी चल्तीका शब्द हुन् । यस पर्वका इष्टदेवलाई सुरज बाबा र छठीमाई भनेर पुरुष एवम् स्त्री दुवैलाई जनाउने शब्दले पुकार्दछन् । छठमा सूर्यदेव र भगवती छठीमाईको पूजा आराधना हुन्छ । यस पर्वमा सूर्यदेवको पूजा र छठीमाईको भजन कीर्तन गर्ने चलन रहेको छ । छठको व्रतले शारीरिक आरोग्य र मनोकामना पूरा हुने धार्मिक आस्था रहेको छ । यस पर्वमा घरबाहिर रहेका सबै सदस्यहरू घरमा भेला हुन्छन् । आफ्नो परिवारका ज्येष्ठ र स्वस्थ महिलाको नेतृत्वमा व्रत लिन्छन् । आफ्ना पति, छोराछोरी, नाति नातिना आदिको सुखशान्ति र भलाइका लागि व्रत बस्ने चलन छ । मुख्य व्रतालुलाई परिवारका अरू सदस्यहरूले आवश्यक सहयोग पुऱ्याउँछन् । इच्छा भएर पनि व्रत बस्न नसकेको अवस्थामा त्यसको सट्टामा अरूले पनि व्रत बस्ने परम्परा रहेको छ ।

छठ वैदिक कालदेखि नै मनाइँदै आएको पर्व हो भन्ने जनविश्वास छ । पाण्डवहरूले वनवास कालमा एक वर्षको गुप्तवासको सफलताका लागि सूर्यको आराधना गरेका थिए । त्यसलाई सत्य मान्ने हो भने छठ द्वापर युगदेखि सुरु भएको थियो । सूर्य पुराणका अनुसार कार्तिक शुक्ल षष्ठीमा दन व्रतालुले नुहाएर शाकाहारी भोजन गर्नुपर्छ । मैथिली भाषामा त्यसलाई 'नहा खाए' भन्दछन् । पञ्चमीमा व्रतालुहरू दिनभरि उपवास बस्छन् । साँझपख नयाँ चुलोमा आफैँले खिर र पुरी

शुक्ल पक्ष : चन्द्रमाको कला बढ्दै जाने पक्ष, पूर्णिमा पक्ष
अपभ्रंश : बिग्रेको, परिवर्तन भएको
इष्टदेव : प्रिय देवता, परम्परादेखि पुजिएका देवता
सुरज बाबा : सूर्य
आराधना : प्रार्थना
आरोग्य : निरोगी अवस्था
मनोकामना : मनको इच्छा
नेतृत्व : अगुवाइ
व्रतालु : व्रत बस्ने
वैदिक काल : वेद निर्माणको समय
गुप्तवास : लुकेर बसेको वास
द्वापर युग : चार युगमध्ये तेस्रो युग
सूर्य पुराण : सूर्यलाई मुख्य मानेर लेखिएको प्राचीन ग्रन्थ
शाकाहारी : सागपात, फलफूल आदि खाने माछामासु नभएको भोजन गर्ने
नहा खाए : नुहाएर खाने
उपवास : केही नखाई लिइने व्रत, निराहार

पकाउँछन् । घरको पूजाकोठामा केराका पातमा पक्वान्न र फलफूलहरू राख्छन् । त्यहीँ छठीमाईको पूजा गर्छन् । पूजापछि व्रतालुले चढाएको प्रसाद परिवारका सदस्यहरूलाई दिन्छन् र आफूले पनि खान्छन् । छठको यो दोस्रो दिनलाई खरना भन्छन् ।

षष्ठी तिथि छठको मुख्य दिन हो । यस दिन बिहानैदेखि पूजा सामग्री तयार गरिन्छ । यिनमा अत्यन्त मिठा परिकार ठेकुवा र भुसुवा मुख्य मानिन्छन् । गहुँको पिठोमा सक्खर र घिउ मुछेर ठेकुवा (एक प्रकारको रोटी) पकाइन्छ । चामलको पिठोमा सक्खर र घिउ मिसाएर भुसुवा (लड्डु) बनाइन्छ । केरा, उखु, मेवा, नरिवल (जटासहित) मुला, बेसार आदि मौसमी फलफूल र कन्दमूलहरू जम्मा गरिन्छन् । यी सबै सामग्रीहरू बाँसको ढकी, टोकरी वा नाङ्लोमा राखिन्छन् ।

व्रतको तेस्रो दिन अपराह्नमा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाउँछन् । पुरुष सदस्यले पूजा सामग्री बोक्छन् । सबै जनाले भक्ति गीत र भजन गाउँछन् । सबै जना खाली खुट्टा नजिकको घाट, जलाशय वा नदी किनारमा जान्छन् । ठाउँ रोजेर केराको खम्बा र उखुको लाँक्रो माटामा गाड्छन् । दियो र झिलिमिली बत्ती बालेर सिँगार्छन् । केराको फेदमा माटाको हात्ती राखेर पूजा गर्छन् । यसपछि मुख्य व्रतालुका रूपमा रहेका ज्येष्ठ महिलाहरू पूजा सामग्री लिएर जलाशय वा नदीमा पस्छन् । आधा शरीर पानीमा डुबाउँछन् । अस्ताउन लागेको सूर्यतर्फ फर्किन्छन् र हात जोडेर ढोग्छन् । परिवारका सदस्यले व्रतालुको हात एवम् पूजा सामग्रीमा दुध र जल हालिदिन्छन् ।

यसरी अस्ताउँदो सूर्यलाई अर्घ दिन्छन् । षष्ठीको साँझमा दिइने अर्घलाई 'साँझिया अरघ' भनिन्छ ।

साँझमा अर्घ दिएपछि बत्ती बालेर आरती गरी पानीमा बगाउँछन् । पातका बोहोतामा बलेका बत्तीहरू बगाएको दृश्य सारै सुन्दर देखिन्छ । सूर्यास्तपछि त्यस दिनको पूजा समाप्त हुन्छ । यसपछि पूजा सामग्री त्यहीँ राखेर धेरैजसो व्रतालुहरू घर जान्छन् । कतिपय व्रतालुहरू घाट, नदी वा जलाशयको किनारमा नै रातभर भजन गर्दै जाग्राम बस्दछन् । घर गएकाहरू पनि भजन गर्दै जाग्राम बस्छन् ।

पक्वान्न : पकाएको अन्न
अपराह्न : दिनको १२ बजेपछिको समय, दोपहरको समय
लाँक्रो : उखुको बोट
अर्घ : दुध, दही, जल आदि मिसाएर देवतालाई चढाउने पूजा सामग्री
साँझिया अरघ: साँझमा दिने अर्घ
आरती : देवताको पूजापछि बत्ती बालेर घुमाउने काम

घर गएका व्रतालुहरू सप्तमीका दिन बिहान फेरि घाट, नदी किनार वा जलाशयमा फर्किन्छन् । त्यहीँ राखेको पूजा सामग्री लिन्छन् र उदाउँदो सूर्यलाई अर्घ दिन्छन् । बिहान दिने अर्घलाई 'भोरुकवा अरघ' भनिन्छ । त्यसपछि छठ माताको कथा वाचन हुन्छ । यसरी छठको पूजा समाप्त हुन्छ । पूजापछि प्रसाद घरमा लगेर सबैले बाँडेर खान्छन् ।

गरिब र भाकल गरेकाहरूले मागेर पनि पूजा सामग्री जुटाउँछन् र पूजा गर्छन् । भाकल गर्ने कोही व्रतालु पुरुषहरू घरदेखि पूजास्थलसम्म साष्टाङ्ग दण्डवत् गर्दै जान्छन् । कोही पूजास्थलमा मात्र साष्टाङ्ग दण्डवत् गर्दै घस्रन्छन् । कोही भाकलबमोजिम पूजा अवधिभर जलभित्र उभिएर रहन्छन् र सूर्यलाई अर्घ दिन्छन् ।

छठ पर्वमा रमाइलो मेला लाग्छ । मेलामा लोक गीत र भजन गाउँदै, थरी थरीका बाजा बजाउँदै नाचगान पनि गर्छन् । वातावरण अत्यन्त मनोरम हुन्छ ।

तराई मधेसमा मैथिली, भोजपुरी, अवधी र थारु भाषी नेपालीहरूको ठुलो समुदाय रहेको छ । उनीहरूले पहिलेदेखि नै छठ मनाउँदै आएका थिए । अहिले पहाडिया हिन्दुहरू र गैरहिन्दुहरू पनि सूर्य उपासनाको यस पर्वमा सहभागी हुन थालेका छन् । विशेषत: पूर्वी तथा मध्य तराईमा प्रचलित यो पर्व हिजोआज काठमाडौँ, पोखरा जस्ता सहरमा पनि मनाउन थालिएको छ ।

छठको अवसरमा परिवारका सदस्यहरू मूल घरमा जम्मा हुन्छन् । पारिवारिक मिलन हुन्छ । यस पर्वमा अस्ताउँदो सूर्यलाई अर्घ दिनुको आशय विगतप्रति कृतज्ञता व्यक्त गरेको मानिन्छ । उदाउँदो सूर्यलाई अर्घ दिनुको अर्थ वर्तमान र भावी जीवनको सफलताको कामना मानिन्छ । छरछिमेकमा शुभकामना आदानप्रदान गर्दा पनि यही भाव राखिन्छ । यसरी पारिवारिक र सामाजिक सद्भाव वृद्धिमा छठको ठुलो योगदान रहेको छ ।

सूर्य पूजकहरूमा छुवाछुतको भावना हुँदैन । धेरै जाति, धर्म र समुदायका मानिसहरू एकै थलोमा बिना भेदभाव सहभागी हुन्छन् । छठले विभिन्न धर्म, समुदाय र जातिलाई जोड्ने सेतुको काम गरेको छ । यस पर्वले सांस्कृतिक एकताको सन्देश प्रवाहित गरेको छ ।

घाट	:	नदी, ताल आदि पानी भएको ठाउँसम्म पुग्न सकिने सुगम स्थान, नदीको दायाँबायाँको किनार
जलाशय	:	पानीको आश्रय स्थल, पानी भएको ठाउँ
भाकल	:	कुनै कामको सफलताका लागि देवीदेवतालाई गरिने कबुल
साष्टाङ्ग दण्डवत्	:	शिर, हात, गोडा, हृदय, आँखा, तिघ्रा, मन र वचन आठ अङ्गले भुइँ छोएर लट्ठी जस्तै तेर्सिएर गरिने प्रणाम

मनोरम : मन लोभ्याउने, मनोहर

गैरहिन्दु : हिन्दुबाहेक

उपासना : पूजा, आराधना

विगत : बितेको समय

कृतज्ञता : अरूको सहयोग वा परोपकारप्रति आभारी हुने अवस्था, आभार

भावी : भविष्यको, आगामी

सामाजिक सद्भाव : समाजमा एकअर्काप्रति दर्साइने राम्रो भावना

सूर्य पूजक : सूर्यलाई पूजा गर्ने

सेतु : पुल

सांस्कृतिक एकता : संस्कृतिले एक बनाएको अवस्था

सन्देश : खबर, समाचार

प्रवाहित : प्रचार प्रसार

अभ्यास

१. एक एक वाक्यमा उत्तर भन :

(क) छठ कसले मनाउने पर्व हो ?

(ख) छठ शब्द कसरी बनेको हो ?

(ग) छठमा कुन कुन देवताको पूजा हुन्छ ?

(घ) छठमा कसको नेतृत्वमा पूजा हुन्छ ?

(ङ) छठमा कुन कुराको बढी ख्याल गरिन्छ ?

(च) छठको मुख्य व्रत कति दिनको हुन्छ ?

(छ) सूर्यलाई अर्घ दिँदा राख्नै पर्ने मुख्य सामग्रीहरू के के हुन् ?

२. जोडा मिलाऊ :

व्रतको शुभारम्भ	सँझिया अरघ
व्रतको दोस्रो दिन	भोरुकवा अरघ
व्रतको मुख्य दिन	नहा खाए
व्रतको अन्तिम दिन	खरना

३. पाठबाट उपयुक्त शब्द खोजेर खाली ठाउँ भर :

(क) व्रतको दोस्रो दिन साँझमा .....पूजा हुन्छ ।

(ख) व्रतको तेस्रो दिन .....मा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाउँछन् ।

(ग) छठका दिन .....हरू रातभर जाग्राम बस्दछन् ।

(घ) व्रतको अन्तिम दिन छठ माताको .....पछि पूजा समाप्त हुन्छ ।

(ङ) हिजोआज ..... पनि सूर्य उपासनाको पर्वमा सहभागी हुन थालेका छन् ।

(च) सूर्य पूजकहरूमा ..... को भेदभाव हुँदैन ।

४. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) छठको विशेषता कुन होइन ?

(अ) पारिवारिक मिलन

(आ) छिमेकी र आफन्तहरूसँग शुभकामना आदानप्रदान

(इ) ज्येष्ठ महिला सदस्यहरूको नेतृत्वमा व्रत र पूजा

(ई) सबै धर्म मान्नेहरूको समान आस्था

(ख) छठ सांस्कृतिक एकताको पर्व हुने मुख्य आधार कुन हो ?

(अ) छुवाछुतको भावना नहुनु

(आ) धेरै जाति र समुदायका मानिसहरू सहभागी हुनु

(इ) सद्भाव बढाउनु

(ई) सबै व्रतालुहरू प्रकृति पूजक हुनु

(ग) अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिनुको आशय के हो ?

(अ) छठको व्रतले परिवारका सदस्यहरूको शारीरिक आरोग्य रहेकामा कृतज्ञ हुनु

(आ) छठको व्रतले परिवारका सदस्यहरूको मनोकामना पूरा भएकामा धन्यवाद प्रकट गर्नु

(इ) जीवनको विगतप्रति कृतज्ञता र वर्तमानमा सफलताको कामना गर्नु

(ई) सबै जातजाति मिलेर बस्न पाएकामा गौरव गर्नु

५. उत्तर लेख :

(क) छठप्रति व्रतालुहरूको कस्तो आस्था रहेको हुन्छ ?

(ख) छठ कहिलेदेखि प्रारम्भ भएको मानिन्छ ?

(ग) छठमा पवित्रताको कुन कुन पक्षमा बढी ख्याल गर्नुपर्छ ?

(घ) छठका दिन गरिने क्रियाकलापहरू के के हुन् ?

(ङ) छठको मुख्य व्रत बस्ने विधिको वर्णन गर ।

(च) छठ कसरी सांस्कृतिक एकताको पर्व बनेको छ ?

६. भावविस्तार गर :

छठले विभिन्न धर्म, समुदाय र जातिलाई जोड्ने सेतुको काम गरेको छ ।

७. छठका मुख्य विशेषताहरू के के हुन्, दश वाक्यमा लेख ।

शब्दभण्डार

८. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : स्वस्थ . अस्वस्थ

स्वस्थ शाकाहारी आवाहन मिलन विगत

मांसाहारी वर्तमानअस्वस्थ विसर्जन बिछोड

९. तल्लो हरफका शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : केरा = थम्बा

केरा उखु आँप मकै फर्सी

रुख थम्बा लाँक्रो झाल बोट

१०. धर्म + इक = धार्मिक जस्तै बनोट भएका पाँच शब्द पाठबाट खोजेर लेख ।

११. तलका शब्दको अर्थ भन :

जाग्राम, कन्दमूल, वनवास, समुदाय, पुकार्नु, कामना

१२. अर्थ खुल्ने गरी वाक्य बनाऊ :

पक्वान्न, आराधना, व्रतालु, उपवास, अपराह्न, कृतज्ञता

उच्चारण र हिज्जे

१३. कक्षामा 'सांस्कृतिक एकताको पर्व : छठ' प्रबन्ध पालैपालो पढेर सुनाऊ र साथीले पढेको पनि सुन ।

१४. शुद्धसँग उच्चारण गर र कापीमा सार :

ल्होसार धर्मावलम्बी शुक्ल पक्ष अपभ्रंश अपराह्न

व्रतालु साष्टाङ्ग दण्डवत् गुप्तवास कृतज्ञता

१५. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
इस्टदेब्	इष्टदेव	क्रिस्मस्	क्रिसमस
नेत्रित्त्व	नेतृत्व	बैदिक्	वैदिक

साम्स्क्रितिक्	सांस्कृतिक	भासिक्	भाषिक
जिबन्	जीवन	बिगत्	विगत

१६. पाठको चौथो अनुच्छेद शिक्षकबाट सुनेर लेख :

१७. पाठको पहिलो अनुच्छेद कापीमा सार :

कार्यमूलक व्याकरण

१८. उदाहरण हेरेर तलका वाक्यलाई सामान्य भूत र सामान्य भविष्यत् कालमा परिवर्तन गर :

व्रतको तेस्रो दिन अपराह्नमा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाउँछन् । पुरुष सदस्यले पूजा सामग्री बोक्छन् । व्रतालु ज्येष्ठ महिलाको नेतृत्वमा सबै जनाले भक्ति गीत गाउँछन् । जलाशय नजिकै ठाउँ रोजेर केराको थम्बा र उखुको लाँक्रो माटामा गाड्छन् । पूजा गर्ने ठाउँलाई दियो र झिलिमिली बत्ती बालेर सिँगार्छन् । केराको फेदमा माटाको हात्ती राखेर पूजा गर्छन् ।

उदाहरण : व्रतको तेस्रो दिन अपराह्नमा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाउँछन् ।

सामान्य भूत : व्रतको तेस्रो दिन अपराह्नमा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाए । सामान्य भविष्यत् : व्रतको तेस्रो दिन अपराह्नमा परिवारका सबै सदस्यहरूले नयाँ लुगा लगाउनेछन् ।

१९. तलका वाक्यहरू पढ र पूर्ण पक्षबारे बुझ :

(क) तराईमा मैथिली, भोजपुरी, अवधी र थारु भाषाभाषी नेपालीहरूको ठुलो समुदाय रहेको छ ।

(ख) उनीहरूले पहिलेदेखि नै छठ मनाउँदै आएका थिए ।

(ग) पहाडिया हिन्दु तथा गैरहिन्दुहरू पनि सूर्य उपासनाको यस पर्वमा सम्मिलित हुन थाले का छन् ।

(घ) यो परम्परा युगौँयुगसम्म चलेको हुने छ ।

माथिका वाक्यमा रहेको छ, आएका थिए, थालेका छन्, चलेको हुने छ पूर्ण पक्षका क्रियापद हुन् । तीमध्ये रहेको छ, थालेका छन् पूर्ण वर्तमान कालका क्रियापद हुन् ।

आएका थिए पूर्ण भूत जनाउने क्रियापद हो । चलेको हुने छ चाहिँ पूर्ण भविष्यत् जनाउने क्रियापद हो ।

(क) पूर्ण भूत र पूर्ण वर्तमान पक्षका क्रियापदको प्रयोग गरी सात वाक्यमा आफू गएको वनभोजको वर्णन गर ।

(ख) पाठबाट पूर्ण पक्ष बुझाउने पाँचओटा क्रियापद खोजेर लेख ।

२०. पढ, बुझ र गर :

(क) व्रतालुहरूले छठका दिन बिहानैदेखि पूजा सामग्री तयार गर्छन् ।

(ख) छठका दिन बिहानैदेखि पूजा सामग्री तयार गरिन्छ ।

माथिको वाक्य (क) मा 'व्रतालुहरूले' कर्ताअनुसार क्रियापद रहेको छ । त्यसैले यो वाक्य कर्तृवाच्य हो । वाक्य (ख) मा 'पूजा सामग्री' कर्मअनुसार क्रियापद रहेको छ । त्यसैले यो वाक्य कर्मवाच्य हो ।

तलका वाक्यहरूलाई माथिको उदाहरण हेरेर कर्तृवाच्यमा परिवर्तन गर :

छठका दिन बिहानैदेखि पूजा सामग्री तयार गरिन्छ । यिनमा अत्यन्त मिठा परिकार ठेकुवा र भुसुवा मुख्य मानिन्छन् । गहुँको पिठोमा सक्खर र घिउ मुछेर ठेकुवा पकाइन्छ । चामलको पिठोमा सक्खर र घिउ मिसाएर भुसुवा (लड्डु) बनाइन्छ । केरा, उखु, मेवा, नरिवल, मुला, बेसार आदि मौसमी फलफूल र कन्दमूलहरू जम्मा गरिन्छन् । यी सबै सामग्रीहरू बाँसको ढकी, टोकरी वा नाङ्लोमा राखिन्छन् ।

२१. पढ र बुझ :

(क) व्रतालुहरूले प्रसाद बाँड्छन् र आफूले पनि प्रसाद खान्छन् ।

(ख) पाण्डवहरूले सूर्यको पूजा गरेका थिए ।

माथिका वाक्यका व्रतालुहरूले, आफूले, पाण्डवहरूले क्रमशः बाँड्छन्, खान्छन्, गरेका थिए क्रियापदले जनाउने कामको कर्ता (काम गर्ने) भएर आएका छन् । त्यसैले यिनलाई कर्ता भनिन्छ । क्रियापदको कामबाट प्रभावित हुने प्रसाद र पूजा शब्द चाहिँ कर्म हुन् ।

तलका वाक्यहरू पढ र कर्ता र कर्म कारक चिन :

(क) व्रतालुहरूले पूजा सामग्री तयार गरे ।

(ख) पुरुषहरूले पूजा सामग्री बोके ।

(ग) युवाहरूले पूजास्थललाई सिँगारे ।

(घ) केटाकेटीहरूले नाचगान गरे ।

(ङ) बुढाबुढीहरूले छठ गीत गाए ।

(च) सबैले छठ पर्व मनाए ।

(छ) पूजामा व्रतालुले अर्घ दिन्छन् ।

२२. तालिकाबाट वाक्य बनाऊ :

नेपालमा	धेरै	भाषा बोलिन्छन् जातजातिहरू बस्छन् धर्म मान्ने मानिसहरू छन् संस्कृतिहरू छन्	त्यसैले	नेपाल	बहु	जातीय सांस्कृतिक भाषिक धार्मिक	देश हो ।

सिर्जनात्मक अभ्यास

२३. दुई सय शब्दमा नघटाई तिमीलाई मन पर्ने कुनै एक पर्वको बारेमा वर्णन गर ।

४

आन्तरिक पर्यटन

(आज शनिबारको दिन हो । कनकाई माध्यमिक विद्यालयका सात कक्षाका विद्यार्थीहरू वनभोजका लागि कनकाई नदीको दोमुखामा गएका छन् । बिहानको खाजा खाइसकेपछि बुधन सतार, गोपाल राजवंशी, विमला लिम्बु, सुधीर तामाङ, सुलोचना यादव, रोहन सुवेदी, निखिल कार्की, अरविन्द झा, श्याम विश्वकर्मा, शीला कुँवर र ईशा गुप्ता नदी किनारतिर डुल्न जान्छन् । त्यसै बेला उनीहरूका बिचमा आन्तरिक पर्यटनका विषयमा कुराकानी हुन्छ ।)

बुधन : धनुषकोटि धामतिर करिब सय जना मानिस आए नि । के रहेछ आज त्यहाँ ?

विमला : त्यहाँ विशेष केही भएर मानिस आएका होइनन् होला । पर्यटकका रूपमा घुम्ने मानिसहरू आएका होलान् ?

दोमुखा : दुई मुख भएको

धनुषकोटि धाम : दोमुखामा रहेको शिवालय

पर्यटक : देश विदेशका ठाउँहरू घुमफिर गर्ने मानिस

गोपाल : नेपालीहरू काम नपाएर पर्यटक बन्दै हिँड्छन् होला नि ?

निखिल : किन हिँड्दैनन् ? आन्तरिक पर्यटकका रूपमा पनि त आउन सक्छन् । यहाँ मानिसहरू धार्मिक र प्राकृतिक स्थलको अवलोकनका लागि आएका होलान् ।

बुधन : आन्तरिक पर्यटन भनेको के हो नि ?

दोमुखा : दुई मुख भएको

धनुषकोटि धाम : दोमुखामा रहेको शिवालय

पर्यटक : देश विदेशका ठाउँहरू घुमफिर गर्ने मानिस

दोमुखा : दुई मुख भएको

धनुषकोटि धाम : दोमुखामा रहेको शिवालय

पर्यटक : देश विदेशका ठाउँहरू घुमफिर गर्ने मानिस

अरविन्द : देशको एक ठाउँको नागरिक देशभित्रकै अर्को ठाउँमा घुम्न जानु आन्तरिक पर्यटन हो ।

श्याम : यो कुरा तिमीले कसरी जान्यौ ?

अरविन्द : मैले मेरा काका र छिमेकी दाइले पर्यटन वर्षका बारेमा कुरा गरेको सुनेर थाहा पाएको हुँ ।

शीला : यसबारेमा मैले पनि रेडियो एवम् टेलिभिजनबाट अनि गुरुआमा र साथीहरूसँग छलफल गरेर केही कुरा थाहा पाएकी थिएँ ।

ईशा : हाम्रो सानो देशमा घुम्ने ठाउँ नै कहाँ छ र ? अलि बढी पैसा हुनेहरू जेट विमान चढेर विदेशतिर घुम्न जान्छन् । ठिकठिकै पैसा हुनेहरू बस र रेल चढेर घुम्न भारततिर लाग्छन् ।

रोहन : ए ईशा ! तिम्रो बुझाइ त गलत रहेछ हाम्रो मुलुक नक्सामा सानो भए पनि प्राकृतिक सुन्दरता र सांस्कृतिक दृष्टिले **महत्त्वपूर्ण** छ । यहाँ सुन्दर **प्राकृतिक दृश्यावली** हेर्ने हजारौँ ठाउँ छन् । सांस्कृतिक, धार्मिक, **ऐतिहासिक स्थल**हरू पनि धेरै छन् । **नजिकको तीर्थ हेला** गरेर पो पैसावाल नेपालीहरू भारत र अन्य मुलुकतिर लागेका हुन् त ।

प्राकृतिक दृश्यावली : प्रकृतिका विभिन्न सुन्दर दृश्यहरू

ऐतिहासिक स्थल : इतिहाससँग सम्बन्धित ठाउँ

नजिकको तीर्थ हेला : नजिकको महत्त्वपूर्ण व्यक्ति, वस्तु वा ठाउँलाई गरिने बेवास्ता

गोपाल : ए रोहन, तिमीले त निकै महत्त्वपूर्ण कुरा गऱ्यौ नि । यो कुरा तिमीले चाहिँ कसरी थाहा पायौ ?

रोहन : विद्यालयमा गुरुहरूले गरेको छलफल सुनेर, पत्रिका र पुस्तक पढेर, टेलिभिजन हेरेर थाहा पाएको हुँ ।

श्याम : त्यस्ता ठाउँहरू कुन कुन हुन् नि ?

रोहन : ठाउँको नाम भन्न पूर्वबाट सुरु गर्ने कि पश्चिमबाट ?

विमला : जे पनि सधैँ पूर्वबाट मात्र किन नि ? आज चाहिँ पश्चिमबाट सुरु गरौँ न । शीलाको घर डोटी जिल्ला हो । उनलाई उताका ठाउँको नाम थाहा छ । उनै बाट सुनौँ न ।

शीला : मलाई पनि सबै त थाहा छैन । जाने जति भन्छु ल !

अरविन्द : हुन्छ, तिमीले जानेका ठाउँका नामहरू भन न ।

शीला : दार्चुलाको मल्लिकार्जुन, डोटी, बझाङ, बाजुरा र अछाम जिल्लाको सिमानामा पर्ने खप्तड, डडेलधुराको घटाल बाबा र उग्रतारा प्रख्यात ठाउँहरू हुन् । त्यस्तै बैतडीको त्रिपुरासुन्दरी र देहीमाडौँ, डोटीको शैलेश्वरी, बाजुराको बडीमालिका, मुगुको रारा, जुम्लाको सिँजा उपत्यका, डोल्पाको सेफोक्सुन्डो ताल, कञ्चनपुरको शुक्लाफाँटा वन्यजन्तु आरक्ष, कैलालीको घोडाघोडी ताल पनि प्रसिद्ध छन् ।

अरविन्द : यतिका धेरै जानेकी रहिछौ । तिमी आफैँ गए जसरी पो बतायौ त ?

विमला : यतिका ठाउँका नामहरू खरर भन्नु चानचुने कुरा हो र ?

शीला : हिजो बुबाले राजवंशी काकालाई भन्नुभएको कुरा ध्यानपूर्वक सुनेकी थिएँ । त्यो ताजै भएकाले पनि यी नाम खरर भन्न सकेकी हुँ ।

शीला : खप्तड र देहीमाडौँ प्राकृतिक सौन्दर्यका दृष्टिले धेरै सुन्दर ठाउँ हुन् रे ।

श्याम : खप्तड त सारै रमणीय रहेछ । मैले पनि टिभीमा हेरेको थिएँ ।

महत्त्वपूर्ण : कुनै कुरो ठुलो वा महान् हुने स्थिति वा अवस्था

पर्यटकीय स्थल : पर्यटनका लागि प्रसिद्ध ठाउँ

चानचुने : साधारण, सानोतिनो, मामुली

बुधन : पश्चिम पहाडका धेरै ठाउँ थाहा पाइयो । त्यसै गरी अन्य प्रसिद्ध ठाउँहरू पनि सुनौँ न । ईशाको घर त नेपालगन्ज हो । त्यताको त तिमीले जान्दछ्यौ होला नि ?

ईशा : कहीँ गएकी छैन । मैले पनि सुनेकै कुरा त गर्ने हो नि ?

गोपाल : हुन्छ, भन न । पछि हामी सबै मिलेर भ्रमण गरौँला नि, हुन्न ?

ईशा : दैलेखको ज्वालादेवी, प्युठानको स्वर्गद्वारी, बर्दियाको ठाकुरद्वारा र सुर्खेतको बुलबुले ताल, अर्घाखाँचीको सुपादेउराली मैले सुनेका मुख्य ठाउँहरू त यत्ति हुन् ।

सुलोचना : मलाई त अझै अन्य **दर्शनीय** ठाउँहरू पनि थाहा पाउन मन लाग्यो ।

गोपाल : कतिपय ठाउँहरू त तिमी नै जान्दछ्यौ होला, भन न !

सुलोचना : केही ठाउँहरूको नाम सुनेकी र केही ठाउँहरू त पुगेकी पनि छु ।

बुधन : जानेका ठाउँहरूको नाम भनेर हामीलाई पनि जान्ने बनाइदेऊ न त ।

सुलोचना : रुपन्देहीको लुम्बिनी, पर्साको वाल्मीकि आश्रम, बाराको गढीमाई, धनुषाको जानकी मन्दिर, सप्तरीको छिन्नमस्ता, चितवनको देवघाट प्रख्यात छन् ।

सुधीर : म त तिमीहरूको कुरा सुनेर अक्क न बक्क भएँ । तिमीहरूलाई त धेरै ठाउँको बारेमा थाहा रहेछ ।

निखिल : कुन ठाउँको के महत्त्व छ ? त्यो थाहा छैन । नाम मात्र भनेर के गर्नु ?

सुधीर : ठाउँको नामसम्म थाहा पाएपछि प्रत्येक ठाउँको महत्त्व बिस्तारै बुझ्दै गरौँला नि ? अबको पालो निखिलकै जस्तो छ । लौ निखिल भन त !

निखिल : पर्वत, गुल्मी र स्याङ्जाको सङ्गममा रहेको सेतीवेनी तीर्थ, मुस्ताङको मुक्तिनाथ प्रसिद्ध ठाउँ हुन् । कास्कीको पोखरामा रहेको फेवाताल, पातले छाँगो, महेन्द्र गुफा पनि प्रख्यात छन् । काठमाडौँ उपत्यकाका पशुपतिनाथ, स्वयम्भू, दक्षिणकाली, काठमाडौँ, भक्तपुर र ललितपुरका दरबार क्षेत्रहरू चर्चित छन् । रसुवाको गोसाइँकुण्ड, काभ्रेपलान्चोकका बनेपा, पनौती, नमोबुद्ध र पलान्चोक भगवती पनि प्रसिद्ध छन् । अँ अँ.... खोइ, म त अलमलिएँ । अरू कसैले बाँकी ठाउँहरू भन ल !

दर्शनीय : हेर्न लायक

सुधीर : खोटाङको हलेसी, दोलखाको भीमेश्वर एवम् कालिन्चोक मन्दिर र जिरी प्रसिद्ध छन् । सोलुखुम्बुको नाम्चे र खुम्बु क्षेत्र पर्यटकीय दृष्टिले रमणीय छन् । सुनसरीको पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा र वराह क्षेत्र पनि नामी ठाउँ हुन् । भोजपुरको ट्याम्के लेक, दिङ्ला र साल्पापोखरी, सङ्खुवासभाको सभापोखरी उत्तिकै राम्रा छन् । तेरथुमको मिल्के डाँडो, इलामको कन्याम र माईपोखरी तथा ताप्लेजुङको पाथीभरा मुख्य स्थल हुन् ।

बुधन : तिमीहरूले त करेसाबारीको वर्णन गरे जस्तो खरर भन्यौ । मलाई त देशभरका नाम यसरी भन्दा त अचम्मै लाग्यो ।

सुधीर : अचम्म मान्नुपर्दैन तिमीहरूले । म, निखिल, सुलोचना र शीलालाई सामाजिक शिक्षा पढाउने गुरुआमाले यसै विषयमा **परियोजना** गराउनुभएको थियो र भन्न सक्यौँ । नभए हामी पनि तिमीहरू जस्तै थाहा नपाउने हुन्थ्यौँ ।

विमला : ए ! त्यसो भए तिमीहरूलाई आन्तरिक पर्यटनका फाइदा पनि थाहा होला । त्यो पनि भन न ।

सुधीर : ए ! निखिल तिमी भनिदेऊ न ।

निखिल : प्राकृतिक दृष्टिले सुन्दर ठाउँहरूको भ्रमणले फुर्ती, **प्रेरणा** र **मनोरञ्जन** प्राप्त हुन्छ । भ्रमण गरेका ठाउँको संस्कृति, इतिहास र भूगोलको जानकारी मिल्छ । त्यस ठाउँको विशेषता थाहा पाइन्छ । व्यापार पनि बढ्छ । यस्तै फाइदा त हुन् नि ।

गोपाल : व्यापार चाहिँ कसरी बढ्छ नि ?

सुलोचना : त्यहाँ के चाहिन्छ र के पाइन्छ भनेर थाहा पाउनेहरूले बिक्री हुने सामान लिएर जान्छन् । त्यहाँ पाइने सामानहरू किनेर ल्याउँछन् । थाहा नपाई जानेहरूले पनि त्यहाँ चाहिने कुरा थाहा पाउँछन् । फाइदा हुने भए **व्यापारिक उद्देश्य**ले फेरि फेरि आउजाउ गर्छन् ।

शीला : खास ठाउँमा पाइने घरेलु सामानको बिक्री बढ्यो भने उत्पादन पनि बढ्छ । **उत्पादित** सामान बेच्दा उनीहरूलाई आर्थिक फाइदा हुन्छ । देशको एक कुनाको सामान अर्को कुनामा र एक कुनाको रुपियाँ अर्को कुनामा पुग्छ ।

अरविन्द : अरू के के फाइदा हुन्छ नि ?

व्यापारिक उद्देश्य : व्यापार गर्ने लक्ष्य

उत्पादित : उत्पादन गरिएको

सुधीर : नेपाल बहुजातीय देश हो । एक जातिको मानिस अर्को जातिको बसोबास भएको ठाउँमा जान्छ । त्यस जातिको भाषा, भेस, खानपान, चाडपर्व, रीतिरिवाज आदिबारे थाहा हुन्छ । यस्तो भ्रमणले एक अर्कामा चिनारी बढाउँछ र सद्भाव बढ्छ । चिनारी र सद्भावले सबै नेपाली एक हौँ भन्ने भावना बढाउँछ ।

रोहन : अरू पनि केही छ कि ?

निखिल : यो ठाउँको विशेषता यस्तो छ भन्ने थाहा भएमा ठाउँअनुसारको विकास योजना बनाउन सजिलो हुन्छ । योजना लागु भएपछि विकासको प्रतिफल त्यहाँका मानिसहरूले उपभोग गर्न पाउँछन् ।

गोपाल : अरू पनि छ कि ?

शीला : एक ठाउँको मानिसले अर्को ठाउँमा भ्रमण गर्दाका अरू पनि फाइदाहरू छन् ।

गोपाल : के के छन् ? भन न त ।

शीला : नेपालका प्राकृतिक, ऐतिहासिक एवम् धार्मिक स्थलहरूको प्रचारप्रसार हुन्छ । यस्तो प्रचारप्रसार भएपछि नेपालको आन्तरिक पर्यटनको राम्ररी विकास हुन्छ ।

विमला : तिमीहरूले यतिका कुरा चाहिँ कसरी जान्यौ नि ?

निखिल : अघि सुधीरले भनेको होइन, हामीले परियोजना कार्य गरेका थियौँ भनेर ?

विमला : ए हो त नि । म त कस्तो बिर्सुवा ! सुधीरले भनेका थिए त !

बुधन : आजको छलफलले फाइदा भयो ।

ईशा : छलफल होइन बुधन, वनभोज फाइदाजनक भयो भन न ।

(सबैले हो हो भन्छन् । त्यही बेला अरू साथीहरूले उनीहरूलाई बोलाउँछन् । सबै जना वनभोज स्थलतिर जान्छन्)

बहुजातीय : धेरै जात भएको
भेस : पहिरन
रीतिरिवाज : परम्परादेखि चलिआएको चालचलन
सद्भाव : राम्रो भावना
विशेषता : विशेष गुण
विकास योजना : विकास निर्माणका लागि गरिने योजना

लागु : व्यवहारमा उतार्ने काम
प्रतिफल : उपलब्धि
उपभोग : उपयोग, भोग चलन
प्रचारप्रसार : व्यापक रूपमा फैलाउने काम
फाइदाजनक : फाइदा दिने

अभ्यास

१. पाठका पात्रहरू बनेर 'आन्तरिक पर्यटन' संवाद हाउभाउसहित पढेर सुनाऊ ।

२. उत्तर भन :

(क) कुन विद्यालयका विद्यार्थीहरू वनभोज खान गएका हुन् ?

(ख) नदी किनारतिर डुल्न कति जना गए ?

(ग) उनीहरूका बिचमा कुन विषयमा कुरा भयो ?

(घ) संवादको थालनी कसरी भयो ?

३. पाठका आधारमा ठिक बेठिक छुट्याऊ :

(क) प्राकृतिक सुन्दरताका दृष्टिले खप्तड अत्यन्त रमणीय ठाउँ हो ।

(ख) शीलाको घर सुदूर पश्चिमाञ्चलको अछाम जिल्ला हो ।

(ग) प्राकृतिक दृष्टिले सुन्दर ठाउँहरूको भ्रमणले घमन्ड बढ्छ ।

(घ) आन्तरिक पर्यटनले एक अर्कामा चिनारी गराई सद्भाव बढाउँछ ।

४. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) आन्तरिक पर्यटनको फाइदा कुन होइन ?

(अ) फुर्ती, प्रेरणा र मनोरञ्जन प्राप्त हुने

(आ) एक अर्कामा चिनारी र सद्भाव बढाउने

(इ) गएका ठाउँको विशेषता थाहा पाइने

(ई) कलकारखानाको विकास हुने

(ख) आन्तरिक पर्यटन पाठको मुख्य उद्देश्य के हो ?

(अ) नेपालका मुख्य सांस्कृतिक पर्यटकीय स्थलका बारेमा ज्ञान गराउनु

(आ) नेपालका मुख्य केही प्राकृतिक स्थलका बारेमा ज्ञान गराउनु

(इ) नेपालका मुख्य प्राकृतिक, सांस्कृतिक एवम् धार्मिक पर्यटकीय स्थलका बारेमा ज्ञान गराउनु

(ई) प्राकृतिक, सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक पर्यटकीय स्थलका बारेमा ज्ञान गराउनु

५. पात्र र भनाइका बिचमा जोडा मिलाऊ :

अरविन्द	ठाउँका नाम भन्न पूर्वबाट सुरु गर्ने कि पश्चिमबाट ?
विमला	पश्चिम पहाडका धेरै ठाउँ थाहा पाइयो ।
सुधीर	त्यहाँ पाइने सामानहरू किनेर ल्याउँछन् ।
रोहन	यतिका धेरै जानेकी रहिछ्यौ ।
बुधन	यतिका ठाउँका नामहरू खरर भन्नु चानचुने कुरा हो र ?
सुलोचना	नेपाल बहुजातीय देश हो ।
	वनभोज फाइदाजनक भयो ।

६. छोटो उत्तर लेख :

(क) आन्तरिक पर्यटन भनेको के हो ?

(ख) संवादमा सहभागी विद्यार्थीहरूले नेपालका पर्यटकीय स्थलहरूका बारेमा कसरी जानकारी पाएका रहेछन् ?

(ग) संवादमा तिमीलाई कसको कुरा किन मन पऱ्यो ?

(घ) यस पाठबाट तिमीले सिकेको मुख्य कुरा के हो ?

७. पाठका आधारमा आन्तरिक पर्यटनका फाइदाहरूबारे दस वाक्य लेख ।

शब्दभण्डार

८. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : पूर्व = पश्चिम

पूर्व	विदेश	ताजा	आन्तरिक
स्वदेश	बाह्य	पश्चिम	बासी

९. तल्लो हरफका उस्तै उस्तै अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा सार :

स्थल	अचम्म	मानिस	भ्रमण	मुलुक	फाइदा
अनौठो	राष्ट्र	ठाउँ	लाभ	मानव	घुमाइ

१०. तलका शब्दको अर्थ भन :

अवलोकन, नक्सा, सुदूर, चिनारी, इतिहास, भूगोल, संस्कृति

११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

मनोरञ्जन, पर्यटक, नजिकको तीर्थ हेला, प्राकृतिक, दृश्यावली, अक्क न बक्क हुनु

उच्चारण र हिज्जे

१२. शुद्धसँग उच्चारण गर :

महत्त्वपूर्ण, पर्यटकीय, दृश्यावली, पश्चिमाञ्चल, मल्लिकार्जुन, शैलेश्वरी, सिँजा उपत्यका, स्वर्गद्वारी, फोक्सुन्डो, शुक्लाफाँटा वन्यजन्तु आरक्ष, वाल्मीकि, स्वयम्भू, पिण्डेश्वर, मनोरञ्जन

१३. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ
कुन्ड	कुण्ड
पिन्डेस्वर्	पिण्डेश्वर
मनोरन्जन्	मनोरञ्जन
पस्चिमान्चल्	पश्चिमाञ्चल

१४. पाठ हेरेर सच्याऊ :

ऐतिहाशिक, पर्येटन, पर्तिफल, व्यापारीक, आस्रम, ठाकुरद्धारा, भर्मण, परीयोजना, बिषेसता, प्रेरना

१५. तलको गद्यांश राम्रा अक्षरमा कापीमा सार :

खोटाङको हलेसी, दोलखाको भीमेश्वर एवम् कालिन्चोक मन्दिर र जिरी प्रसिद्ध छन् । सोलुखुम्बुको नाम्चे र खुम्बु क्षेत्र पर्यटकीय दृष्टिले रमणीय छन् । सुनसरीको पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा र वराह क्षेत्र पनि नामी ठाउँ हुन् । भोजपुरको ट्याम्के लेक, दिङ्ला र साल्पापोखरी, सङ्खुवासभाको सभापोखरी उत्तिकै राम्रा छन् । तेरथुमको मिल्के डाँडो, इलामको कन्याम र माईपोखरी तथा ताप्लेजुङको पाथीभरा मुख्य स्थल हुन् ।

कार्यमूलक व्याकरण

१६. तलका वाक्यहरू पढेर नाम शब्दहरू टिप र मानिसका नाम तथा अन्य वस्तुका नाम छुट्याऊ :

दोमुखाको वनभोजको तयारीमा कामको बाँडफाँड गरिएको थियो । दीपक र सुशीलाहरूको दशशजनाको समूहले स्टोभ, ग्यास, सिलिन्डर, चुलो ल्याएको थियो । नुन, चिनी, तेल, दुध, चिया र मसलाको जिम्मेवारी चित्र गुरुङ, शोभना श्रेष्ठको टोलीले लिएको थियो । तरकारी, पुलाउ र अचार बनाउने सामान श्रेया परियार र जगदीश अग्रवालले ल्याएका थिए । मनोरञ्जनको क्यासेट प्लेयर, चक्का, मादल, फुटबल आदिको प्रबन्ध सुजनले गरे । अन्डा, पाउरोटी, जाम, पानीको व्यवस्था रमिलाले गरिन् । सबै विद्यार्थीहरू आफू खुसी पोसाकमा थिए । सबैले आआफ्नो रुचि, चाहना, इच्छाअनुसार कामको जिम्मेवारी लिएका थिए । खाजा खाइसकेपछि एक समूह जङ्गलतिर, एक समूह खेल मैदानतिर लाग्यो । एक समूह मनोरञ्जन गर्न थाल्यो । एक जमातले नदी

किनारमा गएर संवाद गऱ्यो ।

१७. पढ, बुझ र गर :

मलाई पनि सबै त थाहा छैन । जाने जति भन्छु ल ।

आन्तरिक पर्यटन भनेको के हो नि ?

आज चाहिँ पश्चिमबाट सुरु गरौँ न ।

माथिका गाढा अक्षरका शब्द निपात हुन् । यस्ता निपात अरू पनि छन् । लौ, पो, त, नि, रे, अरे क्यारे, ब्यारे, ल, ला, लौ, नै, न, मात्र, चाहिँ निपात शब्द हुन् । पाठबाट अरू निपात शब्दहरू खोज र वाक्यमा प्रयोग गर ।

१८. तलका वाक्यमा गाढा अक्षरका शब्द हेर र विस्मयादिबोधक शब्दबारे बुझ :

अहो ! तिमीले त आफैँले घुमे जस्तो गरेर सबै ठाउँको नाम भन्यौ नि ।

ज्या ! खप्तडको नाम नै छुटाएछु ।

आहा ! सगरमाथाको दृश्य क्या रमाइलो ?

धत् ! त्यस्तो ठाउँको नाम पनि बिर्सनुहुन्छ ?

माथिका वाक्यमा अहो, ज्या, आहा, धत् शब्द विस्मयादिबोधक हुन् । यस्ता विस्मयादिबोधक शब्द अरू पनि छन् । हो, स्याबास, थुक्क, धिक्कार, ऐय्या, आत्था, आम्मै, छिः, छिःछिः, छू या, उफ् आदि विस्मयादिबोधक शब्द हुन् ।

विस्मयादिबोधक शब्दपछि विस्मयसूचक चिह्न वा उद्‌गार चिह्न (!) को प्रयोग गर्नुपर्छ ।

(क) पाठबाट विस्मयादिबोधक शब्द खोजेर लेख ।

(ख) पाँच ओटा विस्मयादिबोधक शब्द प्रयोग गरेर कुनै रमाइलो विषयको वर्णन गर ।

सिर्जनात्मक अभ्यास

१९. साथीहरूसँगको छलफल र शिक्षकको सहयोगबाट पाठमा वर्णन गरिएका पर्यटकीय स्थलहरूलाई प्राकृतिक, सांस्कृतिक तथा धार्मिक र ऐतिहासिक गरी तीन समूहमा छुट्याऊ :

२०. कुनै एक विषयमा कक्षाका साथी मिलेर हाउभाउसहित संवाद गरेर देखाऊ :

(क) विद्यालयको फूलबारी

(ख) वनभोज खान गएको रमाइलो ठाउँ

(ग) पुस्तकालयको महत्त्व

५ साहित्यकार झमक

हामी हातमा कलम लिएर कापीमा लेख्न सक्छौँ । पुस्तक पल्टाएर **सस्वरवाचन** गर्न सक्छौँ । शिक्षकका प्रश्नको उत्तर तुरुन्तै भन्न सक्छौँ । घरबाट हिँडेर विद्यालय जान र आउन सक्छौँ । हाम्रा शारीरिक अङ्गहरू सबल भएकाले हामीले यस्ता काम सजिलैसँग गर्न सकेका हौँ । कतिपय मानिसका अङ्गहरूमा विविध कारणले विचलन आएका हुन्छन् । त्यसैले उनीहरू हात चलाउन, हिँड्डुल गर्न सक्दैनन् । देख्न, बोल्न र सुन्न पनि सक्दैनन् । तर आफ्नो प्रबल इच्छाशक्ति र साधनाले उनीहरूले असाधारण काम गरेका थुप्रै उदाहरण छन् । आज हामी त्यस्तै एक जना साहित्यकारको बारेमा पढौँ ल ! उनको नाम झमक घिमिरे हो ।

झमकको जन्म वि. सं. २०३७ असार १ गते धनकुटा जिल्लाको कचिँडे गाउँमा भएको हो । पिता श्रीकृष्णबहादुर र माता आशादेवी घिमिरेको प्रथम सन्तानका रूपमा उनले जन्म लिएकी हुन् । जन्मदा उनी अन्य शिशु झैँ देखिन्थिन् तर उनलाई मस्तिष्कीय पक्षाघात जस्तो गम्भीर रोग लागेको रहेछ । यसकै असरले हुर्कँदै जाँदा अरू शिशुसरह उनका हातगोडा सक्रिय हुन सकेनन् ।

सस्वरवाचन	:	स्वर निकालेर अरूले सुन्ने गरी पढ्ने काम
सबल	:	बलियो, सशक्त
प्रबल	:	दरिलो
इच्छाशक्ति	:	कुनै काम गर्ने शक्ति, आत्मबल
साधना	:	लामो समयसम्म एकाग्र भई गरिने अभ्यास, अटुट प्रयास
मस्तिष्कीय पक्षाघात	:	मस्तिष्कका कतिपय तन्तुले केन्द्रलाई सूचना सम्प्रेषण गर्न बाधा भएको अवस्था
कष्टकर	:	कष्ट दिने, दु:खदायी

उनको बोली पनि आएन र उनी बहु अपाङ्गताका अवस्थामा रहन पुगिन् । यस्तो अवस्थाकी शिशु झमकलाई उनकी हजुरआमाले बडो स्नेह र ममतासाथ हुर्काउँदै थिइन् । तिनै हजुरआमा एक दिन घरमा झमक मात्र भएको अवस्थामा अचानक परलोक भइन् । आफैँ हिँड्डुल, दिसापिसाब गर्न र खानसमेत नसक्ने झमकलाई सबै कुरामा अरूको सहयोग चाहिन्थ्यो । यी सबै काम गरेर हुर्काउने स्नेहमयी हजुरआमाको निधनपछि झमकको जीवन झन् कष्टकर बन्यो ।

निम्न वर्गीय किसानका छोराछोरीले पाउने सुविधा भनेको रुखोसुखो खाना, एकसरो नाना र सामान्य शिक्षा हो । उनका भाइबहिनीहरूले पनि खासै सुविधा त पाएका थिएनन् तर जे सुविधा उनीहरूले पाउँथे त्यो पनि झमकले पाइनन् । भाइबहिनी र साथीहरू पढ्न विद्यालय गएको देख्ता उनको मन चसक्क हुन्थ्यो तर उनी मनमा पीडाको खेती गर्दै रुँदै बसिनन् । शारीरिक अशक्तता भए पनि उनमा अद्भुत प्रतिभा र श्रवण शक्ति थियो । यिनकै आडमा प्रबल दृढतासाथ उनले आफैँ अक्षर चिन्ने प्रयास गरिन् ।

प्रथमतः उनले आँखाले हेरेर अक्षरको आकृति आफ्नो दिमागमा राखिन् । मन मस्तिष्कमा भरिएका ती अक्षर लेखेर उनी अरूलाई देखाउन चाहन्थिन् । हात चल्दैनथे, हिँड्डुल गर्न नसक्ने भए पनि गोडा भने चल्थे । त्यसैले उनी गोडाका बुढी औँला र चोरी औँलाले सिन्का च्यापेर धुलामा लेख्ने अभ्यास गर्न थालिन् । एकैचोटिमा प्रयास कहाँ सफल हुन्थ्यो र ? गोडा चले पनि हातले झैँ लेख्न कहाँ सकिन्थ्यो र ? सुरुका प्रयास सफल नभए पनि उनले हिम्मत हारिनन् । धुलो फुकेर 'क' लेख्ने अर्को उपाय निकालिन् । उनले धुलामा टाउको घुमाउँदै फुकेर लेखेको क देखियो । यसरी लेखिएको 'क' अरूलाई पनि देखाउन सफल भइन् । यसपछि उनले शून्यमा टाउको हल्लाउँदै 'क' लेखिन् । त्यो 'क' उनी मात्र देख्थिन् । यसपछि उनले बिस्तारै गोडाका बुढी र चोरी औँलाले च्यापेको सिन्काले धुलामा लेख्ने अभ्यास गरिन् । लेख्दै जाँदा पहिलो शब्द कलम बन्यो । यसरी उनले आफ्नै तरिका, युक्ति, कडा साधना र बलबुताले अक्षर लेख्न सिकिन् ।

रुखोसुखो	:	पर्याप्त पौष्टिक तत्त्व नभएको
एकसरो	:	एकजोर, भित्री नहालेको
पीडाको खेती	:	दुःख उब्जाउने काम, दुःखको खेती
अशक्तता	:	कमजोरी
अद्भुत	:	अनौठो, असाधारण
प्रतिभा	:	सहज ज्ञान, बुद्धि
श्रवण शक्ति	:	सुन्ने शक्ति
प्रथमतः	:	सबैभन्दा पहिले

झमकलाई भाइबहिनीले झैँ कागजमा पेन्सिल वा कलमले लेख्न मन लाग्थ्यो तर उनलाई कसले कागज र पेन्सिल दिन्थ्यो र ? अन्तत: जहाँ इच्छा हुन्छ, त्यहाँ उपाय भने झैँ उनले लेख्ने साधन आफ्नै प्रयासले फेला पारिन् । रातभर घाँसमा परेको शीत बिहान कचौरामा बटुलेर त्यसमा गोडाको बुढी औँला चोपी ढुङ्गामा लेख्न थालिन् । यसो गर्दा गोडाको औँला ढुङ्गामा घोटिएर छरछर्ती रगत बग्थ्यो । उनी यसको परवाह गर्दिनथिन् । उनलाई आफूले लेखेको अरूलाई देखाउनु थियो । यसरी लेखेका अक्षर उनले बहिनी र अरूलाई पनि देखाइन् । दिदीको प्रयासमा बहिनी मीनाले पनि पुराना कापी र पेन्सिल सुटुक्क दिएर बल पुऱ्याउन थालिन् । यसपछि उनी गोडाका बुढी औँला र चोर औँलाले पेन्सिल च्यापेर कापीमा अक्षर लेख्न थालिन् । आफैँले लेखेको कुरा अरूलाई देखाउन सफल भइन् । यसरी आफैँ शिक्षक र आफैँ विद्यार्थी भई अक्षर चिन्ने र लेख्ने काममा उनी सफल भइन् । उनले आफ्नो बहु चर्चित पुस्तक 'जीवन काँडा कि फूल' मा यसको वर्णन गरेकी छन् ।

'जीवन काँडा कि फूल' उनको **आत्म जीवनीपरक** निबन्ध सङ्ग्रह हो । यसमा उनले कष्टपूर्ण बाल्य जीवन र अक्षर चिन्न तथा लेख्न गरेको सङ्घर्षको चित्र उतारेकी छन् । आफ्नो जीवनका तिस वर्षसम्मका अनुभूतिहरूको वर्णन गरेकी छन् । नेपाली सामाजिक **संस्कार** र तिनका खराब पक्षहरूको **पर्दाफास** गरेकी छन् । सामाजिक **विकृति विसङ्गति**माथि कडा प्रहार र सुधारको **शङ्खघोष** गरेकी छन् । आफ्नो बाल्य जीवनको **करुण** कहानी लेखेकी छन् । यो कृति पढ्दा जसका पनि आँखा रसाउँछन् । शिक्षालयमा कहिल्यै पाइलो नहालेकी झमकले लेखेको यो पुस्तक धेरै स्तरीय र बौद्धिक चिन्तनयुक्त छ । वि.सं. २०६७ मा यो कृति प्रकाशित भएपछि उनी राष्ट्रिय स्तरमा नै चर्चित भइन् । उनले विभिन्न पुरस्कार प्राप्त गरिन् । कदरपत्र तथा **नागरिक अभिनन्दन**द्वारा समेत सम्मानित भइन् । तीमध्ये लायन्स क्लब अफ होली सिटी, सिद्धार्थ नगर भैरहवाको आयोजनामा सम्पन्न वि.सं. २०६८ को नागरिक अभिनन्दन अतुलनीय छ ।

अभिनन्दनमा समाजको सबै वर्गका हजारौँ जनताको उत्साहपूर्ण उपस्थिति थियो । सो समारोहमा झमकलाई रथारोहणसहित नगर परिक्रमा गराइएको थियो । उनलाई २ लाख ११ हजार रुपियाँ पुरस्कारस्वरूप प्रदान गरिएको थियो ।

आत्म जीवनीपरक	:	आफ्नो जीवनीसँग सम्बन्धित
संस्कार	:	प्राचीन कालदेखिको चलन र व्यवहार
पर्दाफास	:	खुला रूपमा देखाउने काम, उदाङ्गो पार्ने काम
विकृति	:	खराबी
विसङ्गति	:	अमिल्दो कुरो
शङ्खघोष	:	शङ्खको झैँ टाढासम्म सुनिने आवाज, बुलन्द आवाज
करुण	:	टिठलाग्दो
नागरिक अभिनन्दन	:	देशका नागरिकद्वारा गरिने सम्मान

यसअघि वि.सं. २०६७ मा उनी नेपालमा साहित्यतर्फको नोबेल पुरस्कार मानिने दुई लाख रुपियाँको मदन पुरस्कारबाट पनि पुरस्कृत भएकी थिइन् । यसै वर्ष उनले उत्तम शान्ति पुरस्कार, शङ्कर लामिछाने पुरस्कार तथा पद्मश्री सम्मान पाइन् । यसअगि वि.सं. २०५५ मा उनले कविताराम बाल साहित्य प्रतिभा पुरस्कार पाएकी थिइन् । वि.सं. २०५६ मा उनलाई अस्वीकृत विचार साहित्य पुरस्कार प्रदान गरिएको थियो । त्यसै वर्ष उनलाई क्याप्टेन गोपालप्रसाद जनकल्याण पुरस्कार र अपाङ्ग प्रतिभा पुरस्कार पनि प्रदान गरियो । वि.सं. २०६२ मा उनी डा. विमला वाणी पुरस्कारद्वारा पुरस्कृत भइन् । त्यस्तै वि.सं. २०६३ मा धनकुटा प्रतिभा पुरस्कार र वि.सं. २०६५ मा क्षेत्रीय प्रतिभा पुरस्कारद्वारा पुरस्कृत भइन् । उनलाई वि.सं. २०५७ मा तत्कालीन सरकारले प्रबल गोरखा दक्षिण बाहु (चौथो) उपाधि प्रदान गरेको थियो ।

झमकको पहिलो प्रकाशित कृति 'सङ्कल्प' (कविता सङ्ग्रह, २०५५) हो । त्यसपछि उनका कविता, कथा, निबन्ध सङ्ग्रह गरी आठओटा कृतिहरू प्रकाशित छन् । उनका सङ्कल्पबाहेक तीन कविता सङ्ग्रह छन् । 'आफ्नै चिता अग्निशिखातिर' (२०५७), 'मान्छेभित्रका योद्धाहरू' (२०५७) र 'नौलो प्रतिबिम्ब '(२०६०) उनका महत्त्वपूर्ण कविता सङ्ग्रह हुन् । उनको 'पर्दा, समय र मान्छेहरू' (२०६२) नामक दुईओटा कथा सङ्ग्रह प्रकाशित छन् । त्यस्तै 'बेमौसमका आस्थाहरू' (२०६३) नामक निबन्ध सङ्ग्रह र 'सम्झनाका बाछिटाहरू' (२०५७) नामक लेखहरूको सँगालो प्रकाशित छन् । उनका विविध संस्मरणको अर्को सङ्ग्रह 'अवसानपछिको आगमन' (२०५७) पनि प्रकाशित छ । यसलाई उनले क्वाँटी सङ्ग्रह भनेकी छन् । अहिले पनि विभिन्न पत्रिकामा पनि उनका लेखहरू प्रकाशित भइरहन्छन् । तिस वर्षको उमेरमा नै उनले नेपाली साहित्यलाई यति ठुलो योगदान गरिन् । यो चानचुने कुरो होइन ।

विश्वमा झमकको जस्तै अवस्थाका अन्य चर्चित स्रष्टाहरू पनि छन् । तिनमा आयरल्यान्डका क्रिस्टोफर नोलान एक हुन् । उनले 'अन्डर द आई अफ द क्लक' नामको पुस्तक लेखेका छन् । अरू व्यक्तित्वमा मेरी कक्स वेल्ज, वैज्ञानिक स्टिफन हकिन्स, हेलेन केलर आदिको नाम आउँछ । उनीहरू सम्पन्न र विकसित देशमा जन्मेका थिए । उनीहरू आफ्नो शारीरिक वा इन्द्रियसम्बन्धी अपाङ्गताको बाबजुत विश्वमा अतुलनीय काम गर्न सफल भएका छन् । त्यसैले उनीहरूले बाँच्न, अक्षर चिन्न र लेखपढ गर्न झमकले जस्तो सङ्घर्ष सायदै गर्नुपर्‍यो । तथापि नेपाल जस्तो गरिब देशमा सामान्य किसान परिवारकी उनले जे गरेकी छन्, त्यो पनि विश्वमै अतुलनीय छ ।

नोबेल पुरस्कार : स्विडेनका वैज्ञानिक अल्फ्रेड नोबेलद्वारा स्थापित अन्तर्राष्ट्रिय पुरस्कार
सँगालो : सङ्ग्रह, सङ्कलन
क्वाँटी : विभिन्न विषय, धेरै प्रकारका गेडागुडी मिसाइएको खानेकुरा
योगदान : देन

झमक शारीरिक अपाङ्गता हुँदाहुँदै पनि अथाह क्षमता भएकी व्यक्तित्व हुन् । हिँड्डुल गर्न नसक्ने भएर पनि आफ्ना कृतिमार्फत् देश विदेश **परिभ्रमण** गर्न सक्षम व्यक्तित्व हुन् । उनी त बोली नभएकी **वाग्देवी** हुन् । उनले हातले होइन, गोडाले लेखेर ज्ञान र विद्या दिएकी छन् । पाठकको मन र मस्तिष्कमा **प्रेरणा** र सङ्घर्षको शिक्षा दिएकी छन् । यस्तो अथाह प्रेरणा र सङ्घर्षकी **प्रतिमूर्ति** झमक शारीरिक कमजोरीको सहानुभूतिका रूपमा मदन पुरस्कार पाएकी हुन् भनेर केहीले आलोचना पनि गरे । तर झमकका साहित्यिक रचना अन्य **सबलाङ्ग** र स्तरीय साहित्यकारका कृतिहरूभन्दा कम छैनन् । आफ्नो चर्चित कृति 'जीवन काँडा कि फूल' मा उनी आफैँ भन्छिन्, "शरीर अपाङ्ग हुँदैमा विचार, विवेक र भावना अपाङ्ग थिएन । जुन कुरा अझै मानिसहरूले बुझेनन् ।" त्यस्ता आफैँलाई मात्र पूर्ण ठान्ने र अरूलाई अपूर्ण मान्नेलाई झमकको प्रश्न छ, "अपूर्ण म कि तिमीहरू ? अनि समाजको दृष्टि अपाङ्ग कि म ?" समाज तथा आफ्ना आलोचकलाई यस्तो चुनौती दिने झमक आफैँ भने ज्यादै **सहिष्णु** छिन् ।

आफ्ना आलोचकको सम्मान गर्दै उनी भन्छिन्, "म जत्ति पनि निल्छु आलोचना !" आफ्नो सम्मानमा आयोजित नागरिक अभिनन्दनमा उनले गोडाले लेखेर सुनाउन लगाएकी थिइन्, "मलाई मानवभन्दा माथि राखेर नबुझ्नुस् ।" यसबाट पनि उनको अहङ्कार शून्यता प्रस्टिन्छ ।

अरूका कुरा सुन्ने र बुझ्ने झमक कसैको प्रश्नको जवाफ भने मुखले दिन सक्दिनन् । उनी गोडाका औँलाले लेखेर दोहोरो कुराकानी गर्दछिन् । उनलाई यस अवस्थामा पुऱ्याउन उनको परिवारका तीन नारीको महत्त्वपूर्ण भूमिका छ । ती तीन नारी हुन् : जन्म दिने आमा, हुर्काउने हजुरआमा र सुटुक्क पुराना कापी र पेन्सिल दिने बहिनी मीना । उनले 'जीवन काँडा कि फूल' मा तीनै जनाको भूमिकाको चर्चा गरेकी छन् ।

झमकका नाममा अहिले विभिन्न संस्थाहरू क्रियाशील छन् । उनका जीवनका विभिन्न पक्षहरूको अध्ययन गर्न थालिएको छ । उनका नाममा धनकुटामा झमक घिमिरे साहित्य कला प्रतिष्ठान नामको संस्था गठन गरिएको छ । झमक साहित्यका साथै चित्रकलामा पनि रुचि राख्छिन् । उनले राम्रा राम्रा चित्रहरू पनि तयार गरेकी छन् ।

परिभ्रमण : सबैतिरको भ्रमण

वाग्देवी : सरस्वती

प्रेरणा : उत्साह, हौसला

प्रतिमूर्ति : अर्को रूप, प्रतिमा

सबलाङ्ग : अङ्गहरू दरा भएको

सहिष्णु : सहनशील

अनन्त प्रेरणाकी स्रोत झमक काँडैकाँडाका बिचमा फुलेकी एक सुन्दर फूल हुन् । सङ्घर्ष र साधनाकी पर्याय हुन् । शारीरिक अपाङ्गता भएकाहरूका निम्ति उत्साह र भरोसाका साथ अगि बढ्न घचघच्याउने व्यक्तित्व हुन् । मानव अनन्त सम्भावनाको पुञ्ज हो भन्ने कुराकी दृष्टान्त हुन् । सबैका लागि प्रेरक व्यक्तित्व हुन् । उनले सङ्घर्ष, साहस, धैर्य र साधनाका बलले जीवनलाई काँडाका बिचमा फुलाएकी हुन् । 'जीवनलाई सृष्टिको सुन्दर फूल' भनेर प्रमाणित गर्ने झमक नेपालको राष्ट्रिय गौरव हुन् ।

पुञ्ज : थुप्रो

दृष्टान्त : उदाहरण

राष्ट्रिय गौरव : राष्ट्रको इज्जत

अभ्यास

१. उत्तर भन :

(क) झमकको जन्म कहिले र कहाँ भयो ?

(ख) झमकलाई के रोग लागेको रहेछ ?

(ग) शारीरिक रूपमा अपाङ्गता भएकी झमकमा के के अद्‌भुत कुरा थिए ?

(घ) झमकले गोडाले लेखेको पहिलो शब्द के हो ?

(ङ) झमक ढुङ्गामा केको सहायताले लेख्थिन् ?

(च) झमकलाई पेन्सिल र कापी कसले दिन्थ्यो ?

(छ) झमकले पाएको सबैभन्दा ठुलो पुरस्कार कुन हो ?

(ज) झमकको पहिलो पुस्तकको नाम के हो ?

(झ) झमकको सबैभन्दा बढी चर्चित पुस्तक कुन हो ?

२. झमकले पाएका पुरस्कार र सालको जोडा मिलाऊ :

डा. विमला वाणी पुरस्कार	वि.सं. २०५५
धनकुटा प्रतिभा पुरस्कार	वि.सं. २०५६
क्षेत्रीय प्रतिभा पुरस्कार	वि.सं. २०६३
मदन पुरस्कार	वि.सं. २०६२
कविताराम बाल साहित्य प्रतिभा पुरस्कार	वि.सं.२०६५
प्रबल गोरखा दक्षिण बाहु	वि.सं. २०६७
अपाङ्ग प्रतिभा पुरस्कार	वि.सं. २०५७

३. उत्तर लेख :

(क) झमकको बाल्यकाल कसरी बित्यो ?

(ख) झमकले अक्षर चिन्ने र लेख्ने प्रयास कसरी गरिन् ?

(ग) 'जीवन काँडा कि फूल ?' कस्तो कृति हो ?

(घ) झमकले साहित्यका कुन कुन विधामा कलम चलाएकी छन् ?

(ङ) झमकका प्रकाशित कृतिहरू कुन कुन हुन् ?

(च) झमकले पाएका महत्त्वपूर्ण पुरस्कार कुन कुन हुन् ?

(छ) झमकलाई नेपाल सरकारबाट के प्राप्त भयो ?

(ज) उनलाई काँडाका बिचमा फुलेकी फूल किन भनिएको हो ?

(झ) तिमीलाई झमकका जीवनीको कुन कुरा बढी महत्त्वपूर्ण लाग्यो ?

(ञ) झमकको जीवनीबाट लिने प्रेरणा के हो ?

शब्दभण्डार

४. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : प्रबल = दुर्बल

प्रबल	प्रथम	अशक्त	पुरस्कार	अपाङ्ग	आलोचना
शक्तिशाली	दण्ड	दुर्बल	अन्तिम	सराहना	सबलाङ्ग

५. तल उस्तै उस्तै अर्थ हुने शब्दहरू छ्यासमिस पारेर राखिएका छन्। तिनलाई खोजेर उदाहरणमा देखाए जस्तै गरी लेख :

उदाहरण : सँगालो = सङ्कलन

सँगालो	सन्तान	देश	सङ्कलन	योगदान	सन्तति	विश्व	वर्णन
मुलुक	हिम्मत	निधन	संसार	बयान	देन	आँट	मृत्यु

६. तलका शब्दका एकभन्दा बढी अर्थ पढ र बुझ :

सम्पन्न :	(१) धनी	(२) सकिएको
सङ्घर्ष :	(१) कठोर परिश्रम	(२) भिड्ने काम, भिडन्त
शीत :	(१) रातमा जमिनमा पर्ने पानीको कण	(२) चिसो, जाडो
विचार :	(१) मनमा उठेको कुरो, सोच	(२) बुद्धि, विवेक
शून्य :	(१) केही नभएको, रित्तो	(२) एकान्त, सुनसान
	(३) अङ्कका पछाडि लेखिने गोलो चिह्न (O)	

७. तलका शब्दको अर्थ भन :

विविध, धर्ती, शिशु, स्नेह, बौद्धिक, चर्चित, अनन्त, सम्भावना, प्रेरक, आयोजित, आकृति, परवाह, सङ्घर्ष, अथाह

८. पुरस्कारद्वारा पुरस्कृत भए झैँ तलका शब्दबाट हुने शब्द लेख :

प्रमाण ..... सम्मान .....

विभूषण ..... सञ्चालन .....

९. साहित्य + कार = साहित्यकार जस्तै तलका शब्दबाट शब्द बनाऊ :

कला, नाटक, निबन्ध, कथा, चित्र, मूर्ति, शिल्प, सङ्गीत, गीत

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

अभिनन्दन, पुरस्कृत, प्रतिभा, साधना, क्रियाशील, सहानुभूति, अतुलनीय

उच्चारण र हिज्जे

११. कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन ।

१२. शुद्ध उच्चारण गर र कापीमा सार :

सस्वर वाचन, प्रबल, इच्छाशक्ति, प्रतिमस्तिष्कीय, पक्षाघात, कष्टकर, अशक्तता, श्रवण, अभिनन्दन, परिभ्रमण, प्रतिमूर्ति, सबलाङ्ग, पुञ्ज, दृष्टान्त, रथारोहण

१३. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
पुरस्क्रित्	पुरस्कृत	पुन्ज	पुञ्ज
द्रिस्टि	दृष्टि	बाग्देबि	वाग्देवी
क्रियासिल्	क्रियाशील	जिबनि	जीवनी

१४. पाठको पाँचौं अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नको उत्तर भन :

(क) झमकलाई के गर्न मन लाग्थ्यो ?

(ख) झमकले कसरी लेख्न थालिन् ?

(ग) झमक केको परवाह गर्दिनथिन् ?

(घ) झमकले कुन अङ्गले पेन्सिल च्यापेर लेख्न लागिन् ?

(ङ) झमकले 'जीवन काँडा कि फूल' मा कुन कुराको वर्णन गरेकी छन् ?

१५. पाठबाट दश दशओटा दीर्घ ईकार ऊकार हुने शब्द खोजेर लेख ।

कार्यमूलक व्याकरण

१६. पाठको चौथो अनुच्छेदलाई उदाहरणमा दिए जस्तै गरी सामान्य वर्तमान कालमा परिवर्तन गर :

उदाहरण - उनले आँखाले हेरेर अक्षरको आकृति आफ्नो दिमागमा राखिन् ।

उनी आँखाले हेरेर अक्षरको आकृति आफ्नो दिमागमा राख्छिन् ।

१७. तलका वाक्यहरूलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर :

झमकले पढ्न चाहिन् । उनले अक्षर लेख्ने इच्छा गरिन् । उनले हावामा सासले फुकेर 'क' लेखिन् । त्यो अरूले देखेनन् । उनले मात्र देखिन् । उनले धुलामा 'क' लेखिन् । त्यो हावाले मेटिदियो तापनि उनले हरेस खाइनन् ।

१८. पढ र बुझ :

(क) झमकले सङ्घर्ष, साहस, धैर्य र साधनाका बलले जीवनलाई काँडाका बिचमा फुलाएकी हुन् ।

(ख) अपूर्ण म कि तिमीहरू ? अनि समाजको दृष्टि अपाङ्ग कि म ?

(ग) झमकले विभिन्न पुरस्कारहरू र उपाधि (मानपदवी) प्राप्त गरिन् ।

(घ) तिमीहरू आआफ्ना काम गर ।

(ङ) उसको विचारमा उतारचढाव देखिन्छ ।

(च) म जत्ति पनि निल्छु, आलोचना !

(छ) उहाँले सङ्घर्ष, साहस, धैर्य र साधनका बलले जीवनलाई काँडाका बिचमा फुलाउनु-भएको छ ।

वाक्य पूर्ण गर्न प्रयोग हुने चिह्न पूर्णविराम (।) हो । पाठका हरेक वाक्य पूर्ण भएको ठाउँमा यस्तो चिह्नको प्रयोग हुन्छ । माथिको क, ग, घ र ङ वाक्यमा यस चिह्नको प्रयोग भएको छ ।

(?) यो प्रश्न चिह्न हो । माथिको दोस्रो वाक्यमा यसको प्रयोग भएको छ । कुनै कुरा प्रश्न गर्दा यो चिह्नको प्रयोग हुन्छ ।

माथिको 'क' वाक्यमा अल्पविराम (,) चिह्नको प्रयोग भएको छ । एकै प्रकारका शब्द वा वाक्यहरू आएमा शब्द शब्दको बिचमा र वाक्य वाक्यका बिचमा अल्पविराम चिह्नको प्रयोग हुन्छ ।

( ) यो कोष्ठक चिह्न हो । वाक्यभित्र कुनै शब्द वा पदावलीलाई थप स्पष्ट पार्दा वा अर्थ्याउँदा यस चिह्नको प्रयोग हुन्छ । माथि वाक्य 'ग' मा यस चिह्नको प्रयोग भएको छ ।

(-) यो योजक चिह्न हो । पारस्परिक अर्थ जनाउने समस्त वा द्वित्व शब्दहरूका बिच र पङ्क्तिका अन्त्यमा शब्द नअटेमा ट्क्रयाउनुपर्दा योजक चिह्न प्रयोग गरिन्छ । माथि वाक्य 'छ' मा यस चिह्नको प्रयोग भएको छ ।

(!) यो उद्‌गार चिह्न (!) हो । दु:ख, सुख, आश्चर्य आदि जनाउने शब्द, पदावली वा वाक्यका पछि यस चिह्नको प्रयोग हुन्छ । माथि वाक्य 'च' मा यस चिह्नको प्रयोग भएको छ ।

तलको अनुच्छेदलाई ठिक लेख्य चिह्नको प्रयोग गरेर पुनर्लेखन गर :

बुबाले भन्नुभयो "आजको हाल खबर के छ हँ" भाइले समाचारपत्र ल्याएर बुबालाई दियो त्यहाँको एउटा लेख पढेर हामीलाई सुनाउनुभयो । म, आमा, भाइ र बहिनीले बुबाले सुनाएको लेख ध्यानपूर्वक सुन्यौँ ।

सिर्जनात्मक अभ्यास

१९. तलको विवरणका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ :

(क) नाम : त्रैलोक्यनाथ पोखरेल

(ख) जन्म : वि. सं. १९९० फागुन, धनकुटा

(ग) बाल्य जीवन : सामान्य परिवारको भएकाले दु:खसुखमा बितेको

(घ) विशेष घटना : १९९२ सालमा बिफरको महामारी फैलिएको, त्यही महामारीले आँखाको हेर्ने शक्ति नष्ट भएको

(ङ) मिहिनेत र साधना : अरूले भनेको सुनेर पाठ कण्ठ पार्ने बानी, यही क्रममा २०२१ सालमा आफूले उत्तर भन्ने र सहयोगीले लेखिदिने गरेर एसएलसी परीक्षा उत्तीर्ण, क्रमश: यसरी नै पढेर र जाँच दिएर आइए, बिए र एमए उत्तीर्ण, एमए उत्तीर्ण भएको साल वि. सं. २०२९

(च) वि.सं. २०३० देखि २०५८ सम्म त्रिचन्द्र कलेजमा प्राध्यापन

(छ) निधन : २०५८ जेष्ठ १९ गते

२०. तलको विषयमा चार चार जना मिलेर परियोजना कार्य गर :

शिक्षकको निर्देशन र सहयोगमा स्थानीय प्रतिष्ठित व्यक्तिको जीवनी लेख ।

६ एउटै मुटु एउटै मर्म

- माधवप्रसाद घिमिरे

ढोकाको अघि धुलामा बसी म कति गाउँला ?
हे प्रभु ! तिम्रो मन्दिरभित्र कहिले आउँला ?

आँगनीछेउ गाइने गाउँछ दिलको सबाई
अछुत भाइ हिर्दय छुन्छ सारङ्गी बजाई ।

सबैको एकै हाड र मासु रङ्ग र रोगन
देहमा दिल, दिलमा ईश्वर, अछुत नभन ।

ईश्वरको छोरो, मान्छेको भाइ मान्छेले छुँदैन
योभन्दा ठूलो निर्घिनी पाप संसारमा हुँदैन ।

एउटै मुटु, एउटै मर्म, एउटै ईश्वर
भेद र भाव मेटेर पसौँ प्रेमको ईश्वर ।

प्रभु : ईश्वर

सबाई : एक प्रकारको लोकलय

रङ्गरोगन : कुनै वस्तुलाई रँगाउने काम, पालिस

निर्घिनी : घिनलाग्दो, लाजमर्दो

मर्म : भित्री वेदना, पीडा

भेद र भाव : फरक व्यवहार, पक्षपात

अभ्यास

१. **कक्षामा पाठको गीत लय हालेर पालैपालो पढ र साथीले पढेको पनि सुन ।**

२. **उत्तर देऊ :**

(क) दिलको सबाई कसले गाउँछ ?

(ख) सबै मानिस उस्तै हुन् भन्ने आधार के हो ?

(ग) कसले के गरेर पाप गर्दै छ ?

(घ) गीतको अन्तिम हरफले के भनेको छ ?

(च) यस पाठको मुख्य आशय के हो ?

३. **खाली ठाउँ भरी गीतका हरफ पूरा गर :**

सबैको ..... हाड र मासु ..... र .....

..... दिल, ... ईश्वर, ... नभन ।

४. **भावविस्तार गर :**

ढोकाको अघि धुलामा बसी म कति गाउँला ?

हे प्रभु ! तिम्रो मन्दिरभित्र कहिले आउँला ?

५. **उदाहरण हेरी तलका गीतका हरफलाई वाक्यमा लेख :**

उदाहरण : ढोकाको अघि धुलामा बसी म कति गाउँला ?

म ढोकाको अघि धुलामा बसी कति गाउँला ?

आँगनीछेउ गाइने गाउँछ दिलको सबाई

अछुत भाइ हिर्दय छुन्छ सारङ्गी बजाई ।

शब्दभण्डार

६. उही अर्थ हुने एक एकओटा शब्द लेख :

ढोका ईश्वर भेद प्रेम

७. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा लेख :

अछुत	देह	भेद	पस्नु	पाप
समानता	छुत	आत्मा	धर्म	निस्कनु

८. उदाहरणमा देखाए जस्तै गरी शब्द बनाऊ :

उदाहरण : हाड र मासु = हाडमासु

रङ र रोगन = रङरोगन

दाल र भात	माल र सामान	ज्ञान र विज्ञान
कलम र मसी	हात र खुट्टा	बुद्धि र विवेक
पढाइ र लेखाइ	हाट र बजार	नाम र काम
किताब र कापी	गाउँ र बँसी	घर र गोठ

९. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

भेद, निर्घिनी, मर्म, सारङ्गी, अछुत

उच्चारण र हिज्जे

१०. शुद्धसँग उच्चारण गर :

ढोका, मन्दिर, सबाई, प्रभु, दिल, संसार

११. पाठ हेरेर सच्याऊ :

दील, ईस्वर, अछूत, गाउँछ, आगनी, भाई

१२. गीतको तेस्रो र चौथो हरफ कापीमा सार ।

कार्यमूलक व्याकरण

१३. पढ र बुझ :

सबै मानिसको दिल हुन्छ । मानिसको दिलमा ईश्वर बस्छन् । त्यसैले कसैलाई पनि अछुत नभन। माथिको वाक्यका गाढा अक्षरका शब्दले वाक्य पूरा गरेका छन् । ती शब्दहरू क्रियापद हुन् । माथिका जस्तै अन्य दशओटा क्रियापद लेख ।

१४. पढ, बुझ र गर :

गीतको पहिलो र दोस्रो हरफमा प्रयोग भएको 'गाउँला, आउँला' सम्भावनार्थक क्रियापद हुन् । यस्तै क्रियापद प्रयोग भएका तलका वाक्यहरू पढ :

म पखेटा लगाएर उडुँला । विश्व ब्रह्माण्ड चहारुँला । नयाँ नयाँ कुरा खोजुँला । तीमध्येका राम्रा कुरा रोजुँला । ती कुरा हाम्रो देशमा ल्याउँला । सबैलाई बाडुँला । आफू पनि बनुँला । अरूलाई पनि बनाउँला ।

माथिका वाक्यलाई तल देखाए जस्तै गरी परिवर्तन गर :

जस्तै : हामी पखेटा लगाएर उडौँला । .....

१५. पढ, बुझ र गर :

(क) पाठको कविता राम्रोसँग पढ ।

(ख) एउटै मटु एउटै मर्मका बारेमा पाँच वाक्यहरू भन ।

(ग) तिमी गीत गाऊ ।

माथिका वाक्यहरू आज्ञार्थ जनाउने वाक्यहरू हुन् । आज्ञार्थ सन्दर्भअनुसार अनुरोध, प्रार्थना, सल्लाह वा कामना बुझाउनका लागि प्रयोग गरिन्छ । आज्ञार्थ जनाउने क्रियापदको प्रयोग गरेर पाँचओटा वाक्यहरू बनाऊ ।

१६. पाठमा प्रयोग भएका छुँदैन, हुँदैन, नभन अकरण क्रियापद हुन् । तलका क्रियापदहरूलाई अकरणमा परिवर्तन गरी वाक्यमा प्रयोग गर :

पढ्दथ्यौ भने छ गरिसक्यो सोध्छन् बनाउँछु

सिर्जनात्मक अभ्यास

१७. पाठको गीतको लयमा एउटा गीत लेखेर कक्षामा सुनाऊ ।

१८. पाठको चित्रको वर्णन गर ।

७ सात दिने सभा

जनकप्रसाद हुमागाईं

सागरको पाठशाला जाने बाटामा एउटा पाटी थियो । पाटीको छानो पुरानो भएकाले ठाउँ ठाउँ चुहिन थालेको थियो । एक दिन पाठशाला जाँदा पाटीतिर देखाउँदै सागरकी बहिनी गङ्गाले भनी, "दाइ, यो पाटी कसले बनाउँछ ? "

सागरले भन्यो, "किन र ?"

बहिनी गङ्गाले भनी, "छानो नछाए भत्किन्छ होइन र ?"

सागरले भन्यो, "भत्के के भो त, हाम्रो घर होइन !"

सागर र गङ्गाले यसरी कुरा गरेको दिन बेलुकादेखि नै केही दिन लामो झरी पऱ्यो । यो झरी रोकिँदा नरोकिँदै पाटीको छानो गर्ल्यामगुर्लुम भत्कियो । पाटी भत्केको देखेर गङ्गाले भनी, "हेर्नुहोस् दाइ, छानो त भत्किहालेछ !"

पाटी : बटुवालाई बास बस्न वा थकाइ मार्न बनाइएको सार्वजनिक घर, धर्मशाला, सत्तल

झरी : लगातार भएको वर्षा

सागरले एकपल्ट मुन्टो फर्काएर पाटीतिर हेऱ्यो । पाटीको छानो भताभुङ्ग भएको देख्यो । उसले केही भनेकै थिएन । फेरि गङ्गाले भनी, "कसरी भत्केछ हगि दाइ ?" सागरले फेरि भन्यो, "भत्के के भो त, हाम्रो घर होइन । गङ्गाले भनी, "हाम्रो घर नभए पनि बाटामा हिँड्दा, पानी पर्दा दौडँदै गएर ओत लागेर बस्न पाइन्थ्यो। यसरी कतिपल्ट बसेका थियौँ, होइन र ?"

सागरले भन्यो, "हुन त हो तर अब नबसौँला, भएन र ?"

बहिनीले भनी, "सानो पानी परे त नबसौँला, मुसलधारे पानी पर्दा पनि नबस्ने ?"

सागरले भन्यो, "बस्ने ठाउँ नभएपछि मुसलधारे पानी परे पनि नबस्ने, सिमसिमे पानी परे पनि नबस्ने । छिटो छिटो दौडँदै घर पुग्न बल गर्ने ।"

गङ्गाले झरी पर्दा पानीमा रुझेर हिँड्नु हुँदैन, ज्वरो आउँछ, बिरामी परिन्छ भनेको सुनेकी थिई । एकपल्ट मामाघर जाँदा ऊ आफ्नी आमासँग ठुलो पानीमा रुझेकी थिई । त्यसबेला उसलाई ज्वरो आएर केही दिन सुत्नुपरेको थियो । मामाघर गएर घुमफिर गर्न पनि पाएकी थिइन । उसकी आमालाई पनि बिसन्चो भएको थियो । त्यो बाटो भएर हिँड्ने अरू मानिस पनि पानी पर्दा पाटीमा ओत लाग्थे । थाक्दा थकाइ मार्थे । गङ्गाले यी सबै कुरा सम्झँदै पाटी भत्कनु घर भत्कनुभन्दा पनि नराम्रो भयो भन्ने ठानी तर सागरले यो कुरा बुझ्न सके जस्तो लागेन । आफूभन्दा ठुलो भएकाले दाजुसँग बढी कुरा गर्न पनि सकिन ।

गङ्गाको घरमा उसका आमाबुबाले हप्तामा एकपल्ट सबै जना बसेर सभा गर्ने गरेका थिए । त्यो सभामा गएको हप्तामा भएका कामहरूबारे कुराकानी हुन्थ्यो । सभामा आउँदो हप्तामा गर्ने कामहरूको योजनाबारे पनि छलफल गर्ने चलन थियो । कुनै ठुलो समस्या आइपऱ्यो भने पनि उनीहरू यस्तै सभा गर्थे । सबै मिलेर समस्या समाधान गर्थे । गङ्गाले पनि पाटीको छानो भत्केको कुरा आफ्नो घरको सात दिने सभामा राख्ने निधो गरी ।

सात दिने सभा हरेक हप्ताको शुक्रबार बेलुका भात खाइसकेपछि बस्थ्यो । सभामा बुबा सभाध्यक्ष हुन्थे, आमा विशेष अतिथि हुन्थिन् । सानो भाइ जुरेली उद्घोषक बन्थ्यो । सागर र गङ्गा सहभागी सदस्य बन्थे । सभामा सारै राम्रोसँग छलफल हुन्थ्यो । सबैले आफ्नो मनमा लागेका कुरा निर्धक्क भएर भन्थे । कसैले कुनै कुराको गल्ती गऱ्यो भने पनि उसलाई हेला गरिँदैनथ्यो । गल्ती सुधार्ने मौका दिइन्थ्यो । राम्रोसँग छलफल गरेर निधो गरेका कुरालाई कानुन सरह सबैले राम्रोसँग पालना गर्दथे । गङ्गा शुक्रबारको बाटो हेरेर बसेकी थिई ।

ओत लाग्नु : पानीले नभिज्ने ठाउँमा बस्नु मुसलधारे : मुसल झैँ धारा भएको, ठुलो

निधो : निश्चय, पक्का

उद्घोषक : सभा समारोहमा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति

निर्धक्क : धक नमानीकन, ढुक्कसँग

कानुन : राज्यले बनाएको नियम, सबैले मान्नुपर्ने नियम

आज शुक्रबार हो । बेलुकाको भान्सा सकेर सबै जना सभाकोठामा जम्मा भए । बुबा सभाध्यक्ष भएर बसे । आमा पनि विशेष अतिथि भएर बुबाको छेउमा बसिन् । सभामा गरिने छलफलमा गङ्गाले 'भत्केको पाटीको विषयमा बोल्ने' भनी । यसरी नै अरू जरुरी विषय पनि छलफलका निम्ति राखियो ।

आजको सभामा सबैभन्दा नयाँ विषय गङ्गाकै भएकाले पहिले बोल्ने पालो पनि गङ्गाले नै पाई । जुरेलीले सभाध्यक्षको अनुमति लिएर भन्यो, "अब हाम्रो सभा सुरु हुन्छ । आजको सबैभन्दा नयाँ विषय भत्केको पाटी छ । यस विषयमा बोल्ने प्रस्ताव दिदी गङ्गाले राख्नुभएको हो । आजको पहिलो वक्ता पनि दिदी गङ्गा नै हुनुहुन्छ । म उहाँलाई आफ्नो विषयमा बोल्न अनुरोध गर्छु ।"

सभामा सबै जना मिलेर बसेका हुन्थे । बसेरै बोल्ने चलन थियो । सोहीबमोजिम आफू बसेकै ठाउँबाट सम्बोधन गर्दै गङ्गाले भनी,

आदरणीय सभाध्यक्ष, विशेष अतिथिज्यू र मेरा दाजुभाइ !

मैले पाठशाला जाँदा बाटामा हाम्रो गाउँको पाटीको छानो पुरानो भएर पानी चुहिन लागेको देखें । त्यसरी पानी चुहिएपछि छिटै नछाए छानो भत्किन्छ भन्ने मलाई लाग्यो । त्यो छानो कसले छाउँछ भनी मैले दाजु सागरसँग सोधें । दाजुले भत्के के भो ? हाम्रो घर होइन भन्नुभयो । मैले दाजुलाई कुरो बुझाउन सकिनँ । मेरो विचारमा त्यो पाटी भत्कनु ठिक होइन ।

गङ्गापछि यसै विषयमा सागरलाई बोल्न दिइयो । सागरले पनि सभालाई सम्बोधन गर्दै भन्यो, "घर भत्क्यो भने हामी बस्न पाउँदैनौँ, त्यसैले पाटी भत्कँदैमा किन पिर गर्ने ? मेरो भन्नु यत्ति नै हो ।"

यसपछि सभाध्यक्षले उद्घोषक जुरेलीलाई बोल्न भने । एक छिन घोरिँदै जुरेलीले भन्यो, "पाटी भत्क्यो भने पानी पर्दा, घाम चर्कँदा, थकाइ लाग्दा बटुवालाई बस्ने ठाउँ हुँदैन । वास बस्नेले पनि वास पाउँदैनन् । पाटी हुँदा हामीलाई मात्र होइन, धेरैलाई सजिलो हुन्छ । त्यसैले हामीले आफ्नो घर मात्र होइन, पाटीपौवा पनि जोगाउनुपर्छ । भत्के भत्कोस् भन्नु हुँदैन ।"

गङ्गा, सागर र जुरेलीपछि सभाध्यक्षको आज्ञाअनुसार विशेष अतिथिको आसनबाट आमाले भनिन्, "आज गङ्गाले गङ्गा नदी जस्तै विशेष महत्त्वको विषयमा यस सभामा आफ्नो विचार सुनाइन् । जुरेलीले पनि असल कुरा भने । मलाई धेरै खुसी लाग्यो । सभाध्यक्षज्यू र अरू सहभागीहरूलाई पनि खुसी लाग्यो होला ! हाम्रो घर भत्के हामीले मात्र दुःख पाउने हौँ । पाटी, पँधेरा, बाटो, पाठशाला अस्पताल भत्के धेरैलाई दुःख हुन्छ । मैले अरू कुरा के भनूँ ? मलाई लागेको कुरा यस्तै हो ।"

प्रस्ताव : छलफल गर्न ल्याएको विषय
सम्बोधन : भाषण गर्दा सभामा रहेका मानिसलाई प्रारम्भमै गरिने शिष्ट अभिव्यक्ति
पाटीपौवा : बटुवाहरूका लागि बास र पानीको धारो समेत भएको ठाउँ
पँधेरो : पानी भर्ने धारो, कुवा आदि

सबैको बोल्ने पालो सकिएपछि अब एक पटक सागरलाई नै सोध्नू भनी बुबाले सभाध्यक्षको हैसियतले भने । सागरलाई आफ्नो विचार गलत लाग्यो र "म आफ्नो विचार सच्याउँछु" भन्यो ।

"त्यसो हो भने भोलि सबै गाउँलेलाई बोलाऔँ । सबै भत्केको पाटी बनाउन जाऔँ" यति भनी बाले सभा विसर्जन गरे ।

हैसियत : पदमा रहेको नाता

अभ्यास

१. उत्तर भन :

(क) पाटी किन चुहिन थालेको हो ?

(ख) पानी पर्दा सागर र गङ्गा कहाँ ओत लाग्थे ?

(ग) पानीमा रुझ्दा गङ्गालाई के भयो ?

(घ) गङ्गाको घरमा शुक्रबार बेलुका के हुन्थ्यो ?

(ङ) सात दिने सभामा गङ्गाले के कुरा राखी ?

(च) सागरले सभामा पाटीबारे के भन्यो ?

(छ) सभा विसर्जन गर्नुअगि सागरले के भन्यो ?

(ज) सभाध्यक्षले पाटीबारे के भने ?

२. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) गङ्गाकी आमालाई किन बिसन्चो भयो ?

(अ) रुगाखोकी लागेर (आ) पानीमा रुझेर (इ) बाटामा लडेर

(ख) गङ्गाले सागरसँग किन बढी कुरा गरिन ?

(अ) सागरले कुरा नसुनेकाले (आ) सागरले कुरा राम्ररी नबुझेकाले

(इ) सागर आफूभन्दा ठुलो भएकाले

(ग) यस कथाको मुख्य सन्देश के हो ?

(अ) हामीले हाम्रो घर मात्र जोगाउनुपर्छ ।

(आ) हामीले पाटी, पधेँरो, बाटो, पाठशाला आदि जोगाउनुपर्छ ।

(इ) हामीले आफ्नो सामान मात्र जोगाउनुपर्छ ।

३. कसले कसलाई भनेको हो, पत्ता लगाएर लेख :

(क) हाम्रो घर नभए पनि बाटामा हिँड्दा, पानी पर्दा दौडँदै गएर ओत लागेर बस्न पाइन्थ्यो ।

(ख) बस्ने ठाउँ नभएपछि मुसलधारे पानी परे पनि नबस्ने ।

(ग) आजको सबैभन्दा नयाँ विषय भत्केको पाटी छ ।

(घ) मैले अरू कुरा के भनूँ ? मलाई लागेको कुरा यस्तै हो ।

४. उत्तर लेख :

(क) पाटीको छानो के भएर भत्कियो ?

(ख) गङ्गालाई किन ज्वरो आएको थियो ?

(ग) सात दिने सभामा के केका बारेमा छलफल हुन्थ्यो ?

(घ) सात दिने सभाको सञ्चालन ककसले कसरी गर्थे ?

५. पाठका आधारमा कक्षामा छलफल गर :

(क) पाटी भत्कनु किन ठिक होइन ?

(ख) सभामा सागर र जुरेलीले पाटीका विषयमा के के भने ?

(ग) गङ्गाले भत्केको पाटीका बारेमा सभामा प्रस्ताव राख्नाले के भयो ?

६. गङ्गाले भत्केको पाटीबारे सभामा भनेका कुरा शिक्षकबाट सुन र बुझ ।

शब्दभण्डार

७. यस कथाका पात्रहरूमध्ये तिमीलाई कसको विचार किन मन पऱ्यो, लेख ।

८. तल्लो हरफका मिल्ने अर्थसँग जोडा मिलाई कापीमा लेख :

पाठशाला	मामाघर	विसर्जन	हप्ता	वक्ता
सभाको अन्त्य	बोल्ने मानिस	विद्यालय	सात दिनको अवधि	मावल

९. तल्लो हरफका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

विसर्जन	पहिलो	वक्ता	मुसलधारे	सजिलो
अप्ठेरो	सिमसिमे	प्रारम्भ	श्रोता	अन्तिम

१०. बढी मिल्ने शब्द छानेर खाली ठाउँ भर :

(क) हामी थाक्दा ..... गर्छौं । (मनोरञ्जन, भ्रमण, आराम)

(ख) सभामा समस्याको.....खोजिन्छ । (आवश्यकता, समाधान, उत्पत्ति)

(ग) सागरले .....सुधाऱ्यो । (गल्ती, खल्ती, बाटो)

(घ) सभाध्यक्षले सहभागीलाई.....दिए । (प्रेरणा, आसन, बोल्ने समय)

११. मिल्दो शब्दसँग जोडा मिलाई कापीमा लेख :

गर्ल्यामगुर्लुम्म	फूल फुल्नु	गुडुडु	रुनु
ढकमक्क	हेर्नु	फनफन	हाँस्नु
टिनटिन	घाम लाग्नु	दनदन	कुद्नु
मगमग	ढल्नु	धुरुधुरु	घुम्नु
टुलुटुलु	बास्ना चल्नु	तपतप	बल्नु
टन्टलापुर	बज्नु	मुसुमुसु	चुहिनु

उच्चारण र हिज्जे

१२. माथिको पाठ कक्षामा पालैपालो पढेर सुनाऊ ।

१३. तलका शब्द ठिकसँग उच्चारण गर :

भत्केको, भताभुङ्ग, ज्वरो, मुसलधारे, पाटीपौवा, सभाध्यक्ष, निर्धक्क, हप्ता, निधो, उद्घोषक, विसर्जन

१४. तलका शब्दलाई पाठ हेरेर सच्याऊ :

गंगा, आमासंग, जोरो, अरु, हप्टा, संबोधन, बिचार, महत्त्वपूर्ण

१५. पाठबाट श र ष भएका शब्द तथा व लेखिने र ब उच्चारण हुने शब्द खोज ।

कार्यमूलक व्याकरण

१६. पढ, बुझ र गर :

सागरले भन्यो, "हुन त हो तर अब नबसौँला, भएन र ?"

माथिको वाक्यका गाढा अक्षरका शब्द निपात हुन् । निपात एक्लैको अर्थ हुँदैन तर वाक्यमा प्रयोग भएपछि त्यसले वाक्यमा मिठास ल्याउँछ ।

(क) पाठको पहिलोदेखि नवौँ अनुच्छेदसम्मका वाक्यमा प्रयोग भएका निपात शब्द खोजेर कापीमा सार ।

(ख) पो, त, नि, चाहिँ, ल, लौ निपात प्रयोग गरी वाक्य बनाऊ ।

१७. तलका वाक्यहरूमा गाढा अक्षर भएका शब्द पढ र नामयोगीबारे बुझ :

सागरले एकपल्ट मुन्टो फर्काएर पाटीतिर हेऱ्यो ।

बस्ने ठाउँ नभएपछि मुसलधारे पानी परे पनि नबस्ने सिमसिमे पानी परे पनि नबस्ने ।

ऊ आफ्नी आमासँग ठुलो पानीमा रुझेकी थिई ।

गङ्गाले पाटी भत्कनु घर भत्कनुभन्दा पनि नराम्रो हो भन्ने ठानी ।

माथिका गाढा अक्षर भएका शब्द नामयोगी हुन् । यस्ता नामयोगी अरू पनि छन्, जस्तै : सँग, तर्फ, माथि, मुनि, पट्टि, प्रति, बारे, अगि, पछि, सम्म, समेत, बाहेक, अनुसार, बमो जिम इत्यादि ।

(क) पाठको तेस्रो, चौथो र पाँचौं अनुच्छेदबाट नामयोगी शब्द खोजेर लेख ।

(ख) सम्म, तिर, पट्टि, बारे, तर्फ, अनुसार नामयोगी प्रयोग गरेर वाक्य बनाऊ ।

१८. तलका वाक्यमा गाढा अक्षर भएका शब्द हेर :

सागरले भन्यो, "किन र ?" गङ्गाले सागरलाई भनी, "पाटी नछाए भत्कँदैन र ?" लगातार परेको झरीले पाटी भत्किएछ । सागर र गङ्गा विद्यालयबाट आउँदा पानी परेको बेला पाटीमा ओत लाग्थे ।

माथिका गाढा अक्षर भएका शब्दमा जोडिएका ले, लाई, बाट र मा विभक्ति हुन् । यस्ता विभक्ति अरू पनि छन् । जस्तै : देखि, द्वारा, को, का, की रो, रा, री, नो, ना, नी

(क) ठिक विभक्ति राखेर खाली ठाउँ भर :

सागर ..... एकपल्ट मुन्टो फर्काएर पाटीतिर हेऱ्यो । गङ्गा ..... सागर .....कसरी पाटी ..... छानो भत्केछ हकि भनी । सागर ..... झरी ..... भत्केको होला भन्यो । गङ्गाले सागर ..... अब पानी पर्दा ओत लाग्ने ठाउँ भएन भनी । सागरले दौडँदै घर ..... पुग्नुपर्छ भन्यो । दुवै विद्यालय ..... घर आउँदा पानी पऱ्यो भने पाटी ..... ओत लाग्थे ।

(ख) पाठको दसौँ अनुच्छेदबाट विभक्ति लागेका शब्द खोज ।

१९. तलका वाक्यहरूलाई घटनाक्रमअनुसार बायाँपट्टि १, २ अङ्क लेखेर कथा बनाऊ र शीर्षक पनि राखेर पुनर्लेखन गर :

शीर्षक :

( ) बर्खामा धेरै पानी पऱ्यो ।

( ) गाउँलेहरू त्यही धाराको पानी खान्थे ।

( ) पहाडको खोँचमा एउटा धारो थियो ।

( ) केही मानिस पल्लो गाउँको पानीघाटबाट पानी ल्याउन थाले ।

( ) धारो पहिरोले पुरियो, गाउँलेलाई पानीघाट भएन ।

( ) माथिबाट पहिरो लडेर धारो पुरियो ।

( ) एक दुई दिन त सबै गाउँले अर्को घाटमा पानी लिन गए ।

( ) गाउँका पुरुषहरूले खासै वास्ता गरेनन् ।

( ) तीन दिन सबैले काम गरे ।

( ) धारो बनाउन गाउँले महिलाहरूले सभा गरे ।

( ) पहिरो पन्छाएपछि धाराको पानीको मूल भेटियो ।

( ) पहिलो दिन महिलाले मात्र काम गरे ।

( ) नयाँ धारो महिलाको सक्रियतामा बन्यो ।

( ) दोस्रो दिनदेखि पुरुषहरू पनि काममा आए ।

( ) गाउँलेलाई पानी ल्याउन सजिलो भयो ।

८ प्रकृतिको सुन्दर स्थल : खप्तड



नेपालको प्राकृतिक बनोट विचित्रको छ । सानो भौगोलिक क्षेत्रफल भएको नेपालमा हिमाल, पहाड र तराईको अनौठो सङ्गम रहेको छ । उत्तर दिशामा पश्चिमदेखि पूर्वसम्म फैलिएका पङ्क्तिबद्ध हिमशृङ्खलाहरू छन् । विश्वका सर्वोच्च दशओटा शिखरमध्ये सगरमाथालगायत आठ ओटा हिमचुलीहरू यहीँ रहेका छन् । हिमालमुनि तरेली परेका हरिया पहाडहरू छन् । तिनका मुनि भित्री मधेस र उर्वर तराई छ । प्रकृतिको एउटा सुन्दर सिर्जना जस्तो लाग्ने यो मुलुक विश्वकै सुन्दर देशहरूमध्ये एक हो । यसभित्र प्राकृतिक दृश्यावलीका दृष्टिले सयौँ आकर्षक र सुन्दर ठाउँहरू छन् । तीमध्ये सुदूर पश्चिमाञ्चलको खप्तड प्रकृति, संस्कृति र जैविक विविधताका दृष्टिले मनमोहक स्थल हो ।

खप्तड लेक हो । यो सुदूर पश्चिमका डोटी, अछाम, बाजुरा र बझाङ जिल्लाको सङ्गममा रहेको छ । यसको पश्चिममा डोटी, पूर्वमा बाजुरा, उत्तरमा बझाङ र दक्षिणमा अछाम जिल्ला पर्दछन् । यो लेक समुद्र सतहबाट करिब १५०० देखि ३३०० मिटरको उचाइमा अवस्थित छ ।

अनौठो : हुने वा देखिने भन्दा नौलो

मनमोहक : सुन्दर मनलाई मोहित पार्ने

नेपाल सरकारले यसलाई वि. सं. २०४२ मा खप्तड राष्ट्रिय निकुञ्ज घोषणा गरेको हो । यो मध्य पहाडी क्षेत्रको एक मात्र राष्ट्रिय निकुञ्ज हो । यसको क्षेत्रफल २२५ वर्ग किलोमिटर छ ।

यस क्षेत्रको भूबनोट अनौठो छ । कुनै कुशल शिल्पीले काटेर राखे जस्ता तरेली परेका थुम्का र तिनका बिचमा सम्म परेका भूभागहरू रहेका छन् । नदीनाला र झरनाहरूले यो क्षेत्र सुशोभित छ । यहाँ रहेका कुण्डहरूले पनि यसको सुन्दरतालाई बढाएका छन् । यस निकुञ्जको अधिकांश भाग घना जङ्गलले ढाकेको छ । यहाँ लेकाली वनको सदाबहार हरियाली देख्न पाइन्छ । झ्याम्म परेको निगालो घारी जति हेरे पनि अघाइँदैन । यहाँबाट अपी र सैपाल हिमालको सुन्दर दृश्यावली देखिन्छ । यहाँका अनेकौँ थुम्का र बाइस ओटा पाटन जाडोमा हिउँ एवम् गर्मीमा रङ्गीविरङ्गी फूलले शोभायमान हुन्छन् । यसरी खप्तड प्रकृतिले सिँगारेको सुन्दर एवम् रमणीय ठाउँ मानिन्छ ।

खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र महत्त्वपूर्ण सांस्कृतिक एवम् धार्मिक स्थलहरू पनि रहेका छन् । तीमध्येको बझाङ जिल्लामा पर्ने स्व. खप्तड स्वामीको आश्रम एक हो । यो आश्रम निकुञ्जको मुख्य कार्यालय नजिकै रहेको छ । भनिन्छ, खप्तड बाबाले करिब पाँच दशक यस क्षेत्रमा बसेर तपस्या गरेका थिए । उनले यहीँ नै विचार विज्ञान, स्वास्थ्य विज्ञान, धर्म विज्ञान आदि ग्रन्थको र चना गरेका थिए ।

अर्को धार्मिक क्षेत्र अछाममा पर्ने सहस्र लिङ्ग हो । अग्ला पहाडहरूका बिचमा ३२७६ मिटर अग्लो पर्वत छ । यो निकुञ्ज क्षेत्रकै सबैभन्दा अग्लो पर्वत हो । यसलाई जताबाट हेरे पनि शिवलिङ्ग जस्तै देखिन्छ । यही चुचुरालाई सहस्र लिङ्ग भन्छन् ।

राष्ट्रिय निकुञ्ज : राष्ट्रले जोगाएको वन
मध्य पहाडी क्षेत्र : मध्य पहाडको हिउँ पर्ने ठाउँ
वर्ग किलोमिटर : एक एक किलोमिटर लम्बाइ र चौडाइ भएको क्षेत्रफल
भूबनोट : भूआकृति, जमिनको संरचना
शिल्पी : कालिगढ, कलाकार
थुम्का : बाटुलो आकारको सानो डाँडो, पहाडको टुप्पो
अधिकांश : धेरैजसो
घना : बाक्लो
सदाबहार : सधैँ हरियो रहने, सधैँ हराभरा हुने
घारी : बाक्लो झाङ
शोभायमान: शोभाले भरिएको
सांस्कृतिक : संस्कृतिसम्बन्धी, परम्परामा आधारित
ग्रन्थ : महत्त्वपूर्ण पुस्तक

डोटी जिल्लामा खप्तड त्रिवेणी रहेको छ । सहस्र लिङ्गतिरबाट स्वर्णगङ्गा बगेकी छन् । उत्तर पूर्वबाट नीलगङ्गा आएकी छन् । सिद्धाश्रमको पूर्वबाट आकाश गङ्गा बहेकी छन् । खप्तड त्रिवेणीमा यी तीन ओटै गङ्गाको सङ्गम हुन्छ । त्रिवेणीमा एउटा शिव मन्दिर छ । गणेश मन्दिर, केदार ढुङ्गा, नागढुङ्गा पनि त्यस क्षेत्रका धार्मिक स्थल हुन् ।

शिव मन्दिर वरपर अरू पनि पुरातात्त्विक महत्त्वका भवनहरू छन् । त्रिवेणीमा प्रत्येक वर्ष जेष्ठ पूर्णिमाका दिन गङ्गा दशहरा मेला लाग्छ । त्रिवेणीमा स्नान गरेर सहस्र लिङ्गको दर्शन गर्दा पुण्य मिल्ने धार्मिक विश्वास रहेको छ ।

निकुञ्जको उत्तर पूर्वी क्षेत्रमा खप्पर (खप्तड) दह छ । यो दह बाजुरा जिल्लामा पर्छ । यो यस क्षेत्रकै ठुलो दह हो । यसको आधा पानी कालो र आधा पानी सेतो जस्तो देखिन्छ । यसका किनारामा प्रसिद्ध सिद्ध पुरुष खप्पर मस्टोको खप्परमाडौँ (मन्दिर) अवस्थित छ । यहाँ भाद्र पूर्णिमाका दिन ठुलो मेला लाग्छ ।

यहाँ घोरल, ब्वाँसो, चित्तल, कस्तूरी मृग, चितुवा, भालु जस्ता स्तनधारी बनैया जीवजन्तु पाइन्छन् । बुलबुल, कोइली, डाँफे, मुनाल, कालिज, चिल आदि पन्छीहरू विचरण गर्छन् । भोजपत्र, सल्लो, धुपी, गुराँस, खस्रु, चिमाल, चुथ्रो, चिराइतो, निगालो आदि वनस्पति पाइन्छन् । यहाँ धेरै जडीबुटीहरूको पहिचान भएको छ । यस क्षेत्रमा धेरै प्रजातिका रङ्गीचङ्गी फूलहरू फुल्छन् । त्यसै गरी धेरै खाले पुतलीहरू र अनेकौँ कीटपतङ्गले यस क्षेत्रलाई आफ्नो वासस्थान बनाएका छन् । त्रिवेणी र खप्तड दहमा बझाङे पाहा र खस्रे भ्यागुता देख्न पाइन्छ । यसरी खप्तड क्षेत्र जैविक विविधताको भण्डार बनेको छ ।

त्रिवेणी	:	तीन नदीको सङ्गम
सिद्धाश्रम	:	साधुसन्तको कुटी वा आश्रम
पुरातात्त्विक	:	पुराना कला, संस्कृतिसँग सम्बन्धित
गङ्गा दशहरा	:	दश प्रकारका पाप नाश गर्ने गङ्गा स्नानको पर्व
पुण्य	:	शुभ फल, धर्म
सिद्ध पुरुष	:	साधना, तपस्या आदिबाट विशेष शक्ति प्राप्त व्यक्ति
स्तनधारी	:	स्तन भएको, बच्चालाई दुध चुसाउने
विचरण	:	घुमफिर
वनस्पति	:	रुख, बोटबिरुवा आदि
पहिचान	:	चिन्ने वा ठम्याउने काम
कीटपतङ्ग	:	पखेटाका सहायताले उड्ने जीव, पन्छी, पुतली आदि

निकुञ्जको मुख्य कार्यालयमा एउटा सङ्ग्रहालय छ । त्यसका नजिकै अग्लो अवलोकन टावर निर्माण गरिएको छ । त्यहाँबाट हिमाली शृङ्खला र त्यस क्षेत्रका घाँसे मैदानहरू देख्न सकिन्छ । जहाँ वर्षायाममा चर्नका लागि जनावरहरूको बथान आउने गर्छ ।

खप्तडको प्राकृतिक सम्पदाको संरक्षण गर्न राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो । निकुञ्जले यथासम्भव संरक्षणको कार्य गर्दै आएको छ । यो क्षेत्र मध्यवर्ती क्षेत्रका बासिन्दाको पशु चराउने खर्क पनि बनेको छ । चरिचरनले मनोरम प्राकृतिक वातावरण खलबलिन सक्छ । त्यसैले चरिचरनलाई व्यवस्थित गर्नु आवश्यक देखिन्छ ।

खप्तड सुदूर पश्चिमाञ्चल क्षेत्रको अनुपम प्राकृतिक भण्डार हो । यस क्षेत्रको जैविक विविधता र पुरातात्त्विक वस्तुको राम्रो अध्ययन भएको पाइँदैन । त्यसै गरी पर्यटन प्रवर्धनका लागि पनि उल्लेखनीय काम भएको देखिँदैन । त्यसैले सर्वप्रथम खप्तडमा सडक यातायात पुऱ्याऔँ र पर्यटन प्रवर्धन गरौँ । साथसाथै यहाँको जैविक विविधताको संरक्षण, अध्ययन र दोहनको अभियान चलाऔँ । यसो गरेमा खप्तडले सुदूर पश्चिमको मात्र होइन, देशकै समृद्धिमा सहयोग पुऱ्याउने छ ।

सङ्ग्रहालय	:	पुराना चिजबिज राख्ने घर वा ठाउँ
अवलोकन टावर	:	दृश्यावली हेर्न बनाएको अग्लो टौवा
सम्पदा	:	सम्पत्ति
मध्यवर्ती क्षेत्र	:	निकुञ्ज र मुख्य बस्तीका बिचको ठाउँ
खर्क	:	पशु चराउने ठाउँ, चरन
चरिचरन	:	गाईवस्तु चराउने काम
अनुपम	:	उपमा दिन नसकिने, बेजोडको
प्रवर्धन	:	बढाउने काम
उल्लेखनीय	:	चर्चा वा वर्णन गर्न उपयुक्त
सडक यातायात	:	मोटर गाडी गुड्न सक्ने बाटो
दोहन	:	बढीभन्दा बढी फाइदा लिने काम
अभियान	:	कुनै उद्देश्य प्राप्तिका लागि गरिने विशेष काम, गतिविधि
समृद्धि	:	उन्नति, प्रगति

अभ्यास

१. उत्तर भन :

(क) नेपालको भूगोलको विशेषता के हो ?

(ख) खप्तड किन प्रसिद्ध छ ?

(ग) खप्तड स्वामीले के के पुस्तक लेखेका छन् ?

(घ) खप्तड स्वामीको आश्रम कुन जिल्लामा पर्छ ?

(ङ) खप्तड त्रिवेणीमा कहिले मेला लाग्छ ?

(च) निकुञ्जको अवलोकन टावरबाट के के देखिन्छ ?

२. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) खप्तडका बारेमा तलको कुन भनाइ बेठिक छ ?

(अ) खप्तडको पश्चिममा डोटी जिल्ला पर्छ ।

(आ) खप्तडको पूर्वमा बाजुरा जिल्ला पर्छ ।

(इ) खप्तडको दक्षिणमा अछाम जिल्ला पर्छ ।

(ई) खप्तड मध्य पहाडी क्षेत्रको निकुञ्ज हो ।

(ख) खप्तडका धार्मिक स्थलमध्ये कुन कुनको सम्बन्ध निकट रहेको छ ?

(अ) खप्तड त्रिवेणी र खप्तड दह

(आ) खप्तड त्रिवेणी र सहस्र लिङ्ग

(इ) खप्तड त्रिवेणी र खप्तड स्वामीको आश्रम

(ई) खप्तड त्रिवेणी र खप्परमाडौँ

(ग) खप्तडको मुख्य विशेषता के हो ?

(अ) खप्तड सुदूर पश्चिमाञ्चलको सांस्कृतिक भण्डार हो ।

(आ) खप्तड सुदूर पश्चिमाञ्चलको जैविक विविधताको भण्डार हो ।

(इ) खप्तड सुदूर पश्चिमाञ्चलको प्राकृतिक विविधताको भण्डार हो ।

(ई) खप्तड सुदूर पश्चिमाञ्चलको प्रकृति, संस्कृति र जैविक विविधताको त्रिवेणी हो ।

३. पाँच वाक्यमा उत्तर लेख :

(क) भूगोलका आधारमा खप्तडको परिचय देऊ ।

(ख) खप्तड क्षेत्रका धार्मिक स्थलहरू कुन कुन हुन् ?

(ग) प्राकृतिक दृष्टिले खप्तड कस्तो छ ?

(घ) जैविक विविधता भनेको के हो ?

(ङ) खप्तडमा के कस्तो जैविक विविधता पाइन्छ ?

४. भावविस्तार गर :

खप्तड प्रकृतिको अनुपम भण्डार हो ।

शब्दभण्डार

५. तल्लो हरफका विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा लेख :

थुम्को	सुन्दर	पुण्य	प्राकृतिक	हिउँद
पाप	कृत्रिम	बर्खा	उपत्यका	कुरूप

६. तलका शब्दको अर्थ भन :

महत्त्वपूर्ण, बथान, कुण्ड, पाटन, भण्डार, उर्वर, पङ्क्तिबद्ध, सुशोभित

७. तलका शब्दका फरक अर्थ पढ र बुझ :

कुशल : (१) सिपालु (२) सन्चो, आराम (३) चतुरो, बाठो

सङ्गम : (१) भेट, मिलन (२) दोभान, बेनी

निकुञ्ज : (१) रुखमा लहरा जेलिएर बनेको ठाउँ

(२) वन्यजन्तु र वनस्पतिको बचाउका लागि जोगाइएको वन

पुतली : (१) एक प्रकारको किरो

(२) मानिस तथा पशु आदिको आकृतिको खेलौना

भाग : (१) कुनै वस्तुको खण्ड, टुक्रा

(२) कुनै सङ्ख्यालाई विभिन्न खण्डमा बाँड्ने काम

८. तलका शब्दको उस्तै अर्थ हुने शब्द लेख :

स्थल, मुख्य, भवन, बथान, सडक, कुण्ड, पाटन, भण्डार

९. उदाहरणमा देखाए जस्तै गरी शब्द बनाऊ :

उदाहरण : हिमाल+ ई = हिमाली

पश्चिम, पूर्व, उत्तर, दक्षिण, नेपाल, अछाम, पहाड, बझाङ, भित्र

उदाहरण : उचो + आइ = उचाइ

मोटो, गोलो, चौडा, लामो, अग्लो, भलो, ढिलो, कठिन, चौथो, गहिरो, सफा

१०. खप्तड राष्ट्रिय निकुञ्जमा पाइने वनस्पति, पन्छी, बनैया जीवजन्तु र नदीका नाम पाठबाट खोजेर तलको जस्तै कोठा बनाई कापीमा लेख :

वनस्पति	पन्छी	बनैया जन्तु	नदी

११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

सदाबहार, दृश्यावली, घोषणा, पुरातात्त्विक, स्तनधारी, प्रजाति, अभियान, त्रिवेणी, सङ्ग्रहालय

उच्चारण र हिज्जे

१२. कक्षामा माथिको पाठ आलोपालो गरी पढ र साथीले पढेको पनि सुन ।

१३. शुद्धसँग उच्चारण गर र कापीमा सार :

स्तनधारी, भौगोलिक, सर्वोच्च, पश्चिमाञ्चल, राष्ट्रिय निकुञ्ज, अधिकांश, आश्रम, सहस्र लिङ्ग, स्वर्णगङ्गा, सिद्धाश्रम, पूर्णिमा, कीटपतङ्ग, मध्यवर्ती, उल्लेखनीय, समृद्धि, संर क्षण

१४. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
पस्चिम्	पश्चिम	पुरुस्	पुरुष
निकुन्ज	निकुञ्ज	सम्रछ्यण्	संरक्षण
भन्डार्	भण्डार	बिग्याँन्	विज्ञान
सुदुर्	सुदूर	आस्रम्	आश्रम

१५. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१६. पाठ हेरेर पदयोग र वियोग मिलाई कापीमा सार :

नेपालसरकार, कीटपतङ्ग, पाँचदशक, मुख्यकार्यालय, राष्ट्रियनिकुञ्ज, ती मध्ये, वन्य जन्तु हरू, देश हरू मध्ये, वर्षा याम, सडकयातायात, सदा बहार

कार्यमूलक व्याकरण

१७. उदाहरणअनुसार तलका करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर :

उदाहरण : यहाँबाट हिमालको सुन्दर दृश्यावली देखिन्छ ।

यहाँबाट हिमालको सुन्दर दृश्यावली देखिँदैन ।

(क) खप्तडमा सदाबहार हरियाली देख्न पाइन्छ ।

(ख) खप्तड प्रकृतिले सिँगारेको रमणीय ठाउँ मानिन्छ ।

(ग) खप्तडमा बिस प्रजातिका जीवजन्तु पाइँदैनन् ।

(घ) मुख्य कार्यालय नजिकै अवलोकन टावर निर्माण गरिएको छ ।

(ङ) त्यहाँबाट हिमाली शृङ्खला र घाँसे मैदान देख्न सकिँदैन ।

(च) पर्यटन प्रवर्धनका लागि उल्लेखनीय काम भएको देखिँदैन ।

१८. तलका वाक्यहरू पढेर कर्तृवाच्य र कर्मवाच्यको फरक बुझ :

(क)	यहाँ सदाबहार हरियाली देख्न पाइन्छ ।	कर्मवाच्य
(ख)	म यहाँ सदाबहार हरियाली देख्न पाउँछु ।	कर्तृवाच्य
(ग)	हामी यहाँ सदाबहार हरियाली देख्न पाउँछौँ ।	कर्तृवाच्य
(घ)	तँ यहाँ सदाबहार हरियाली देख्न पाउँछस् ।	कर्तृवाच्य
(ङ)	तिमीहरू यहाँ सदाबहार हरियाली देख्न पाउँछौँ ।	कर्तृवाच्य
(च)	ऊ यहाँ सदाबहार हरियाली देख्न पाउँछ ।	कर्तृवाच्य
(छ)	उनीहरू यहाँ सदाबहार हरियाली देख्न पाउँछन् ।	कर्तृवाच्य

सिर्जनात्मक अभ्यास

१९. तिमीले देखेको कुनै एक रमणीय ठाउँको वर्णन लेखेर कक्षामा सुनाऊ ।

१ साथीलाई चिठी

गौरीशङ्कर माध्यमिक विद्यालय,
जिरी, दोलखा
२०७६/०५/२५

प्यारी साथी सलमा,
सुमधुर सम्झना ।

तिम्रो चिठी नआएको पनि झन्डै तीन महिना भइसकेछ । यता मैले पनि चिठी पठाउन पाएकी थिइनँ । चिठी लेख्ने त्यस्तो विषय पनि थिएन । आज भने नयाँ विषय पाएर चिठी लेख्दै छु ।

प्रथम त्रैमासिक परीक्षापछि हामी शैक्षिक भ्रमणमा गएका थियौँ । विद्यालयले शैक्षिक भ्रमणका निम्ति हामीलाई राष्ट्रिय प्राकृतिक विज्ञान सङ्ग्रहालय काठमाडौँ लगेको थियो । भ्रमण दलमा कक्षा सातका पैँतिस जना विद्यार्थी थियौँ । साथमा हामीलाई विज्ञान पढाउने गुरुआमा शान्ता जिरेल र गुरु सुशान्त हायु पनि हुनुहुन्थ्यो । हामी गएको सङ्ग्रहालय काठमाडौँको स्वयम्भूको छेउमै रहेछ । त्रिभुवन विश्वविद्यालयको यो सङ्ग्रहालय जीवविज्ञान पढ्ने विद्यार्थीका लागि उपयोगी रहेछ । त्यहाँ विभिन्न प्रकारका जीवजन्तु र वनस्पतिको शरीर तथा अवशेष जस्ताको तस्तै राखिएका रहेछन् ।

सङ्ग्रहालय प्रवेश शुल्क बिस रुपियाँ रहेछ । विद्यार्थीका निम्ति आधा सहुलियत भएकाले दश रुपियाँमा नै हेर्न पाइयो । साथीहरूले शैक्षिक भ्रमणको समूह नेता मलाई बनाएका थिए । त्यसैले मैले सबै जनाका निम्ति टिकट लिएँ । त्यसपछि हामी सबै सङ्ग्रहालयभित्र पस्यौँ ।

सङ्ग्रहालय साँच्चिकै रमाइलो रहेछ । त्यहाँ विभिन्न खालका जङ्गली जनावरका शरीर, अस्थिपञ्जर र अवशेष राखिएका रहेछन् । दुर्लभ जडीबुटीका पात, हाँगा र जरा पनि राखिएका रहेछन् । दर्शकहरूलाई हेर्न सजिलो होस् भनेर तिनलाई समूह समूहमा छुट्याइएको रहेछ ।

सङ्ग्रहालय : महत्त्वपूर्ण र दुर्लभ वस्तुहरू सङ्ग्रह गरी राखिएको घर
जीवविज्ञान : जीवजन्तुबारे अध्ययन गर्ने शास्त्र, प्राणीशास्त्र
वनस्पति : बोटबिरुवा, रुख आदि
अस्थिपञ्जर : प्राणीको हाड मात्रको संरचना, कङ्काल
अवशेष : जीवजन्तुको हाड, छाला जस्ता कुनै वस्तु, बचेको वा रहेको भाग
दुर्लभ : पाउन धेरै कठिन हुने

हामीले हरेक विभागमा गएर त्यहाँ राखेका जनावरका अवशेष हेर्‍यौँ । घाँस खाने वा शाकाहारी जन्तुहरूमा हात्ती, गैँडा, मृग, हरिण, जेब्रा, रातो पान्डा, नीलगाई, रतुवा मृग आदि रहेछन् । मांसाहारीमा सिंह, चितुवा, हिमाली भालु, वन बिरालो आदिका अवशेषहरू रहेछन् । त्यहाँ स्तनधारी मेरुदण्डीय र अमेरुदण्डीय प्राणीका अवशेष रहेछन् । स्थलचर, जलचर र उभयचर जलजन्तुका अवशेष पनि राखिएका रहेछन् । तिनमा पनि खुट्टाले फटाफट हिँड्ने हात्ती, गैँडा आदि र सर्प, गोही जस्ता घस्रेर हिँड्ने जन्तुलाई बेग्लाबेग्लै छुट्याएर राखिएको रहेछ । जताततै पाइने बिरालोदेखि पृथ्वीबाट बर्सौँ पहिले लोप भएको डाइनोसरका आकृतिहरू पनि रहेछन् । वनमान्छेको आकृति पनि रहेछ । अहिले नै हिँड्ला कि जस्तो गरी काँधमा लट्ठी तेर्स्याएको वनमान्छे त्यहाँको हेर्नैपर्ने चिज लाग्यो । त्यस्तै अजिङ्गरको अस्थिपञ्जर पनि हेर्नै पर्ने खालको थियो । हामीले घुमी घुमी यी सबै जीवजन्तुका अवशेष हेर्‍यौँ ।

त्यहाँ चरा, पुतली र साङ्ला आदि किराहरूको छुट्टै विभाग थियो । नेपालमा र संसारका अरू ठाउँमा पाइने पन्छी पनि राखेकाले यो विभाग पनि हेर्न लायक थियो । त्यहाँ मरेका चरालाई जिउँदै जस्तो लाग्ने गरी राखिएको देख्ता मलाई अचम्म लाग्यो । प्वाँख र भुत्ला नउखेली पशुपन्छीको छाला काढेर सुकाई भित्रपट्टि पराल खाँदेर सिलाउँदा रहेछन् । गुच्चाका आँखा राखेपछि त्यो जिउँदो जन्तु जस्तै देखिँदो रहेछ । जनावरका अवशेष पनि यसरी नै राखिएका रहेछन् । यस्तो कलालाई चर्मशिल्प भन्दा रहेछन् । त्यस सिपको उपयोग त्यहाँ भएको देखियो । अस्थिपञ्जर मात्र सजाएर राखेको पनि देखियो । त्यहाँ सबैभन्दा ठुलो चरा अस्ट्रिजको अन्डा पनि रहेछ । सप्रेको बेलको फल जत्रै अस्ट्रिजका अन्डा देख्ता हामी छक्क पर्‍यौँ । पन्छीहरूमा डाँफे, कुथुर्के, विभिन्न जातका हाँसहरू, जङ्गली कुखुरा, धनेस, मयूर, लाटोकोसेरो, कालिज आदि थिए । त्यो देख्ता मलाई त पन्छीको संसारमा पुगे जस्तो पो लाग्यो ।

मांसाहारी : मासु मात्र खाने, मासु मात्र आहार भएको जन्तु, हिंस्रक जन्तु
स्तनधारी : बच्चा जन्माउने र त्यसलाई दुध खुवाउने जन्तु
मेरुदण्डीय : ढाड वा मेरुदण्ड हुने
अमेरुदण्डीय : ढाड वा मेरुदण्ड नहुने
स्थलचर : जमिनमा मात्र पाइने, जमिनमा मात्र बाँच्ने
जलचर : पानीमा मात्र पाइने, पानीमा मात्र बाँच्ने
उभयचर : पानी तथा जमिन दुवै ठाँउमा बस्ने, जल र स्थल दुवै ठाउँमा बाँच्ने
डाइनोसर : हजारौँ वर्षअघि नै पृथ्वीबाट लोप भएको एक जीव
आकृति : आकार, स्वरूप
चर्मशिल्प : कुनै जन्तुको छालाले मोढेर जन्तुको उस्तै स्वरूप बनाउने सिप

हामी पशु र पन्छीहरूका अवशेष हेरिसकेर वनस्पति विभागमा छिर्यौं । त्यहाँ दुर्लभ जडीबुटी चिराइतो, पाँचऔंले, जटामसी आदि हेर्यौं । रुखको सुकेको मुढामा उम्रने विभिन्न जातका च्याउ पनि हेर्यौं । झुसिलकिराको पिठिउँमा उम्रेर बढ्ने दुर्लभ जडीबुटी यार्चागुम्बा पनि हेर्यौं ।

यसरी घुम्दाघुम्दै दिउँसोको तीन बजिसकेछ । हामीलाई भोक लाग्यो । हेर्ने कुरा पनि सकिएकाले हामी बाहिर निस्कियौं । सबै जना नजिकको होटलमा खाजा खान गयौं ।

सलमा, चिठी निकै लामो भयो । दिक्क नमान है ! बरु तिमी पनि कतै घुमेकी छ्यौ होला । त्यसबारे वर्णन गरेर चिठी लेख । अहिले यस पत्रबाट बिदा भएँ ल ! बाँकी कुरा अर्को पत्रमा लेखुँला ।

तिम्री साथी

सीता जिरेल

खामको नमुना

पठाउने	पाउने	टिकट
सीता जिरेल	सलमा श्रेष्ठ	
गौरीशङ्कर मा.वि.	सरस्वती मा.वि.	
जिरी, दोलखा	चौतारा, सिन्धुपाल्चोक	

अभ्यास

१. उत्तर भन :

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) सीताले सलमालाई कति महिनापछि यो चिठी लेखेकी हुन् ?

(ग) राष्ट्रिय प्राकृतिक विज्ञान सङ्ग्रहालय कहाँ छ ?

(घ) शैक्षिक भ्रमणमा कति जना गएका थिए ?

(ङ) गुरु र गुरुआमाको नाम के हो ?

(च) शैक्षिक भ्रमणको समूह नेता को थियो र उसले के काम गऱ्यो ?

२. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) माछा कस्तो जन्तु हो ?

(अ) स्तनधारी, अमेरुदण्डीय र स्थलचर

(आ) स्तनधारी, अमेरुदण्डीय र उभयचर

(इ) अस्तनधारी, मेरुदण्डीय र जलचर

(ख) बाघ कस्तो जन्तु हो ?

(अ) स्तनधारी, मेरुदण्डीय र उभयचर

(आ) स्तनधारी, मेरुदण्डीय र स्थलचर

(इ) अस्तनधारी, अमेरुदण्डीय र जलचर

(ग) मृग कस्तो जन्तु हो ?

(अ) स्तनधारी, मांसाहारी र उभयचर

(आ) स्तनधारी, शाकाहारी र स्थलचर

(इ) स्तनधारी, सर्वाहारी र जलचर

(घ) वनमान्छे कुन वर्गमा पर्ने प्राणी होला ?

(अ) स्तनधारी र जलचर

(आ) स्तनधारी र उभयचर

(इ) स्तनधारी र स्थलचर

३. उत्तर लेख :

(क) सङ्ग्रहालयमा के के राखिएका रहेछन् ?

(ख) मांसाहारी जन्तुहरू के के हुन् ?

(ग) कस्ता जन्तुलाई स्तनधारी भनिन्छ ?

(घ) मेरुदण्ड भनेको के हो र मेरुदण्डीय प्राणीमा कुन कुन पर्दछन् ?

(ङ) जलचर र स्थलचर प्राणी भन्नाले कस्ता र कुन कुन प्राणी बुझिन्छ ?

४. तिमी आफूले जाडो बिदाको छुट्टीमा गरेको कुनै भ्रमणको छोटो वर्णन गरी पाठको चिठीको उत्तर देऊ ।

५. विद्यालयले आयोजना गरेको वनभोज कार्यक्रमको वर्णन गरी साथीलाई चिठी लेख ।

शब्दभण्डार

६. कुन शब्दले सबै प्राणीलाई समेट्छ ? लेख्नुहोस्

(क) मृग, बाघ, नीलगाई, प्राणी, सर्प, माछो, हात्ती

(ख) पाँचऔँले, जटामसी, जडीबुटी, चिराइतो

(ग) सर्प, गोही, घस्रने जन्तु, अजिङ्गर, छेपारो

(घ) परेवा, कुखुरा, डाँफे, मुनाल, पन्छी, ढुकुर

७. 'सङ्ग्रहालय' सङ्ग्रह र आलय दुई शब्दले बनेको छ । तलका शब्दमा 'आलय' जोड्दा बन्ने शब्द भन :

अनाथ, देव, शिव, शौच, निर्देशन, कार्य

८. तलका शब्दलाई शुद्ध गर :

वैग्याँनिक, पञ्छी, शैछिक, निकुन्ज, कुन्ड, भन्डार, संरछ्यण, पछ्य, दच्छिण

९. तलका शब्द पढ र बुझ :

सङ्ग्रहालय, अस्थिपञ्जर, अवशेष, वनस्पति, मेरुदण्डीय, अमेरुदण्डीय, जलचर, स्थलचर, उभयचर, स्तनधारी

यी प्राविधिक शब्द हुन् । विज्ञान र प्रविधिका क्षेत्रमा प्राविधिक शब्दको बढी प्रयोग हुन्छ । माथिका शब्दको अर्थ राम्ररी बुझ ।

उच्चारण र हिज्जे

१०. कक्षामा पाठको चिठी पढेर सुनाऊ ।

११. तलका शब्द ठिकसँग उच्चारण गर र कापीमा सार :

मेरुदण्ड, पृथ्वी, चर्मशिल्प, अस्ट्रिज, मुढा, जडीबुटी, जटामसी, अक्टोपस, यार्चागुम्बा

१२. पाठबाट अन्त्यमा दीर्घ इकारको मात्रा हुने दशओटा शब्दहरू खोजेर लेख ।

१३. पाठबाट शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्द टिप ।

१४. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

कार्यमूलक व्याकरण

१५. पढ र बुझ :

तिम्रो चिठी नआएको पनि झन्डै तीन महिना भएछ ।

सङ्ग्रहालय साँच्चिकै रमाइलो रहेछ ।

उनीहरू सबैरै सङ्ग्रहालय पुगेछन् ।

वनमान्छे देख्दा साथीहरू छक्क परेछन् ।

यसरी घुम्दाघुम्दै दिउँसोको तीन बजिसकेछ ।

माथिका वाक्यमा भएछ, रहेछ, पुगेछन्, परेछन् र सकेछ क्रियाको प्रयोग भएको छ । ती अज्ञात पक्ष जनाउने क्रियापद हुन् ।

१६. तलका वाक्यलाई अज्ञात पक्षमा परिवर्तन गर :

विद्यार्थीहरू वनभोज गए । वनभोजमा मिठा मिठा परिकार खाए । उनीहरूले नाचगान गरे । चिट्ठा तानेर खेल खेले । आँखामा पट्टी बाँधेर हाँडी फुटाए । साढे पाँच बजे घर फर्के । सबै विद्यार्थीहरू समयमा नै घर आइपुगे ।

सिर्जनात्मक अभ्यास

१७. आफू बसेको गाउँ/टोलको सुधारका लागि गर्नुपर्ने कामको वर्णन गरी समाजसेवाको काम गर्ने दिदीलाई चिठी लेख ।

१८. पढ, बुझ र गर :

जन्मोत्सवको उपलक्ष्यमा शुभकामना

प्यारी साथी शान्ता गुरुङ

तिमी आज भदौ २ गते बाह्र वर्ष पूरा गरी तेर वर्षमा प्रवेश गरेको शुभ जन्मोत्सवको उपलक्ष्यमा हामी तिम्रो सुस्वास्थ्य, उन्नति एवम् दीर्घ जीवनको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

कक्षा सातका सम्पूर्ण साथीहरू

माथिको शुभकामना पत्र हेरी तिहारको उपलक्ष्यमा साथीलाई दिने शुभकामना पत्र तयार गर ।

१० सुन उगेल्ने भाले



उहिले उहिले अरुण **उपत्यका**मा थुप्रै किरात राजाहरू थिए । त्यस्ता राजाहरूलाई **आपुङ्गी राजा** भनिन्थ्यो । सबै आपुङ्गी राजाहरूका ससाना राज्य थिए । त्यस्ता राज्यका रैतीहरूले तिरो नतिरेपछि राजाहरू पनि गरिब नै हुन्थे । सम्पन्न र ठुलो देशको राजा हुने रहरले सबैलाई **महत्त्वाकाङ्क्षी** बनाएको थियो । त्यसैले एक राजाले अर्को राजाको राज्यमा हमला गरिरहन्थे । सधैँ झगडा र **कचिङ्गल** भइरहन्थ्यो । यसबाट हैरान भएर एक किरात राजा अरुण उपत्यकामा शान्ति ल्याउने उपाय सोध्न **पारुहाङ**कहाँ पुगे । उनले किरात राजाहरूबिचको **बेमेल** र **बेथिति**का सबै कुरा सुनाए । पारुहाङले किरात राजाहरूको समस्या समाधान गर्ने विचार गरे ।

उपत्यका	:	पहाडले घेरिएको बिचको समथर जमिन
आपुङ्गी राजा	:	ससाना राज्यका राजा
महत्त्वाकाङ्क्षी	:	ठुलो वा शक्तिशाली हुने रहर भएको
कचिङ्गल	:	झगडा
पारुहाङ	:	किरातहरूका देवता, शिव
बेमेल	:	मेल नभएको अवस्था
बेथिती	:	थिति वा नियम कानुन नभएको अवस्था

उनले आफूलाई भेट्न आएका राजालाई एउटा सुन उगेल्ने भाले र सुनकै पेरुङ्गो उपहार दिए । पारुहाङले भने, "यसले तिमीहरूको समस्या समाधान गर्ने छ ।"

राजा खुसी हुँदै सुनको पेरुङ्गोमा भाले बोकेर दरबार फर्किए । भोलिपल्ट बिहान घाम झुल्किने बेलामा कुखुरी काँ गर्दै भाले बास्यो । भालेले त्यहीँ आफ्नो मुखबाट एक डल्लो सुन पनि उगेल्यो । त्यसैगरी घाम अस्ताउने बेलामा पनि बिहानको झैँ बास्तै सुन उगेल्यो । यस्तो सुन उगेल्ने भाले पाएपछि राजा दङ्ङ परे । उनी आफैँ त्यस कुखुराको हेरचाह तथा दानापानीको बन्दोबस्त गर्थे ।

केही दिनमै दरबारका सबै कोठाचोटा सुनका डल्लाले भरिए । अब राजाले सुनका डल्ला पालै पालो आफ्ना रैतीहरूलाई बाँड्न थाले । राज्यका सबै रैतीहरू धनी र सुखी हुन थाले । त्यस राज्यको बयान चारैतर्फ फैलियो ।

एक दिन बिहान राजा भालेलाई पेरुङ्गोबाट बाहिर निकाल्दै थिए । पेरुङ्गोबाट बाहिर ननिकाली भालेले सुन उगेल्दैनथ्यो । त्यसैले राजा आफैँ त्यसलाई बाहिर निकाल्दै थिए । यसरी निकाल्न लाग्दा थुनिएको चरा न हो, त्यो त भुर्र उडेर जङ्गलतिर भाग्यो । राजाले हडबडाउँदै तत्कालै त्यसलाई समाउन देशका सारा सेना परिचालन गरे । भालेलाई पछ्याउँदै सेनापति जङ्गलसम्म पुगे तर कसैको केही लागेन । जङ्गलको पत्करमै त्यो भाले हरायो । भाले हराएकाले राजा धेरै चिन्तित भए । भोलिपल्ट उनले सबै भारदारलाई बोलाए । उनले सुन उगेल्ने त्यो भाले कसरी भेट्न सकिएला भनी सोधे । भारदारहरूले राजालाई अनेक सल्लाह दिए तर राजाको चित्त बुझेन । राजा आफैँले एउटा जुक्ति सोचे । उनले सबैतिर उर्दी गरे, "हराएको भाले खोजेर सात दिनभित्र ल्याउनेलाई देशको सेनापति बनाइने छ ।"

राजाको उर्दी तुरुन्तै देशभरि फैलियो । भाले खोजेर ल्याई देशको सेनापति बन्ने रहरले तीन जना मानिस राजाको सामु उपस्थित भए । तीन जनामध्ये एउटालाई बोलाएर राजाले सोधे, "सुन उगेल्ने भाले खोज्न तिमी कता जान्छौ ?" त्यस व्यक्तिले जबाफ दियो, "म माङ्खालुङ (मकालु) हिमालतिर जान्छु । त्यो भाले हिमालको कुनै न कुनै पाटोमा लुकेर बसेको हुनुपर्छ । म त्यसलाई पक्रेर अवश्य ल्याउँछु ।"

पेरुङ्गो : चोयाबाट बनेको कुखुरा, परेवा, सुँगुर, च्याउ, माछा, आदि चिज हाल्ने भाँडो
कोठाचोटा : कोठा र कोठा बाहिरको खाली ठाउँ
परिचालन : सञ्चालन, काममा खटाउने कार्य
पत्कर : सुकेका पातको थुप्रो
भारदार : राजाका मुख्य कर्मचारी, मन्त्री सचिव आदि
उर्दी : घोषणा
सेनापति : सेनाको सबैभन्दा ठुलो पद
मकालु : अरुण उपत्यकाभन्दा उत्तरतिरको हिमाल

राजाले दोस्रो व्यक्तिलाई बोलाएर सोधे, "तिमी कता जान्छौ नि ?" दोस्रो व्यक्तिले भन्यो, "म चिचिलाको पातल जङ्गलमा जान्छु । आपट्टे पातल जङ्गलमा त्यो लुकेर बसेको हुनुपर्छ । कुखुरा न हो, त्यो त पतिङ्गरले छोपिएर पनि बस्न सक्छ । म त्यसलाई पक्री लिएर आउँछु ।" त्यसैगरी राजाले तेस्रो व्यक्तिलाई सोधे । उसले भन्यो, "म खुवालुङतर्फ (सप्तकोसी तथा वराह क्षेत्र वरपर) जान्छु । भाले त्यहींको खाँचमा लुकेको हुनुपर्छ । म त्यतै खोजी गर्छु ।"

राजाले तीनै जनालाई कुखुरा समाउन आवश्यक पर्ने लिसोपासो, जाल, डोरी आदि दिएर पठाए । तिनै जना आआफ्नो बाटो लागे ।

माङ्खालुङ हिमाल पुगेको मानिस बलियो र साहसी थियो । उसले माङ्खालुङ हिमालको खाँचमा भालेलाई देख्यो । भाले समाउन जाल, डोरी आदि सबैको प्रयोग गऱ्यो तर समाउन सकेन । भाले माङ्खालुङ हिमाल छोडेर चिचिलाको पाताल वनमा पस्यो ।

भाले खोज्न चिचिलाको वनमा पुगेको मानिसले एउटा अग्लो रुखमा भाले बसेको देख्यो । उसले खुसी हुँदै त्यस वनका अनेकौँ रुखमा लिसोपासो र जाल पनि थाप्यो । समाउने उद्देश्यले उसले भालेलाई हर्कायो । भालेले पहिले नै आफूलाई समाउन लिसोपासो थापेको थाहा पाइसकेको थियो । त्यसैले डराएको त्यो भाले वेग हान्दै अरुण नदीमा पुग्यो । अरुणको पानी माथि माथि उड्दै खुवालुङ नजिकैको सप्तकोसीतिर झऱ्यो र बगरको ठुलो ढुङ्गामा बस्यो । तेस्रो व्यक्ति सप्तकोसीमा डुङ्गा खियाउँदै भाले कतै छ कि भनेर वारिपारि हेर्दै थियो । उसले नजिकै एउटा ढुङ्गामाथि भाले बसेको देख्यो । भाले अत्यन्त डराएको थियो । सशङ्कित भएर क्वाँक.. ...क्वाँक गर्दै चारैतिर हेर्दै थियो । उसले भाले डराएको हो भन्ने बुझिहाल्यो । त्यसैले हतारिएर लिसोपासो थापेन । बरु आफ्नो कम्मरमा सिउरिएको बाँसुरी झिक्यो र बजाउन थाल्यो । भाले बाँसुरी बजाएको धुन सुन्न थाल्यो । बाँसुरी बजाएर थाकेपछि ऊ हाक्पारे भाकामा गीत गाउन थाल्यो । भाले बाँसुरीको धुन र हाक्पारे गीतबाट अत्यन्त प्रभावित भयो । त्यो कतै भागेन । ढुङ्गामा उभिएर सुनिरह्यो । ऊ शान्त भएर नदीमा डुङ्गा खियाउँदै, बाँसुरी बजाउँदै र हाक्पारे गाउँदै दिन बिताउन थाल्यो ।

पातल	:	बाक्लो, घना
आपट्टे	:	डरलाग्दो
पतिङ्गर	:	पत्कर
खाँच	:	दुई पहाडका बिचको साँगुरो ठाउँ
लिसोपासो	:	टेक्दा वा छुँदा टाँसिने र हिँड्दा कसिने सिकारको साधन
हर्काउनु	:	खेद्नु
बगर	:	खोलाको किनार
डुङ्गा खियाउनु	:	नाउ पानीमा हिँडाउनु
सशङ्कित	:	शङ्का गरेको
हाक्पारे	:	लामो लेग्रो तान्दै गीत गाउने किरात गीतको एक भाका

उसले त्यस भालेले मन पराउने चारो पनि दरबारबाट सुटुक्क लगेको थियो । उसले त्यो चारो बगरमा छरिदियो । भाले चारो टिप्न थाल्यो । त्यो मानिस भने केही पनि थाहा नपाएको जस्तो गरी बाँसुरी बजाउँदै हाक्पारे गाउँदै अलिपर डुल्न थाल्यो । यसरी दुई तिन दिनपछि भाले त्यस मानिसप्रति आकर्षित हुँदै गयो । यस्तैमा छ दिन बित्यो ।



छ दिनसम्म पनि भाले खोज्न गएका मानिस सम्पर्कमा आएनन् । यो देखेर उता दरबारमा राजा छट्पटाउन थाले । सातौँ दिन भाले खोज्न माङ्खालुङ हिमाल र चिचिलाको जङ्गलतिर गएका मानिस रित्तै फर्किए । उनीहरू रित्तै फर्केको देखेर राजा ज्यादै निराश भए । साँझ पर्न लागेको थियो । दरबारको केही पर बाँसुरीको मिठो धुन सुनियो । सबैले डाँडामा निस्केर हेरे । सप्तकोसीतिर भाले समाउन हिँडेको मानिस बाँसुरी बजाउँदै आउँदै थियो । उसको काँधमा भाले बसेको थियो । बिस्तारै त्यो मानिस दरबारको आँगनमा आइपुग्यो । उसले भाले राजालाई जिम्मा लगायो । सबै छक्क परे ।

भाले समातेर ल्याउने व्यक्तिलाई राजाले सोधे, “तिमीले लगेको लिसोपासो पनि सबै जस्ताको तस्तै छ । जाल पनि फुकाएका छैनौ । उल्टै केही नगरीकन काँधमा राखेर पो भालेलाई ल्यायौ । यो कसरी सम्भव भयो ?”

त्यस व्यक्तिले नम्र भएर भन्यो, “मैले यो चरा डराउँदै आएको देखेँ । यसलाई मैले लिसोपासो, जाल थापेर र लखेटेर समाउन सकिँदैन भन्ने थाहा पाएँ । त्यसैले मैले बाँसुरी बजाएर हाक्पारे

गाउँदै यसलाई मन पर्ने चारो पनि दिन थालेँ । मैले यसलाई खुसी पार्न थालेँ । बिस्तारै यो भाले मेरो नजिक हुँदै गयो । पछि त मेरो टाउकामा आएर बस्न पो थाल्यो । यसरी यो यहाँ आइपुग्यो । कसैलाई पनि हप्काएर दप्काएर लखेटेर दु:ख दिएर आफ्नो बनाउन सकिँदैन । मिठो बोली, वचन र व्यवहारले सबैलाई प्रभावित पारेर आफ्नो पार्न सकिन्छ । यसबाट नै जीवन सुखमय बनाउन सकिन्छ । मैलै गरेको र बुझेको यत्ति हो ।"

त्यस मानिसका कुरा सुनेर राजा अत्यन्त खुसी भए र उसलाई आफ्नो सेनापति बनाए ।

दप्काउनु : पिट्नु

अभ्यास

१. उत्तर भन :

(क) ससाना राज्यका राजालाई के भनिन्थ्यो ?

(ख) राजा पारुहाङकहाँ किन गए ?

(ग) राजाले सुनका डल्ला कसलाई बाँडे ?

(घ) भाले कहाँ हरायो ?

(ङ) भाले खोज्न राजाले के गरे ?

(च) पहिलो व्यक्ति भाले खोज्न कतातिर लाग्यो ?

(छ) दोस्रो र तेस्रो व्यक्ति भाले खोज्न कतातिर लागे ?

(ज) तेस्रो व्यक्तिले भालेलाई के के सुनायो ?

(झ) तेस्रो व्यक्तिले भालेलाई केमा राखेर ल्यायो ?

(ञ) राज्यको नयाँ सेनापति को भयो ?

२. कसले कसलाई भनेको हो, पाठका आधारमा लेख :

(क) यसले तिमीहरूको समस्या समाधान गर्ने छ ।

(ख) त्यो भाले हिमालको कुनै न कुनै पाटोमा लुकेर बसेको हुनुपर्छ ।

(ग) कुखुरा न हो, त्यो पतिङ्गरले छोपिएर पनि बस्न सक्छ ।

(घ) भाले त्यहीँको खोँचमा लुकेको हुनुपर्छ । म त्यतै खोजी गर्छु ।

(ङ) उल्टै केही नगरीकन काँधमा राखेर पो भालेलाई ल्यायौ ।

३. उत्तर लेख :

(क) राज्यहरूबिच किन झगडा र कचिङ्गल भइरहन्थ्यो ?

(ख) राजा किन पारुहाङकहाँ गएका हुन् ?

(ग) उपहार पाएको भालेका के के विशेषता थिए ?

(घ) भाले कसरी पेरुङ्गोबाट फुत्कियो ?

(ङ) पहिलो र दोस्रो व्यक्तिले किन भाले समाउन सकेनन् ?

(च) तेस्रो व्यक्तिले कसरी भाले समातेर ल्यायो ?

(छ) पशुपन्छी पनि कस्तो व्यवहार चाहँदा रहेछन् ?

४. भाव विस्तार गर :

कसैलाई पनि हप्काएर, दप्काएर, लखेटेर, दुःख दिएर आफ्नो बनाउन सकिँदैन । मिठो बोली, वचन र व्यवहारले प्रभावित पारेर आफ्नो पार्न सकिन्छ ।

५. पहिलो र दोस्रो व्यक्तिले समात्न नसकेको भालेलाई तेस्रो व्यक्तिले काँधमा राखेर दरबारमा ल्याउन सक्नुको कारणबारे कक्षामा साथीहरूसँग छलफल गरेर पालैपालो भन ।

शब्दभण्डार

६. तल्लो हरफका उही अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

दानापानी	बन्दोबस्त	तिरो	हमला	पत्कर
कर	आक्रमण	तर्जुमा	पतिङ्गर	चारोपानी

७. तल्लो हरफका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

सुखमय	शान्त	रैती	सम्पन्न	उगेल्नु
निल्नु	राजा	विपन्न	दुःखमय	अशान्त

८. एकबाट पहिलो वा प्रथम दुईबाट दोस्रो भए झैं तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश, बिस, पचास र सयबाट के के बन्छन्, साथीहरूसँग छलफल गरेर भन ।

९. डोरोबाट डोरी बने जस्तै तलका शब्दबाट बन्ने शब्द भन :

ठेको, गाग्रो, कोदालो, डालो, गेडो, ताउलो

उच्चारण र हिज्जे

१०. पाठको कथा पालैपालो पढ र साथीले पढेको पनि सुन ।

११. तलका शब्द शुद्धसँग उच्चारण गर :

उपत्यका, आपुङ्गी, महत्त्वाकाङ्क्षी, पेरुङ्गो, बन्दोबस्त, माङ्खालुङ, आपट्टे, खुवालुङ, सशङ्कित, क्वाँकक्वाँक, पारुहाङ

१२. तलका शब्द उच्चारण गरी 'व' उच्चारण गरेर 'व' नै लेखिने शब्द चिन :

वर, वरिपरि, वारि, वकिल, वास्ता, खुवा, कछुवा, भुवा, मेवा, पेवा, बिरुवा, करुवा, हलुवा, कुवा, रुवा, भुवा, सेकुवा, बेरुवा, बढुवा, कुरुवा, भुटुवा, सुरुवा, वाल्ल, ट्वाल्ल, छ्वाल्ल, छ्वाली, क्वाँक्वाँ, स्वाट्ट, ह्वात्त, वाहवाह

१३. तलका शब्दलाई शुद्धसँग लेख :

पेरुंगो, कचिंगल, पतिंगर, संझना, झंटनु, कंचट

१४. पाठको पाँचौं अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१५. तलका वाक्यहरूलाई पाठ हेरेर सच्याऊ :

तेस ब्यक्तिले नम्र भयेर भनो, मैले यो चरा डराउदै आएको देखे । मैले यसलाई लीसोपाशो, जाल थापेर र लखेटेर समाउन शकिदैन् भन्ने थाह पाए ।

१६. तलका वाक्यका गाढा अक्षरका क्रियापद हेर र अपूर्ण पक्षबारे बुझ :

(क) एक दिन बिहान राजा भालेलाई पेरुङ्गोबाट बाहिर **निकाल्दै थिए** ।

(ख) भाले सशङ्कित भएर क्वाँकक्वाँक **गर्दै थियो** ।

(ग) अरुणको पानी माथि माथि भाले **उड्दै थियो** ।

(घ) भाले समाउन हिँडेको तेस्रो व्यक्ति बाँसुरी **बजाउँदै थियो** ।

धातुमा तै, दै लाग्दा अपूर्ण पक्षको क्रियापद बन्दछ । माथिका निकाल्दै, गर्दै, उड्दै, बजाउँदै अपूर्ण पक्षका क्रियापद हुन् । ती क्रियापदमा थियो जोड्दा भूतकालको अपूर्ण भूत पक्षको क्रियापद बन्छ, छ जोड्दा अपूर्ण वर्तमान पक्षको क्रियापद बन्छ । त्यस्तै हुने छ जोडेमा भविष्यत् कालको अपूर्ण पक्ष जनाउने क्रियापद बन्दछ ।

१७. तलका क्रियापदलाई क्रमशः छ, थियो र हुने छका साथमा राखेर अपूर्ण पक्ष जनाउने तीनै कालका क्रियापद बनाएर आफ्नो भाइको वर्णन गर :

पढ्दै, खेल्दै, डुल्दै, हाँस्दै, रमाउँदै, उफ्रँदै, पिउँदै, खाँदै, रुँदै, खोक्दै

१८. तलका वाक्यका गाढा अक्षर भएका शब्द पढ र क्रियायोगीबारे बुझ :

उहिले उहिले अरुण उपत्यकामा थुप्रै किरात राज्यहरू थिए ।

सधैँ झगडा र कचिङ्गल भइरहन्थ्यो ।

कुखुरो भुर्र उड्यो ।

राजाले हडबडाउँदै भालेलाई समाउन सेना परिचालन गरे ।

राजाको उर्दी तुरुन्तै देशभरि फैलियो ।

माथिका वाक्यका गाढा अक्षरका शब्दले क्रियापदको वर्णन गरेका छन् । क्रियाको स्थान, समय, काम गर्दाको तरिका वा रीति बुझाउने यस्ता शब्द क्रियायोगी हुन् । क्रियायोगी धेरै छन् ।

तलका क्रियायोगी शब्द पढ :

यहाँ, त्यहाँ, अगि, पछि, माथि, मुनि, भित्र, बाहिर, वारि, पारि, नजिकै

आज, हिजो, भोलि, अहिले, उहिले, कहिले, बिहान, बेलुका

झन्, ज्यादै, बेसरी, यसरी, भुर्र, क्वाँकक्वाँक, भ्याटभ्याट

मगमग, दनदन, सरासर, सुटुक्क, तुरुन्त, अत्यन्त

(क) **पाठको नवौँ अनुच्छेदबाट क्रियायोगी शब्द खोज र भन ।**

(ख) **तलका क्रियायोगी प्रयोग गरी विद्यालयको खेल मैदानको वर्णन गर :**

यहाँ, झन्, नजिकै, हिजो, अहिले, पहिले, सरासर, तुरुन्त, अत्यन्त

सिर्जनात्मक अभ्यास

१९. **कुखुरो एउटा पन्छी मात्र हो । त्यसले राजाले पनि गर्न नसकेको समस्याको समाधान कसरी गऱ्यो होला, कक्षामा छलफल गर ।**

२०. **तलका बुँदाका आधारमा छोटो कथा लेख :**

एक जना सेठ हुनु... सेठसँग धेरै सुन हुनु... अझ सुन बढाउने चाहना हुनु ... एक दिन एउटा मानिसको घरमा सेठ पुग्नु... त्यस मानिसले सेठलाई आफ्नो खेतमा सुन फल्छ भन्नु... सुनको बिउ सुन नै चाहिन्छ भन्नु... बिउ धेरै नभएकाले दुई गरामा मात्र सुन रोपेको कुरा गर्नु... सेठले धेरै सुन दिएर खेत किन्न खोज्नु... त्यस मानिसले खेत नबेच्नु ... बिउ दिए उब्जेको सुन आधा आधा दिन खेतीवाल तयार हुनु ... सेठले पाँच तोला सुन बिउ दिनु... खेतीवालले छ महिनापछि १० तोला सुन दिनु... सेठले आफूसँगको सबै १०० तोला सुन बिउ दिनु... छ महिनापछि खेतीवाल रुँदै सेठकहाँ आउनु... उसले सुक्खा लागेर सुनको बिउ नउम्रेको र सबै सुन नष्ट भएको बताउनु... सेठ जिल्लिनु... लोभले लाभ, लाभले विलाप हुन्छ भन्ने शिक्षा पाउनु ।

२१. **तिमीले सुनेको कुनै लोककथा कक्षामा सुनाऊ ।**

११ कृषि ठुलो कि उद्योग ठुलो

अमरसिंह माध्यमिक विद्यालय, पोखरा, कास्कीमा आज कक्षा सातका विद्यार्थीहरूको **वादविवाद** प्रतियोगिता छ । कक्षा सातका बिस जना विद्यार्थीमध्ये दश जनाले पक्ष र दश जनाले विपक्षमा बोल्न नाम लेखाएका थिए । तीमध्ये चार जना छात्रछात्रा प्रतियोगितामा आज सहभागी हुँदै छन् । कार्यक्रमको सञ्चालन गर्न विद्यार्थीहरू आफैँ चिट्ठा हाल्छन् । चिट्ठा तान्दा अरुणा तामाङलाई उद्घोषणको जिम्मेवारी पऱ्यो । सभाध्यक्ष हुने चिट्ठा प्रमिला गुरुङलाई र समय पालकको चिट्ठा छिरिङ शेर्पालाई पऱ्यो । निर्णायक हुने चिट्ठा सतीश कायस्थ, अनिता पुन र तिलक बज्राचार्यले ताने । सबैले आआफ्नो जिम्मेवारी लिए । कार्यक्रम सुरु भयो ।

उद्घोषक : श्री सभाध्यक्षज्यू, गुरु र गुरुआमा, **निर्णायक मण्डल**का सदस्यहरू र प्यारा साथीहरूमा मेरो हार्दिक नमस्कार । आजको वादविवादको विषय छ : 'कृषि ठुलो कि उद्योग ठुलो' विषयको पक्ष र विपक्षमा बोल्ने साथीहरू हुनुहुन्छ - रियाज अहमद, चित्रकला यादव, सञ्जय चौधरी र रीतिका बस्नेत ।

सभाध्यक्षको आज्ञाले म प्रतियोगितामा पालना गर्नुपर्ने नियम सुनाएर कार्यक्रम सुरु गर्छु :

वादविवाद : पक्ष र विपक्ष भएर गरिने छलफल

निर्णायक मण्डल : निर्णय गर्ने समूह

बोल्दा कुनै टिपोट हेर्न पाइने छैन । तर्कको खण्डन गर्दा व्यक्तिगत आक्षेप लगाउन पाइने छैन । प्रत्येक प्रतियोगीले बोल्ने समय पाँच मिनेट तोकिएको छ । चार मिनेटमा जनाउ घन्टी र त्यसको एक मिनेटपछि दोस्रो घन्टी बज्ने छ । दोस्रो घन्टी बज्नासाथ वक्तव्य पूरा गर्नुपर्ने छ ।

निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

अब प्रतियोगिता सुरु हुन्छ । सर्वप्रथम विषयको पक्षमा बोल्नुहुन्छ :

रियाज अहमद

श्री सभाध्यक्षज्यू, आदरणीय गुरु र गुरुआमा, निर्णायकज्यूहरू र प्यारा साथीहरू !

म नेपालमा कृषिलाई जोड दिनुपर्छ भन्ने पक्षमा बोल्दै छु ।

नेपाल कृषिप्रधान देश हो । अरूको देखासिकीमा यहाँ कृषियोग्य जग्गा बेचेर उद्योग खोल्ने लहर चल्यो तर पर्याप्त पुँजी र कुशल व्यवस्थापनको अभाव भयो । सही प्राविधिक ज्ञान, तालिम प्राप्त कामदारहरू पाइएनन् र उद्योगहरू बन्द भए ।

हाम्रो गाउँमा एक जना मध्यम वर्गीय कृषक थिए । उनले खेत बेचेर उद्योग खोले । उद्योग चलाउने अनुभव र ज्ञान उनमा थिएन । केही समय चलाइ हेरे, राम्ररी चलाउन सकेनन् । उद्योग बन्द भयो । उनी टेक्ने न समाउने अवस्थामा पुगे भने त्यहाँका मजदुर पनि बेरोजगार भए । यो त एउटा उदाहरण मात्र हो । देशभर खोजेमा यस्ता उदाहरण सयौँ पाइन्छन् । त्यसैले औद्योगिक विकासले नेपालको उन्नति हुन सक्दैन ।

नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । असी प्रतिशतभन्दा बढी नेपाली कृषिमा संलग्न छन् । कृषिमा अनुभवी जनशक्ति पर्याप्त छ । यसका लागि जमिन छ, परम्परागत प्रविधि छ । हलो, कोदालो बनाउने र मर्मत सम्भार गर्ने सिप छ । पुर्खाहरूले छनोट गरेका अन्नबालीका सयौँ प्रकारका बिउहरू छन् । कुन बिउ कहिले र कसरी रोप्नुपर्छ भन्ने ज्ञान एवम् अनुभव छ । त्यसै ले कृषि गर्न सजिलो छ ।

आक्षेप	:	छेडछाड, गाली, दोष
कुशल व्यवस्थापन	:	कुनै कामको निपुणतापूर्वक मिलाउने चाँजो
मध्यम वर्गीय	:	गुजारा चलाउन पुग्ने धन भएको समूह वा वर्गको
टेक्ने न समाउने	:	टेक्ने र समाउने ठाउँ नभएको, आश्रयहीन
बेरोजगार	:	काम नभएको, रोजगार नभएको, बेइलमी
अर्थतन्त्र	:	अर्थ व्यवस्था वा आर्थिक प्रणाली
जनशक्ति	:	मानव शक्ति

आफ्नो परिवार समाजसँग भएको अनुभवको उपयोग गर्नुपर्छ । ठिक समयमा राम्रो बिउ बिजनबाट सही किसिमले खेती गर्नुपर्छ । बुढाबुढीले भन्ने गर्थे : धावन्ती खेती, घोकन्ती विद्या । खेतीका लागि धाउनुपर्छ भनेको अलिक मन लगाएर काम गर्नुपर्छ भनेको हो । मन लगाएर परम्परागत प्रविधिमा अलिकति सुधार गरेर खेती गर्नुपर्छ ।

हामीलाई यत्तिको खाँचो छ । यसो गर्नासाथ कृषि उत्पादन बढ्छ । खाद्यान्नमा परनिर्भरताको अन्त्य भएर आत्मनिर्भरता बढ्छ । अहिले गर्ने भनेकै यही हो ।

(पहिलो घन्टी लाग्छ ।)

त्यसैले पूर्वाधार, प्रारम्भिक ज्ञान र अनुभव पनि नभएको उद्योगतिर लागेर असफल हुनु उचित हुँदैन । कृषिमा पूर्वाधार र अनुभव छ । अलिकति सुधार र थप मिहिनेत गर्नासाथ उत्पादन बढ्छ । देशको अर्थतन्त्र मजबुत हुन्छ । त्यसैले अहिले नेपालले कृषि विकासमा जोड दिनु बुद्धिमानी हुन्छ । धन्यवाद ।

उद्घोषक : अब विषयको विपक्षमा चित्रकला यादव बोल्नुहुन्छ ।

चित्रकला यादव

सभाध्यक्षज्यू, आदरणीय गुरु, गुरुआमा, निर्णायक वर्ग र साथीहरू !

म विषयको विपक्षबाट बोल्दै छु ।

पूर्ववक्ता साथीका विचार र तर्कसँग म सहमत छैन । उहाँका तर्कहरू नै आधारहीन र त्रुटिपूर्ण छन् । उहाँले उद्योग खोल्ने लहर चल्यो भन्नुभयो । त्यस्तो लहर चलेको भए एक वर्षभित्र हजारौँ उद्योग खुलेर नेपाल औद्योगिक मुलुक हुनुपर्ने थियो तर त्यस्तो भएन । स्वाभाविक रूपमा पहिलेको तुलनामा उद्योगहरू बढेका छन् । पुँजी, प्रविधि र व्यवस्थापन कुशलताको अभावमा उद्योग बन्द भए भन्ने कुरा पनि गलत हो । बन्द भएका एक दुई उद्योगलाई उदाहरण देखाएर सबै बन्द भए भन्न मिल्दैन ।

प्रविधि	:	विज्ञानसम्मत विधि, तरिका
परनिर्भरता	:	अरूमा भर पर्ने काम
आत्मनिर्भरता	:	आफूमा भर पर्ने काम
प्रारम्भिक ज्ञान	:	प्रारम्भ वा सुरुको ज्ञान
पूर्वाधार	:	पहिलेदेखि रहेको आधार, जग
त्रुटिपूर्ण	:	कमजोरीले भरिएको

उहाँले कृषिले विकास हुने ठोकुवा गर्नुभयो तर कृषिमा श्रम बढी लाग्छ, कम उत्पादन हुन्छ । मौसमी खेती मात्र गरिन्छ । कृषकहरू अर्ध बेरोजगार रहन्छन् । यस्तो कृषि विकासले देशको विकास हुने भए उहिल्यै नेपाल विकसित भइसक्थ्यो । किनकि उहाँले भनेका कुरा त सयौँ वर्ष अगिदेखि नै नेपालमा छन् ।

यो युग औद्योगिक युग हो । त्यसैले देशको विकास गर्न उद्योगको विकास गर्नुपर्छ । बिग्रँदो पर्यावरण र प्राकृतिक असन्तुलनले कृषि प्रणालीमा असर पुग्छ तर उद्योगमा असर पर्दैन । उद्योगमा वैज्ञानिकता अपनाइन्छ तर कृषिमा उद्योगमा जस्तो वैज्ञानिकता अपनाइँदैन । उद्योगमा धेरै काम मेसिनबाट गरिन्छ ।

मेसिनको काम छिटो, एकनासको र स्तरीय हुन्छ । उद्योगमा आवश्यकताअनुसार सामान जति पनि उत्पादन गर्न सकिन्छ तर कृषिमा सकिँदैन । यही कारण जापान, दक्षिण कोरिया जस्ता देशहरूले उद्योगलाई रोजे र छिटो विकास गरे । औद्योगिक राष्ट्र बने । तसर्थ उद्योगले चाँडै देशको मुहार फेर्न सकिन्छ । कृषिले सम्भव छैन ।

(पहिलो घन्टी बज्छ ।)

त्यसैले नेपालमा कृषि विकासमा होइन, उद्योगको विकासमा नै जोड दिनुपर्छ । यसैबाट देशको उन्नति हुन्छ । धन्यवाद ।

उद्घोषक : अब विषयको पक्षमा बोल्नुहुन्छ ।

सञ्जय चौधरी

श्री सभाध्यक्षज्यू, आदरणीय गुरु र गुरुआमा, निर्णायक वर्ग र मेरा प्यारा साथीहरू !

यस वादविवाद प्रतियोगितमा म पक्षबाट बोल्दै छु । कृषि विकासको पक्षमा पहिलो वक्ताद्वारा प्रस्तुत तर्कसँग म पूर्णतः सहमत छु । दोस्रो वक्ताका विचारसँग पूरै असहमत छु र उहाँका तर्कहरू खण्डन गर्दै छु ।

पर्यावरण	:	वातावरण
प्राकृतिक असन्तुलन	:	प्रकृतिमा हुने घटबढ
कृषि प्रणाली	:	खेती गर्ने विधि वा प्रक्रिया
वैज्ञानिकता	:	कुनै काममा अनुसरण गरिने वैज्ञानिक विधि वा प्रक्रिया

बिग्रँदो पर्यावरण, प्राकृतिक असन्तुलनको प्रभाव कृषिमा मात्र होइन, औद्योगिक विकासमा पनि पर्छ । कृषिमा पनि वैज्ञानिकता अपनाइन्छ, नत्र अन्नबालीको उत्पादन नै हुँदैनथ्यो । आधुनिक कृषि प्रणालीमा त अधिक रूपमा अपनाइन्छ । कृषिको आधुनिकीकरणबाट अकल्पनीय उपलब्धि हासिल भएको छ । आधुनिक कृषि प्रणालीमा सबै काम मेसिनबाट हुन्छ । उहाँले इच्छा आवश्यकताअनुरूप औद्योगिक उत्पादन जति पनि गर्न सकिने भन्नु ढाँट्न खोज्नु हो । औद्योगिक उत्पादनको पनि सीमा हुन्छ । दक्षिण कोरिया कृषिले खाद्यान्नमा आत्मनिर्भर भएपछि औद्योगिक विकासतिर लागेको हो । गफले मात्र औद्योगिक विकास सम्भव छैन । त्यसका लागि न्यूनतम पूर्वाधार चाहिन्छ । त्यो पूर्वाधार भनेको कृषि विकास हो ।

देशको विकासमा कुन पक्षलाई प्राथमिकता दिने भन्ने कुरा पृष्ठभूमिअनुसार फरक फरक हुन्छ । पृष्ठभूमिमा त्यसको इतिहास, पूर्वाधार, प्राकृतिक स्रोत, मानव संसाधन, सम्भाव्यता आदि मुख्य हुन्छन् । नेपालमा सताब्दियौँदेखि खेती गरेको इतिहास छ । जमिन, बिउ, औजार र कृषि प्रविधि सम्बन्धी पूर्वाधार छ । प्रकृतिले नेपाललाई जैविक विविधताको धन नि:शुल्क प्रदान गरेको छ । कृषिमा अनुभव भएको लाखौँलाख जनशक्ति छ । अन्य देशले कृषि विकासमा गरेको प्रगति हेर्दा विकासका सम्भावनाहरू अत्यन्त धेरै छन् तर यसलाई उद्योगका रूपमा सञ्चालन गर्नुपर्छ ।

जमिनका साना साना टुक्रालाई एकीकृत कृषि फारामको रूपमा विकास गर्नुपर्छ । नदीनालाहरूको अत्यधिक उपयोग गरेर सिँचाइ सुविधा पुऱ्याउनुपर्छ । हामी सामूहिक खेतीतिर अग्रसर हुनुपर्छ । कृषि समस्याको समाधान र कृषि औजारहरूको सुधार गर्नुपर्छ । उन्नत जातको बिउ लगाउनुपर्छ । बेमौसमी खेती लगाई नगदे बाली बढाउनुपर्छ । यसबाट बाली विविधीकरण भई कृषकहरू पूर्ण रोजगार हुन्छन् । थप रोजगारी पनि सिर्जना हुन्छ । देश खाद्यान्नमा आत्मनिर्भर मात्र होइन क्रमश:

आधुनिक	:	नयाँ
आधुनिकीकरण	:	परम्परामा नयाँपन ल्याउने, आधुनिक बनाउने काम
अकल्पनीय	:	सोच्दै नसोचेको, कल्पना बाहिरको
न्यूनतम	:	सबैभन्दा थोरै, अत्यन्त कम
प्राथमिकता	:	धेरैमध्ये कुनै एकलाई दिइने महत्त्व
मानव संसाधन	:	जनशक्ति
सम्भाव्यता	:	कुनै काम हुन सक्ने अवस्था
एकीकृत कृषि फाराम	:	टुक्राहरू जोडेर योजनासाथ खेती गरिने जमिनको ठुलो चाक्लो
बेमौसमी खेती	:	प्रकृति प्रतिकूल समयमा गरिने खेती
नगदे बाली	:	तुरुन्तै नगद (रुपियाँ पैसा) मा बदल्न सकिने उब्जनी, उत्पादन
बाली विविधीकरण	:	बालीमा विविधता वा भिन्नता ल्याउने काम

खाद्यान्नको **निर्यात** बढ्छ । कृषि पेसामा संलग्न जनताको जीवन स्तरमा वृद्धि हुन्छ । त्यसैले नेपालको दिगो विकासको आधार कृषिबाट नै बन्छ ।

चीनको **गरिबी निवारण**मा कृषिको ठुलो योगदान छ । भारतमा पनि कुल राष्ट्रिय उत्पादनको अठार प्रतिशत कृषिले ओगटेको छ । विकसित राष्ट्रहरू उद्योग झैँ आधुनिक प्रविधिद्वारा खेती गर्छन् । अमेरिका र युरोपका धेरै देशहरूमा दुई तीन प्रतिशत जनता मात्र कृषि पेसामा लागेका छन् ।

(पहिलो घन्टी बज्छ ।)

त्यहाँ थोरै जमिनमा धेरै उत्पादन गर्ने प्रविधिको विकास गरी प्रशस्त अन्न उत्पादन गर्छन् । हामीले पनि त्यस्तै बाटो **अनुसरण** गर्नुपर्छ । कृषि विकासमा जोड दिनुपर्छ । धन्यवाद ।

उद्घोषक : अब विपक्षमा रीतिका बस्नेत बोल्नुहुन्छ ।

रीतिका बस्नेत

सभाध्यक्षज्यू, आदरणीय गुरु र गुरुआमा, निर्णायक मण्डल र प्यारा साथीहरूमा अभिवादन ।

म विषयको विपक्षबाट बोल्दै छु ।

म पूर्ववक्ता मित्रका विचारसँग असहमत छु । उहाँले कृषि विकासको उदाहरणमा चीन र भारतको नाम लिनु दिउँसै रात पार्ने कुरा हो ।

चीन कृषिप्रधान नभई औद्योगिक राष्ट्रका रूपमा विश्व प्रसिद्ध छ । चीनमा ठुला उद्योगहरू धेरै छन् । औद्योगिक उत्पादनको **परिमाण** पनि ठुलो छ । चिनियाँहरू आफ्नो उत्पादन तत्कालै विश्व बजारमा पुऱ्याउँछन् । विश्वमा चीनको उत्पादन नपुगेको देश छैन भने पनि हुन्छ । यसैबाट **आर्थिक सामर्थ्य**को विकास गरेर चीन शक्तिशाली राष्ट्रमा गनिँदै छ । भारत आर्थिक रूपमा सक्षम हुँदै जानुको कारण औद्योगिक उत्पादन र त्यसको निर्यात नै हो । अमेरिका र युरोपको उदाहरण हाम्रा लागि 'आकाशको फल आँखा तरी मर' सरह हो ।

निर्यात	:	बाहिर पठाउने काम, निकासी
गरिबी निवारण	:	गरिबी हटाउने काम
अनुसरण	:	पछ्याउने काम
परिमाण	:	मात्रा
आर्थिक सामर्थ्य	:	आर्थिक शक्ति

गरिब देशले कृषि विकास गर्ने भनेको कृषिक्षेत्र विस्तारका लागि वन फाँड्ने हो । बाढी, पहिरो र भूक्षय जस्ता समस्या निम्त्याउने हो । पर्यावरण बिगारेर प्राकृतिक असन्तुलन बढाई ठुलो सङ्कट निम्त्याउनु हो । त्यसैले म त्यस्तो कृषि विकासको विपक्षमा छु ।

नेपालमा औद्योगिक विकासको पूर्वाधार छैन भन्नु आफ्नो शक्ति आफैँले थाहा नपाउनु हो । उद्योग स्थापना गर्न आवश्यक जमिन नेपालसँग छँदै छ । नेपालीहरूले थोरै थोरै पुँजीबाट धेरै रकम जम्मा गरी **लगानी** गर्न सक्छन् । त्यसो गर्दा नाफा देशभित्रै रहन्छ । काम गर्नका लागि बेरोजगार मानिस प्रशस्त छन् । नेपालीहरू कृषि मजदुर हुनुभन्दा उद्योगका मजदुर हुन चाहन्छन् । **कच्चा पदार्थ** पनि यहीँ उपलब्ध हुन्छ । यहीँको पुँजी र जनशक्तिले काम गर्न सकिने अवस्था छ । केवल मेसिन, औजार मात्र **आयात** गरे पुग्छ ।

नेपाल सगरमाथा र बुद्धको देश भनेर चिनाए जस्तै कृषि विकासको देश भनेर चिनाउन सकिँदैन । संसारको कुनै देश कृषि क्षेत्रको विकासले चिनिएको पनि छैन । तर औद्योगिक राष्ट्र भनेर संसारमा चिनिएका देश धेरै छन् । नेपाललाई औद्योगिक राष्ट्र भनेर त्यसैगरी चिनाउन सकिन्छ ।

(पहिलो घन्टी बज्छ ।)

नेपालको गरिबी निवारण कृषि विकासबाट सम्भव छैन । कृषिले नेपालको कल्याण गर्ने भए त उहिल्यै गरिसक्थ्यो किनकि नेपालमा कृषि त उहिल्यैदेखि थियो । त्यसैले उद्योगको विकासले मात्र राष्ट्रको विकास गर्छ । हामी त्यसकै विकासमा जुट्नुपर्छ, नत्र पछुताउनुपर्छ । धन्यवाद ।

उद्घोषकले आजको वादविवादमा प्रतियोगीले बोल्ने कार्यक्रम पूरा भएको जानकारी दिए । त्यसपछि निर्णायक मण्डललाई प्रतियोगिताको निर्णय सुनाउन अनुरोध गरियो । निर्णायक मण्डलले नतिजा सुनायो । कक्षा शिक्षकले विजयी विद्यार्थीलाई बधाइसहित छोटो **मन्तव्य** दिनुभयो । कार्यक्रमको अन्त्यमा सभाध्यक्षले पुरस्कार वितरण गरी मन्तव्यसहित **सभा विसर्जन** गरिन् ।

लगानी	:	उद्योग व्यापार आदिमा रुपियाँ लगाउने काम
कच्चा पदार्थ	:	नसुधारिएको प्राकृतिक ढुङ्गा, माटो, काठ आदि भौतिक वस्तु
आयात	:	भित्र ल्याउने काम, पैठारी
मन्तव्य	:	मनको विचार, भनाइ
सभा विसर्जन	:	सभा टुङ्याउने काम, सभाको समाप्ति

अभ्यास

१. छोटो उत्तर भन :

(क) वादविवाद भनेको के हो ?

(ख) वादविवाद कसरी सञ्चालन गरिन्छ ?

(ग) यो वादविवाद सञ्चालन र सहभागितामा कति विद्यार्थी संलग्न छन् ?

(घ) तिमीलाई वादविवाद प्रतियोगिता मन पर्छ वा मन पर्दैन, कारणसहित स्पष्ट पार ।

२. कुन कसको भनाइ हो, जोडा मिलाऊ :

अरुणा तामाङ	कसैमाथि व्यक्तिगत आक्षेप लगाउन पाइने छैन ।
रियाज अहमद	यो औद्योगिक युग हो ।
रीतिका बस्नेत	विकसित राष्ट्रहरू उद्योगमा भैँ आधुनिक प्रविधिद्वारा खेती गर्छन् ।
चित्रकला यादव	नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो ।
सञ्जय चौधरी	कच्चा पदार्थ पनि यहीँ उपलब्ध हुन्छ ।

३. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) सभा कसले सञ्चालन गर्छ ?

(अ) सभाध्यक्षले (इ) उद्घोषकले

(आ) सभाध्यक्षको निर्देशनमा उद्घोषकले (ई) प्रमुख अतिथिले

(ख) "उद्योगमा धेरै काम मेसिनबाट गरिन्छ" भन्ने वाक्य कसले भनेको हो ?

(अ) सञ्जय चौधरी (आ) चित्रकला यादव

(इ) रीतिका बस्नेत (ई) रियाज अहमद

(ग) कृषिमा के गर्दा थप रोजगारीको सिर्जना हुन्छ ?

(अ) कृषिलाई उद्योगका रूपमा सञ्चालन गर्दा

(आ) उन्नत जातको बिउ लगाउँदा

(इ) सामूहिक रूपमा खेती गर्दा

(ई) अन्न बालीमा विविधीकरण गर्दा

(घ) गरिब देशले कृषि विकास गर्दा के गर्छ ?

(अ) खेतीको सबै काम मेसिनले गर्छ ।

(आ) थोरै जमिनमा खेती गरेर धेरै उत्पादन गर्छ ।

(इ) कृषि औजारमा सुधार गर्छ ।

(ई) कृषि क्षेत्र विस्तारका लागि वन फँडानी गर्छ ।

४. उत्तर लेख :

(क) पाठमा 'कृषिलाई जोड दिनुपर्छ' भन्नेहरूमध्ये कसको तर्क किन राम्रो लाग्यो ?

(ख) पाठमा 'उद्योगलाई जोड दिनुपर्छ' भन्नेहरूमध्ये कसका तर्क राम्रा छन् ?

(ग) अरूको कुरा कसले राम्ररी खण्डन गरेको छ ?

(घ) तिम्रो विचारमा नेपालमा कृषिको विकास कि उद्योगको विकास गर्नुपर्छ, किन ?

(ङ) तिमी निर्णायक भएको भए कसलाई किन जिताउँथ्यौ ?

शब्दभण्डार

५. उदाहरणमा देखाए जस्तै गरी तलका शब्दबाट नयाँ शब्द बनाऊ :

(क) सञ्चालन, उद्घोषण, व्यवस्थापन, उत्पादन, लेखन, सम्पादन

उदाहरण : सञ्चालन = सञ्चालक

(ख) विकास, उत्पादन, सञ्चालन, सम्भावना, आयात, सन्तुलन, प्रोत्साहन, निर्देशन, आधार

उदाहरण : विकास = विकसित

(ग) संलग्न, निर्भर, असफल, कुशल, आवश्यक, विविध, नैतिक, वीर, सुन्दर

उदाहरण : संलग्न + ता = संलग्नता

(घ) उद्योग, प्रकृति, विज्ञान, पक्ष, प्रविधि, जीव, समूह, अर्थ, श्रम

उदाहरण : उद्योग + इक = औद्योगिक

(ङ) बेरोजगार, जिम्मेवार, अनुभव, नेपाल, खेत, उद्योग, बुद्धिमान्, मौसम, सम्बन्ध, जीवन, गरिब

उदाहरण : बेरोजगार + ई = बेरोजगारी

६. तलका शब्दको अर्थ भन :

स्रोत, कल्याण, ठोकुवा, उपलब्धि, खाद्यान्न, खण्डन, पुँजी

७. तलका शब्दका अगाडि 'अ' जोडेर विपरीतार्थी शब्द बनाऊ :

पर्याप्त, ज्ञान, सजिलो, वैज्ञानिक, सहमत, विकसित, सम्भव, पूर्ण

उदाहरण : अ + पर्याप्त = अपर्याप्त

८. उस्तै उस्तै अर्थका शब्दसँग जोडा मिलाई कापीमा लेख :

कल्याण	वक्तव्य	पुँजी	कामदार	ठोकुवा
युग	उन्नति	सङ्कट	सम्पत्ति	मजदुर
समय	हित	भनाइ	विकास	विपत्ति

९. तलको उखान हेरी त्यस्तै अन्य पाँचओटा उखानको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

आकाशको फल आँखा तरी मर ।

१०. ठिक शब्द छानेर खाली ठाउँ भर :

(क) वादविवाद ..... मा ..... हरूले आआफ्ना ..... हरू राखे ।
(तर्क, प्रतियोगी, प्रतियोगिता)

(ख) सभाध्यक्षको ..... अनुसार ..... ले कार्यक्रम ..... गरे ।

(उद्घोषक, सञ्चालन, निर्देशन)

(ग) विकसित राष्ट्रका ..... हरू आधुनिक ..... मा सबै काम ..... बाट गर्छन् । (कृषि प्रणाली, मेसिन, कृषक)

(घ) .....कृषि प्रणालीका.....हरू कम..... हुन्छन् । (औजार, वैज्ञानिक, परम्परागत)

११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

आक्षेप, बेरोजगार, जनशक्ति, पूर्ववक्ता, पर्यावरण, कृषि प्रविधि, जैविक विविधता, नगदेबाली, सङ्कट

उच्चारण र हिज्जे

१२. पाठमा जस्तै चिट्ठा हालेर 'कृषि ठुलो कि उद्योग ठुलो' वादविवाद हाउभाउसहित पालैपालो पढेर सुनाऊ र साथीले पढेको पनि सुन ।

१३. शुद्धसँग उच्चारण गर :

व्यवस्थापन, मध्यम वर्गीय, अर्थतन्त्र, परम्परागत, प्राथमिक, निर्भरता, औद्योगिक, कृषि प्रणाली, प्राकृतिक स्रोत, सम्भाव्यता, आर्थिक सामर्थ्य, आधुनिकीकरण, अकल्पनीय, कच्चा पदार्थ, मन्तव्य

१४. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
पर्याबरण्	पर्यावरण	बिकास्	विकास
सन्चालक्	सञ्चालक	निर्देसन्	निर्देशन

बाद्बिबाद्	वादविवाद	आक्छेप्	आक्षेप
खन्डन्	खण्डन	मन्डल्	मण्डल

१५. क्ष र छ्यको उस्तै उच्चारण हुने भए पनि यी भिन्नाभिन्नै वर्ण हुन् । तलका शब्द ठिकसँग उच्चारण गर र क्ष, छ र छ्यको भिन्नता बुझ :

पक्ष, विपक्ष, सभाध्यक्ष, दक्ष, आक्षेप, सक्षम, क्षेत्र, क्षेत्रीय, छेत्री, छेपारो, छाता, इच्छा, सदिच्छा, छत्र, छ्याङ्ङ, छ्यासमिस, छ्याः, छ्यापाछ्याप, छ्याप्नु

१६. तलको अनुच्छेदमा भएका क्ष र छ्यसम्बन्धी त्रुटि सच्चाएर सार :

शिछ्यक सेवा आयोगले दछ्य शिक्षक छनोट गर्न विज्ञापन गरेको छ । विज्ञापनअनुसार निवेदकले कसैमाथि आच्छेप नलगाई फाराम भर्नुपर्छ रे ! अहिले म दछ्य छु भन्नेहरू क्ष्यासक्ष्यासती पाइन्छन् । क्षिरिङ र सदिछ्या पनि फाराम भर्न लागेका छन् ।

१७. शुद्ध गरेर कापीमा सार :

प्रवीधि, उन्नती, बेवास्था, बैज्ञानीक, आदर्नीय, औधोगिक, स्वभाविक्, अनुशरण, राष्ट, बालि, विध्यार्थी ।

कार्यमूलक व्याकरण

१८. पढ र साथीलाई सुनाऊ :

औद्योगिक विकासले नेपालको उन्नति हुन सक्दैन । एक जना मध्यम वर्गीय कृषक थिए । हामीसँग परम्परागत प्रविधि छ । यो औद्योगिक युग हो । नेपालमा मौसमी खेती मात्र गरिन्छ । आधुनिक कृषि प्रणालीमा सबै काम मेसिनबाट हुन्छ । बेमौसमी खेती लगाई नगदे बाली बढाउनुपर्छ । चीन शक्तिशाली राष्ट्रमा गनिँदै छ । गरिब देशले कृषिक्षेत्र विस्तारका लागि वन फाँड्ने हो । सबै साथी र गुरु वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

माथिका गाढा अक्षरका अगिल्ला शब्दले क्रमशः विकास, कृषक, प्रविधि, खेती, नगदे, कृषि प्रणाली, राष्ट्र, देश, धन्यवाद जस्ता पछिल्ला शब्दको वर्णन गरेका छन् । त्यसैले ती अगिल्ला शब्दहरू विशेषण हुन् र पछिल्ला चाहिँ नाम हुन् ।

१९. तलका वाक्यहरू पढ र विशेषण शब्द खोज :

हिमाली जिल्ला मुस्ताङमा लुलु गाई पाइन्छ । यो गाई सानो र होचो हुन्छ । कुनै गाई कालो हुन्छ, कुनै रातो हुन्छ, कुनै कैलो हुन्छ तर गाईका रौँहरू लामा हुन्छन् । यो गाई थोरै घाँसले अघाउँछ र धेरै दुध दिन्छ । गाईको दुध मिठो र पोसिलो हुन्छ । त्यसैले पशुपालक किसानहरू लुलु गाई पाल्दछन् ।

२०. तलका वाक्यहरू पढ र गाढा अक्षरका शब्दले के काम गरेका छन्, बुझ :

(क) कृषिमा पूर्वाधार **र** अनुभव छ ।

(ख) कुन बिउ कहिले **अनि** कसरी रोप्नुपर्छ ? यसको ज्ञान र अनुभव छ ।

(ग) प्राविधिक ज्ञान **र** तालिम प्राप्त कामदार पाइएनन् **अनि** उद्योगहरू बन्द भए ।

(घ) कृषिमा पनि वैज्ञानिकता अपनाइन्छ **नत्र** अन्न बालीको उत्पादन नै हुँदैनथ्यो ।

(ङ) जापान र दक्षिण कोरियाले उद्योगलाई रोजे **र** छिटो विकास गरे ।

(च) उद्योगमा वैज्ञानिकता अपनाइन्छ **तर** कृषिमा उद्योगमा जस्तो अपनाइँदैन ।

(छ) उनी टेक्ने न समाउने अवस्थामा पुगे **भने** त्यहाँका मजदुर पनि बेरोजगार भए ।

(ज) कृषिले नेपालको कल्याण गर्ने भए त पहिल्यै गरिसक्थ्यो **किनकि** नेपालमा कृषि उहिल्यैदेखि थियो ।

माथिका गाढा अक्षरका शब्द संयोजक हुन् । संयोजकले शब्द वा वाक्यलाई जोड्छन् ।

२१. तलका वाक्यहरू पढेर संयोजक चिन :

हामीले खेल्ने र पढ्ने अनि घुमफिर गर्ने बहानामा पढाइ छोड्नु हुँदैन । पढ्दा दु:ख हुन्छ किनभने यो एउटा तपस्या हो । हामीले दु:ख मान्यौँ र पढाइ छोड्यौँ भने पछि पछुताउनुपर्छ । केही विद्यार्थीहरू यो कुरा ठिक मान्छन् तर बेलामा मिहिनेत गर्दैनन्, अनि पछि चुकचुकाउँछन् । तिमी पनि यसो वा उसो गर्छु भनेर पढाइ छोड्ने विद्यार्थीमा त पर्दैनौ ? होस गर है, नत्र पछुताउनुपर्ला ।

२२. **तलका कुन कुन वाक्य करण हुन् र कुन कुन वाक्य अकरण हुन्, साथीसँग छलफल गर :**

(क) यस्ता उदाहरण देशभर पाइन्छन् ।

(ख) उद्योगको विकासले नेपालको उन्नति हुन सक्दैन ।

(ग) पहिलेका तुलनामा उद्योगहरू बढेका छन् ।

(घ) कृषिमा उद्योगमा जस्तै वैज्ञानिकता अपनाइँदैन ।

(ङ) चीन शक्तिशाली राष्ट्रमा गनिँदै छ ।

माथिका करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करण वाक्यमा बदल ।

सिर्जनात्मक अभ्यास

२३. **कुनै एक विषयमा वादविवाद गर :**

(क) गाउँले जीवनभन्दा सहरिया जीवन राम्रो

(ख) विज्ञानले बिनास निम्त्याउँछ कि विकास

(ग) रूपभन्दा गुण राम्रो

१२ सुनौलो भोलि

भूपि शेरचन



तिम्रो हाम्रो
जीवन राम्रो
हुने बेला आउँदै छ
झ्याउँ झ्याउँ गर्दै झ्याउँकिरीले
मुर्चुङ्गे धुन बजाउँदै छ
झल्मल झल्मल जुनकिरीले
पुर्नेको जून सजाउँदै छ

हाम्रो भोलि
हृदय खोली
हाँस्ने बेला आउँदै छ ....
इन्द्रेणीको रङ पोतेर
डाँफेचरीको पङ्ख जोतेर
नीलाम्बरलाई अबिर दल्दै
हिमालयको गाला मल्दै

हाम्रो देशमा राम्रो भेसमा
झिल्के घाम उदाउँदै छ
डाँडापारि ढल्किँदै छ
वेदनाको रात कालो

झ्याउँकिरी : वर्षा याममा साँझ बिहान झ्याउँझ्याउँ गर्दै कराउने एक जातको किरो
मुर्चुङ्गे : मुखमा राखी दाँतले च्यापेर औँलाले बजाउने एक प्रकारको सानो लोक बाजा
नीलाम्बर : निलो आकाश, सफा आकाश

हिमचुलीमा सल्किँदै छ

चेतनाको प्रातः उज्यालो

अब तेरो लौ चमेरो
रुने बेला आउँदै छ

बादलसँग मित लाएर
मादलमा गीत गाएर
धानको खेतमा साहिँला दाइले
नयाँ नेपाल बसाउँदै छ

जीवन हाम्रो
झन् झन् राम्रो
हुने बेला आउँदै छ ।।

प्रातः उज्यालो : बिहानको उज्यालो

चमेरो : राति मात्र आँखा देख्ने स्तनधारी चरो

अभ्यास

१. पाठको गीत लय मिलाई गाएर सुनाऊ ।

२. उत्तर देऊ :

(क) झ्याउँकिरी के गर्दै छ ?

(ख) देशमा कस्तो घाम उदाउँदै छ ?

(ग) नयाँ नेपाल कसले बसाउँदै छ ?

३. उत्तर लेख :

(क) तिम्रो हाम्रो जीवन राम्रो हुने सङ्केत के हो ?

(ख) झिल्के घाम कस्तो आकाशमा उदाउन लागेको छ ?

(ग) वेदना र चेतना के के हुँदै छन् ?

(घ) विगतमा चमेरो भनेर कसलाई सङ्केत गरिएको होला ?

४. गीतका हरफलाई वाक्यमा मिलाएर लेख :

झ्याउँझ्याउँ गर्दै झ्याउँकिरीले

मुर्चुङ्गे धुन बजाउँदै छ ।

झल्मल झल्मल जुनकिरीले

पुर्नेको जून सजाउँदै छ ।

५. भावविस्तार गर :

डाँडापारि ढल्किँदै छ

वेदनाको रात कालो

हिमचुलीमा सल्किँदै छ

चेतनाको प्रातः उज्यालो

६. गीतकारले भोलिको नेपाल कस्तो हुने कल्पना गरेका छन्, गीतका आधारमा वर्णन गर ।

शब्दभण्डार

७. तलका शब्दको उल्टो अर्थ हुने शब्द पाठबाट खोज र भन :

औँसी, सन्ध्या, हाँस्ने, पुरानो

८. झ्याउँझ्याउँ जस्तै चारओटा अनुकरणात्मक शब्द सम्झेर लेख ।

९. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

मुर्चुङ्गा, वेदना, चेतना, हिमचुली, इन्द्रेणी, झल्मल

उच्चारण र हिज्जे

१०. तलका शब्द ठिकसँग उच्चारण गर :

झ्याउँझ्याउँ, झ्याउँकिरी, मुर्चुङ्गे, पुर्ने (पूर्णिमा) हृदय, झल्मल (झलमल) इन्द्रेणी

११. कविताको पहिलो अंश राम्रा अक्षरमा सार ।

१२. तलका शब्द शुद्धसँग उच्चारण गर र वर्णको भिन्नताले हुने फरक अर्थ बुझ :

खर/घर	गरी/घरी
छुरा/झुरा	जार/झार
ठाडे/ढाडे	फल/भल
थाक/धाक	छन्न/धन्न
फल/भल	बरबर/भरभर

कार्यमूलक व्याकरण

१३. पढ, बुझ र गर ।

तिम्रो हाम्रो जीवन राम्रो हुने बेला आउँदै छ । झ्याउँझ्याउँ गर्दै झ्याउँकिरीले मुर्चुङ्गे धुन बजाउँदै छ ।

माथिका गाढा अक्षरका क्रियापद जस्तै कुनै पाँच क्रियापद प्रयोग गरेर नजिकै आउन लागे को कुनै चाडको वर्णन गर ।

१४. गीतका सबै क्रियापदहरूलाई उदाहरणमा देखाए जस्तै गरी परिवर्तन गरेर लेख र परिवर्तन गरेको क्रियाले कुन काल बुझाउँछ, छलफल गरी, त्यस्तै अन्य पाँचओटा वाक्यहरू लेख :

जस्तै : तिम्रो हाम्रो जीवन राम्रो हुने बेला आउने छ ।

झ्याउँझ्याउँ गर्दै झ्याउँकिरीले मुर्चुङ्गे धुन बजाउने छ ।

सिर्जनात्मक अभ्यास

१५. भविष्यमा तिम्रो के हुने विचार छ ? आफ्नो विचार समेटी 'भोलिको म' शीर्षकमा छोटो कविता लेखेर कक्षामा सुनाऊ ।

१३ अलेक्जेन्डर फ्लेमिङ

घरमा धेरै मुसा भए भने हाम्रो अन्न भण्डार रित्याउँछन् । घरको भान्सामा साङ्ला भरिए भने खानेकुरा सिध्याउँछन् । त्यसैले हामी मुसा र साङ्ला नाश गर्ने उपाय गर्छौं । मुसा **नियन्त्रण** गर्न बिरालो पाल्छौं । वन साङ्लो ल्याएर घरका साङ्ला हटाउन सहयोग लिन्छौं । बिरालाले मुसा **सखाप** पारे झैं वन साङ्लाले घर साङ्लालाई खेद्छ । वन साङ्लाले घर साङ्लालाई खेद्छ भन्ने उखान त तिमीहरूलाई पनि थाहा नै छ होला । यीबाहेक अन्य विधिबाट पनि मुसा र साङ्ला हटाउन नसकिने चाहिँ होइन । एउटा जीवको सहयोगले अर्को जीवको नियन्त्रण गर्ने यस्तो विधि **जैविक नियन्त्रण विधि** हो । यो प्राकृतिक विधि हो ।

घरमा मुसा र साङ्लाले दुःख दिए झैं शरीरमा पनि अनेक किसिमका रोगका **परजीवी** प्रवेश गर्छन् । तिनीहरूले हाम्रो शरीरमा रोग फैलाउँछन् । तिनलाई हटाउन हामीले औषधी गर्नुपर्छ । हिजोआज रोगको उपचार गर्ने विभिन्न औषधी बनेका छन् । यस्ता औषधीमध्ये **प्रतिजैविकी** औषधी धेरै महत्त्वपूर्ण हुन्छन् । अहिले औषधी विज्ञानले धेरै प्रकारका प्रतिजैविकी औषधीको निर्माण तथा प्रयोग गरेको छ । तर सन् १९२८ अघि कुनै पनि प्रतिजैविकी औषधी बनेको थिएन । पहिलो प्रतिजैविकी औषधी पेनिसिलिन हो । यसका **आविष्कारक** सर अलेक्जेन्डर फ्लेमिङ हुन् ।

अलेक्जेन्डर फ्लेमिङको जन्म सन् १८८१ मा बेलायतको अर्सायर भन्ने गाउँमा भएको थियो । उनी आमाबुबाका आठ सन्तानमध्ये सातौं थिए । किसान परिवारमा जन्मेका फ्लेमिङको बाल्यकाल गाउँमा नै बित्यो । पाँच वर्षमा उनलाई गाउँकै विद्यालयमा पढ्नका निम्ति भर्ना गरियो । त्यहाँ पाँच वर्ष र डान्भेल सहरको विद्यालयमा दुई वर्ष पढेपछि उनी लन्डन गए । लन्डनमा उनका दाजु पनि पढ्दै थिए ।

नियन्त्रण	:	रोक्ने कार्य, काबुमा ल्याउने कार्य
सखाप पार्नु	:	विनाश गर्नु, सिध्याउनु
जैविक नियन्त्रण विधि	:	एउटा प्राणीको सहयोगले अर्को प्राणीलाई तह लगाउने तरिका
परजीवी	:	अरूमा भर परेर बाँच्ने सूक्ष्म जीव, जीवाणु
प्रतिजैविकी	:	शरीरमा फैलने रोगका जीवाणु मार्ने औषधी
आविष्कारक	:	आविष्कार गर्ने, नौलो कुरा पत्ता लगाउने

गाउँमा हुर्केका फ्लेमिङ लन्डनका चिल्ला र चौडा सडक, अनगिन्ती गाडी तथा ठुला ठुला महल देख्दा छक्क परे । उनले दुई वर्ष त्यहाँ बसेर वाणिज्य शास्त्र पढे । यसैबिच आर्थिक कारणले उनको पढाइ रोकियो । त्यसैले सोर वर्षको उमेरमा उनले पढाइ छोडेर लेखा सहायकको जागिर खान थाले ।

खेलकुद, पौडी जस्ता मनोरञ्जन र भ्रमण भनेपछि फ्लेमिङ हुरुक्क हुन्थे । लेखा सहायक भएपछि कोठामा एक्लै बसेर हिसाब गर्नुपर्दा उनलाई दिक्क लाग्थ्यो । उनी यो जागिर खान बाध्य थिए । गाउँमा उनका एक जना काका थिए । काका उनलाई असाध्य माया गर्थे । एक दिन उनले तिनै काकाको मृत्यु भएको समाचार सुने । उनलाई नरमाइलो लाग्यो । तिनै काकाले बैङ्कमा राखेको पैसामध्ये २ सय ५० पाउन्ड भतिजा फ्लेमिङको नाममा इच्छापत्र गरिदिएका रहेछन् । काकाले इच्छापत्र गरिदिएको त्यो पैसाले उनको जीवन अर्कैतर्फ मोडियो । त्यही पैसाले उनी लन्डनको सेन्ट मेरिज मेडिकल कलेजमा चिकित्सा शास्त्र पढ्न थाले । सुरुमा उनलाई शल्य चिकित्सा पढ्ने इच्छा भए तापनि पछि उनी जीवाणु शास्त्र पढेर डाक्टर बने ।

हाम्रा आँखाले नदेखिने तर सूक्ष्मदर्शक यन्त्रको सहयोगले देख्न सकिने जीवाणुलाई परजीवी भनिन्छ । कतिपय परजीवीले हाम्रो शरीरमा रोग फैलाउँछन् । फ्लेमिङ यस्ता रोग फैलाउने जीवाणु र तिनको नियन्त्रणबारे अध्ययन गर्न इच्छुक थिए । आफैँ डाक्टर भएपछि फ्लेमिङले यस सम्बन्धी अध्ययनको थालनी गरे । उनले जीवाणु शास्त्रीहरूको समूह बनाएर अनुसन्धान प्रारम्भ गरे ।

सन् १९१४ देखि १९१८ सम्म संसारमा ठुलो युद्ध चल्यो । यसलाई प्रथम विश्व युद्ध भनिन्छ । यस युद्धमा फ्लेमिङ डाक्टर भई बेलायती सेनाको उपचारका निम्ति खटिए । युद्धमा सिपाहीहरू घाइते हुन्थे । घाउमा जीवाणु सङ्क्रमण भई कतिपय सिपाही मर्दथे । कतिपय चाहिँ घाउका जीवाणु मार्ने कडा रासायनिक तत्त्वको असरले मर्दथे । सामान्य सङ्क्रमणको उपचार हुन नसकेर कतिपयका उनीहरू अपाङ्गतासहितको जीवन बिताउन बाध्य हुन्थे ।

लेखा सहायक	:	कार्यालयको हिसाब राख्ने कर्मचारी, लेखापाल
इच्छापत्र	:	इच्छाअनुसार कसैलाई कुनै चिज दिनू भनी लेखेको पत्र
चिकित्सा शास्त्र	:	औषधी विज्ञान
शल्य चिकित्सा	:	चिरफारद्वारा उपचार गर्ने औषधी विज्ञान
जीवाणु शास्त्र	:	सूक्ष्म जीवबारे अध्ययन गर्ने विज्ञान
जीवाणु	:	आँखाले नदेखिने जीव, प्राण भएको अणु
जीवाणु शास्त्री	:	जीवाणु शास्त्रबारे जान्ने
अनुसन्धान	:	कुनै विषयबारे गरिने अध्ययन, खोज
विश्व युद्ध	:	संसारमा चलेको ठुलो युद्ध
सङ्क्रमण	:	फैलने काम, फैलावट, वृद्धि
रासायनिक	:	रसायन तत्त्व भएको, रसायनसम्बन्धी हात, खुट्टा आदि काट्नुपर्थ्यो ।

फ्लेमिङ घाउमा फैलने यस्ता जीवाणुको उपचार रासायनिक पद्धतिले नभई **जैविक विधि**द्वारा गर्न चाहन्थे । त्यसैले उनी यसबारे अनुसन्धान गर्न थाले । अनुसन्धानबाट प्राणीको दुध, रगत, सिँगान र आँसुमा हुने एक प्रकारको शरीर रक्षक तत्त्व पत्ता लाग्यो । उनले त्यस तत्त्वको नाम **लेसोजाइम** राखे । लेसोजाइम पत्ता लागेपछि उनको उत्साह झन् बढ्यो ।

प्रथम विश्वयुद्धको अन्त्यपछि फ्लेमिङले पनि सैनिक सेवा छोडे । उनी लन्डनको सेन्ट मेरिज मेडिकल कलेजको अस्पतालमा नै काम गर्न थाले । उनी बिरामीको नियमित उपचारपछि अनुसन्धानमा नै बढी समय लगाउन थाले । उनी **प्रयोगशाला**मा विभिन्न किसिमका जीवाणु विकास गर्दथे । तिनमा अन्य जीवाणु राखेर जीवाणु जीवाणुबिच हुने **प्रतिक्रिया**को **अवलोकन** गर्दथे । एक दिन उनले एउटा थाली उठाई परीक्षण गर्न लागेका थिए । उनले त्यस थालीको ढकनी थाहै नपाई खुलै राखेछन् । एक छिनपछि त्यस थालीमा पुनः उनका आँखा परे । उनले त्यहाँ हल्का निलो रङ देखे । पहिले पहिले अन्य बाह्य जीवाणु पर्छन् भनेर उनी थालीको ढकनी एक छिन मात्र खोल्थे । त्यस दिन बिर्सेर केही समय थाली खुलै रहेको थियो । थाली खुला रहेकाले हावामा उडेर आएको **ढुसी** त्यहाँ जमेको अनुमान उनले गरे । उनले त्यो निलो ढुसीलाई सूक्ष्मदर्शक यन्त्रले हेरे । आश्चर्य ! त्यस ढुसीबाट निस्किएको रसले थालीका जीवाणुलाई चराले चारो टिपे झैँ कपाकप खाँदै थिए । उनी आफैँ जुन कुराको **अन्वेषण** गर्दै थिए, त्यही कुरा उनका आँखा अगाडि देखियो । उनी **हर्षबिभोर** भए । उनले त्यस हल्का निलो ढुसीको नाम पेनिसिलियम नोटाटम राखे । त्यस ढुसीबाट निस्केको रसको नाम पेनिसिलिन राखे । यसरी प्रतिजैविकी औषधी पेनिसिलिन पत्ता लाग्यो ।

पेनिसिलिन पत्ता त लाग्यो तर यसको **शुद्ध सार** झिक्न भने उनी सफल भएनन् । यही समयमा उनका भाइ जोनलाई **निमोनिया** भयो । निमोनियाका जीवाणुलाई पेनिसिलिनले नष्ट गर्छ भन्ने

जैविक विधि	:	जीवाणुद्वारा जीवाणु नाश गर्ने विधि
लेसोजाइम	:	प्राणीको दुध, रगत, सिँगान, आँसु आदिमा हुने शक्ति
प्रयोगशाला	:	परीक्षण र प्रयोग गर्ने ठाउँ
प्रतिक्रिया	:	कुनै कार्य हुँदा हुने मनको स्थिति वा मनमा पर्ने प्रभाव
अवलोकन	:	हेर्ने काम, निरीक्षण
ढुसी	:	ढुँडी
अन्वेषण	:	खोज, अनुसन्धान
हर्षबिभोर	:	हर्षले अत्यन्त खुसी, दङ्ङ
शुद्ध सार	:	चोखो तत्त्व, फोहोर र विकार नभएको तत्त्व
निमोनिया	:	छातीमा जीवाणु सङ्क्रमण हुँदा लाग्ने रोग

उनलाई थाहा थियो तर ढुसी खानु हुँदैनथ्यो । त्यसको अपरिष्कृत रस सुईद्वारा शरीरमा दिन पनि मिल्दैनथ्यो । औषधी पत्ता लागेर पनि उनका भाइ जोनको उपचार हुन सकेन । उनी निमोनियाले नै मरे । यस घटनाले फ्लेमिङ सारै दुःखी भए ।

उनले पेनिसिलिनको महत्त्वबारे एउटा लेख प्रकाशित गरे । उनको त्यो लेख अक्सफोर्ड विश्वविद्यालयमा अनुसन्धानरत डाक्टरहरू फ्लोरी र चेनले पढेछन् । त्यो लेख पढेर उनीहरूले पेनिसिलिनको महत्त्वबारे बुझे । उनीहरूले सार झिक्ने तरिका पत्ता लगाएर एउटा पत्रिकामा खबर छपाए । पत्रिकामा यो खबर पढ्नासाथ फ्लेमिङले ती दुवै डाक्टरलाई भेटे । फ्लेमिङ, फ्लोरी र चेन तीनै जनाको प्रयासले झिकिएको पेनिसिलिनको सार चार जना सिकिस्त बिरामी बालकमाथि प्रयोग गरियो । ती चारै जना बाँचे । यसपछि त यो जीवनदायी औषधीको उत्पादन, प्रचार र प्रयोग संसारभर भयो ।

यस्तो मानव जीवन रक्षक औषधीको आविष्कार गरेकाले फ्लेमिङलाई सन् १९४४ मा बेलायत सरकारले नाइट उपाधिले सम्मान गऱ्यो । सन् १९४५ मा फ्लेमिङ, चेन र फ्लोरी विश्व प्रसिद्ध नोबेल पुरस्कारबाट सम्मानित भए । औषधी विज्ञानको क्षेत्रमा पेनिसिलिनको आविष्कार युगान्तकारी देन हुनपुग्यो । यस्ता महान् वैज्ञानिक फ्लेमिङ सन् १९५५ मा अचानक हृदयाघात भई यस संसार बाट सधैँका लागि बिदा भए । उनी आज यस संसारमा नरहे पनि पेनिसिलिनको आविष्कारले अमर बनेका छन् ।

अपरिष्कृत	:	ठिक वा उचित नपारिएको, नसुधारिएको
अनुसन्धानरत	:	अनुसन्धानमा लागेको
जीवनदायी	:	जीवन दिने, ज्यान बचाउने
नाइट	:	बेलायत सरकारले दिने सबैभन्दा ठुलो उपाधि
नोबेल पुरस्कार	:	स्विडेनका वैज्ञानिक अल्फ्रेड नोबेलद्वारा स्थापित अन्तर्राष्ट्रिय पुरस्कार
युगान्तकारी	:	युगको अन्त्य गर्ने, नवयुगको प्रारम्भ गर्ने
हृदयाघात	:	मुटुमा लाग्ने धक्का

अभ्यास

१. उत्तर भन :

(क) मुसा र साङ्लालाई कसरी नियन्त्रण गर्न सकिन्छ ?

(ख) अलेक्जेन्डर फ्लेमिङको जन्म कहिले र कहाँ भएको थियो ?

(ग) फ्लेमिङले कसरी पाएको पैसाले पढेर डाक्टर भए ?

(घ) लेसोजाइम के हो र यो केमा पाइन्छ ?

(ङ) प्रथम विश्व युद्ध कहिलेदेखि कहिलेसम्म भयो ?

(च) जोन को हुन् र उनको मृत्यु कुन रोगबाट भयो ?

(छ) फ्लेमिङको मृत्यु कहिले भयो ?

२. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) जैविक नियन्त्रण विधि भनेको के हो ?

(अ) जीवजन्तुलाई मार्ने विधि

(आ) जीवाणु संरक्षण गर्ने विधि

(इ) एउटा जीवको सहयोगले अर्को जीवलाई नियन्त्रण गर्ने विधि

(ख) प्रथम विश्व युद्धमा फ्लेमिङले के भएर काम गरे ?

(अ) सेनापति भएर

(आ) बेलायतको प्रधानमन्त्री भएर

(इ) घाइते बेलायती सेनाको उपचार गर्ने डाक्टर भएर

(ग) पेनिसिलिनको शुद्ध सार कसले झिक्यो ?

(अ) अलेक्जेन्डर फ्लेमिङले

(आ) फ्लोरी र चेनले

(इ) फ्लेमिङ, फ्लोरी र चेनले

३. पाठका आधारमा मिल्दो शब्द राखेर खाली ठाउँ भर :

(क) पहिलो ..... औषधी ..... हो ।

(ख) पेनिसिलिनका ..... अलेक्जेन्डर फ्लेमिङ हुन् ।

(ग) सन् ..... देखि ..... सम्म संसारभर चलेको युद्धलाई प्रथम ..... भनिन्छ ।

(घ) तीनै जनाको प्रयासले तयार पारेको ..... को ..... चार जना सिकिस्त बिरामी बालकमाथि प्रयोग गरियो ।

(ङ) सन् ..... मा फ्लेमिङ, चेन र फ्लोरी ..... बाट सम्मानित भए ।

४. उत्तर लेख :

(क) जैविक नियन्त्रण विधि भनेको के हो ?

(ख) अलेक्जेन्डर फ्लेमिङ कसरी डाक्टर भए ?

(ग) पेनिसिलिनको आविष्कार कसरी भयो ?

(घ) काकाले 'इच्छापत्र' नगरिदिएको भए फ्लेमिङ के बन्थे होला ?

(ङ) पेनिसिलिन आविष्कार नभएको भए के हुन्थ्यो होला ?

शब्दभण्डार

५. शब्द र अर्थको जोडा मिलाऊ :

सखाप	मन खुसी हुने काम	असर	पदवी
अनुसन्धान	इच्छा गर्ने	उत्साह	अशुद्ध
मनोरञ्जन	घायल	ढकनी	प्रभाव
इच्छुक	विनाश	अपरिष्कृत	बिर्को
घाइते	अन्वेषण	उपाधि	हौसला

६. तलका शब्दको विपरीतार्थी शब्द लेख :

महत्त्वपूर्ण, इच्छुक, नियमित

७. तलका शब्दको ठिक अर्थ छान :

(क) इच्छापत्र

(अ) इच्छा नभए पनि लेखेको पत्र (आ) इच्छुकलाई लेखेको पत्र

(इ) इच्छाअनुसार लेखेको पत्र

(ख) सूक्ष्मदर्शक यन्त्र

(अ) ससाना सामान देखिने यन्त्र (आ) आँखाले नदेखिने वस्तु हेर्ने यन्त्र

(इ) ठुला सामान नदेख्ने, साना मात्र देख्ने यन्त्र

८. ठिक शब्द छानेर खाली ठाउँ भर :

(क) खेलकुद, पौडी र भ्रमण भनेपछि फ्लेमिङ.....हुन्थे । (खुत्रुक्क, हुरुक्क, भुतुक्क)

(ख) ढुसीबाट निस्केको रसका जीवाणुले थालीका जीवाणुलाई .....खाँदै थिए । (धमाधम, कपाकप, सपासप)

(ग) पेनिसिलिनले निमोनियाका जीवाणुलाई ..... गर्छ । (नियन्त्रण, नष्ट, वृद्धि)

(घ) पेनिसिलिन ..... प्रतिजैविकी औषधी हो । (जीवनप्रेमी, जीवनदायी, जीवन रक्षक)

९. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

गगनचुम्बी, हिसाब, हर्षबिभोर, सङ्क्रमण, हृदयाघात, जीवाणु

१०. स्वास्थ्य क्षेत्रमा प्रयोग हुने तलका प्राविधिक शब्द पढ र अर्थ बुझ :

जैविक नियन्त्रण विधि, प्रतिजैविकी, लेसोजाइम, रासायनिक, निमोनिया, जीवाणु, शल्यचिकित्सा, जीवाणुशास्त्र, परजीवी

उच्चारण र हिज्जे

११. कक्षामा माथिको पाठ पालैपालो पढेर सुनाऊ ।

१२. तलका शब्दलाई ठिकसँग उच्चारण गर :

आविष्कार, अलेक्जेन्डर, अपरिष्कृत, जीवाणु शास्त्री, सङ्क्रमण, हृदयाघात

१३. पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१४. पाठबाट श, ष, ण हुने शब्द खोजेर लेख ।

१५. पाठको दोस्रो अनुच्छेद पढेर सुनाऊ ।

कार्यमूलक व्याकरण

१६. तलका वाक्यमा प्रयोग भएको 'तँ' को सट्टा 'तपाईँ' राखेर वाक्य पुनर्लेखन गर :

तँ मुसा र साङ्ला नाश गर्न चाहन्छस् । तँ मुसा नियन्त्रण गर्न बिरालो पाल् । के तँ घर साङ्लाले हैरान भएको छस् ? तँ वनमा जा र वन साङ्लो लिएर घरमा आइज । वन साङ्लाले घर साङ्लालाई खेद्छ भन्ने तँलाई थाहा नै छ । रोग लाग्यो भने तँ के गर्छस् ? पक्कै पनि तँ अस्पताल जान्छस् होला नि । तँ डाक्टरलाई भेट्छस् र उपचार गराउँछस् होला होइन त !

१७. तलका वाक्यका गाढा अक्षर भएका शब्दको सट्टामा कोष्ठकमा दिइएको शब्द राखेर उदाहरणमा दिए जस्तै गरी आदर र पुरुष परिवर्तन गर :

उदाहरण : उनले दुई वर्ष वाणिज्य शास्त्र पढे । (म)

मैले दुई वर्ष वाणिज्य शास्त्र पढेँ ।

(क) हामी बिरामी हुँदा औषधी गर्छौँ । (तिमीहरू)

(ख) उनले दुई वर्ष वाणिज्य शास्त्र पढे । (म)

(ग) उनीहरूले पेनिसिलिनको सार झिक्ने विधि पत्ता लगाए । (तपाईँहरू)

(घ) यस दृश्यले उनी हर्षविभोर भए । (तिमी)

(ङ) उनी बिरामीको उपचार र अनुसन्धानमा बढी समय खर्चिन्थे । (तिमी)

(च) उनले त्यसमा हल्का निलो रङ देखे । (तँ)

(छ) उनले पढाइ छोडेर लेखा सहायकको जागिर खान थाले । (हामी)

सिर्जनात्मक अभ्यास

१८. तलका बुँदाहरूका आधारमा छोटो जीवनी लेख :

नाम : गुटेन वर्ग

जन्मस्थान : मैँज सहर, जर्मनी

जन्ममिति : सन् १३९५

पेसा : जौहरी, जुहारतको व्यापारी

- नयाँ नयाँ किसिमका गहना, चित्र तथा जनावरको दुरुस्त आकृति उतार्न सिपालु
- एक दिन काठको फलेकमा मानिसको चित्र कपेर त्यसमा मसी लगाएर छापेको
- सन् १४४० तिर उनको यो छापाको जर्मनीभर प्रचार
- अक्षर कपेर पुस्तक छाप्ने सोच
- धातुका बेग्लाबेग्लै अक्षर मिलाएर छाप्ने तरिकाको विकास
- सन् १४५४ मा छापाखानाको आविष्कार गरी बयालिस हरफको बाइबल प्रकाशन
- यस बाइबलको युरोपभरि प्रचार
- साथीहरू पिटर, स्कुफर र फस्टको मदतले अझ राम्रो छापाखानाको विकास
- सानो निहुँमा साथीहरू अलग्गिएपछि आफ्नै प्रयासले नयाँ छापाखानाको निर्माण
- फ्रान्स र बेलायतमा यस छापाखानाको प्रचार
- वर्तमान छापाखाना गुटेन वर्गको देन
- सन् १४६८ मा उनको निधन
- छापाखानाको आविष्कारले उनी अमर

१९. तिमीले चिनेको कुनै एक वैज्ञानिकको जीवनी लेख ।

१४ बोधिसत्वको कथा

भगवान् बुद्ध जन्मनुअगिको कुरा हो । नेपालको पहाडी क्षेत्रको कुनै गाउँमा एक जना सम्पन्न मानिस बस्थे । उनको घरमा एक शिशुको जन्म भयो । शिशुको नाम बोधिसत्व राखियो । शिशु बोधिसत्व बढ्दै गए । आफ्ना साथीसँग खेल्दा उनी कहिल्यै झगडा गर्दैनथे । कसैलाई नराम्रो कुरा भन्दैनथे । बिस्तारै उनलाई अक्षर चिनाउने बेला भयो । **अक्षरारम्भ**कै दिन उनले सबै अक्षर चिनेको देखेर गुरु छक्क परे । उनले सानो उमेरमा नै आवश्यक सम्पूर्ण ज्ञान र विद्या लिए । ज्ञान र विद्याभन्दा पनि उनको व्यवहार अनौठो थियो । उनी अर्काको भलाइ मात्र सोच्दथे ।

बोधिसत्व युवा भए तर उनको मन घर व्यवहारतर्फ कहिल्यै गएन । उनी लोभलालचमा कहिल्यै लागेनन् । मनमा लोभलालच नहुनाले उनी कहिल्यै रिसाउँदैनथे । उनको मनमा दया, माया, स्नेह, मित्रता र करुणा मात्र थियो । सेवा गर्दै मानवलाई सही बाटो देखाउनु उनको एक मात्र उद्देश्य थियो । उनी सधैँ सबैले ज्ञान र सुख पाऊन् भन्ने चाहना राख्थे ।

अक्षरारम्भ : अक्षर सिकाउने कार्यको सुरु

मानिस र पशुपन्छीहरूको दु:ख देखेर बोधिसत्व धेरै दु:खी हुन्थे । सबैले सुख पाऊन् भनेर सधैँ मनमनै **मैत्री ध्यान** गरिरहन्थे । त्यसैले उनलाई दु:खले छुँदैनथ्यो । उनी बसेको ठाउँ वरिपरि **हिंस्रक** जन्तुले हिंसा गर्नसमेत छोडेका थिए ।

यो देखेर धेरै मानिसहरूले उनलाई आदर गर्न थाले । त्यहाँ ज्ञान र ध्यान सिक्न मानिसहरू आउन थाले । उनको सत्सङ्गले समाजमा आपसी **वैरभाव** घट्दै गयो । मानिसहरू आफ्नोभन्दा अरूको हितलाई महत्त्व दिन थाले । समाजमा सुखशान्ति फैलिन थाल्यो ।

एक दिन बोधिसत्वलाई त्यो ठाउँ छोडेर अन्यत्र घुम्न जान मन लाग्यो । उनका अजित नामका एक जना चेला थिए । उनी बोधिसत्वसँग ज्ञान, ध्यान र व्यवहार सिक्दै थिए । गाउँ छोडेर जाँदा गुरु बोधिसत्वले आफूलाई लैजाँदैनन् कि भनेर उनी चिन्तित भए । यही पिरले उनले बोधिसत्वसँग बिन्ती गर्दै भने,

"हे बोधिसत्व ! करुणा र दया अपार

मैत्री र सद्गुणहरू त सयौँ हजार ।।

सिक्ने खुबै रहर लाग्छ सधैँ मलाई

लग्नोस् सँगै म पनि जान्छु न सिक्नलाई ।।"

बोधिसत्वलाई अजितको मन स्वच्छ छ भन्ने लाग्यो । यस्ता शिष्यलाई ज्ञान सिकाउनु राम्रो हुने ठानी उनले साथमा लाने निधो गरे । गुरुचेला काभ्रे जिल्लाको धुलिखेलभन्दा पूर्वतर्फको जङ्गलमा पुगे । त्यो ठाउँ धेरै रमाइलो थियो । एकान्त भएकाले ध्यान गर्नका लागि उपयुक्त थियो ।

घुम्दै जाँदा त्यहाँ एउटा गुफा भेटियो । त्यस गुफाको मुखनिर एउटी बुढी बघिनी **लम्पसार** परेकी थिई । नजिकै भर्खरै जन्मेका दुईओटा डमरु माउको दुध चुस्न खोज्दै थिए । सुत्केरी बघिनी भोकी र धेरै कमजोर थिई । ऊ हिँड्डुल गर्न नसक्ने अवस्थामा थिई । खानेकुरा नपाएर आफैँ मर्न लागेकी थिई । डमरुहरू दुध चुस्ने आसले लड्दैपड्दै माउको नजिकमा जान्थे । बघिनी झर्को मान्दै ड्यार्रड्यार्र गर्दै तिनीहरूलाई मुखले झम्टन्थी । भोकले कमजोर भएकाले हलचल गर्न भने सक्दिनथी ।

मैत्री ध्यान : सबैको भलो होस् भनी गरिने ध्यान

हिंस्रक : अरू जन्तुलाई मार्ने

सत्सङ्ग : सज्जन व्यक्तिको सङ्गत, राम्रो सङ्गत

वैरभाव : शत्रुता

लम्पसार : हातगोडा पसारेर सुत्दाको स्थिति, लमतन्न

बोधिसत्व र अजितले यो दु:खदायी दृश्य देखे । बोधिसत्वलाई करुणा जाग्यो । उनी डमरु र बघिनी दुवैको **दुर्दशा** देखेर छटपटाउन थाले । सज्जन व्यक्तिहरू आफ्नो दु:ख सहन सक्छन् तर अरूको दु:ख भने देख्न पनि सक्तैनन् । दुवैले हेर्दाहेर्दै एउटा डमरु बघिनीको मुखनेर आइपुग्यो । त्यसलाई देखेर बघिनीले मुखमा च्याल काढ्न थाली । अब यो बघिनीले आफैँले आफ्नो बच्चा खाने भई भन्ने कुरा बोधिसत्वले बुझिहाले । उनलाई सारै दु:ख लाग्यो । उनले मनमनै सम्झे, "भनिन्छ, संसारमा कुपुत्रहरू जन्मन्छन् तर **कुमाता** हुँदैनन् । यहाँ त कुमाताको व्यवहार पो देखिन थाल्यो ।" मनमा यति सोचेर उनी ती डमरुलाई आमाको नजिक पर्न नदिने उपाय गर्न थाले ।

बोधिसत्वले आफ्ना शिष्य अजितलाई भने, "हेर बाबु, संसारमा कस्तो दु:ख छ । भोकले छटपटाएर सन्तानप्रतिको माया ममता तोडेर आमा आफ्नै बच्चा खान तयार छे । एउटा पशुले पनि आफ्नो **मर्यादा उल्लङ्घन** गर्दैन । यहाँ यो बघिनी भोकले हार खाइसकी । यसले ती बच्चा खाई भने **पापकी भागिनी** हुन्छे । त्यसैले जाऊ, जङ्गलमा कतै जन्तु फेला पर्छ कि चाँडै खोजेर ल्याऊ । त्यतिन्जेलसम्म म यी डमरुलाई अलमल्याइ राख्छु ।" हवस् भनी अजित हिँडे । यता बोधिसत्वले विचार गरे, "मरेको जन्तु फेला पर्न कठिन छ । एउटा जन्तुलाई बचाउन अर्कोलाई मार्नु पनि भएन, के गर्ने होला ?" उनले सोचे, "बरु मेरो आयु कति छ, हेर्नुपर्‍यो । "

ध्यान दृष्टिले गहिरिएर हेर्दा बोधिसत्वले आफ्नो मृत्यु नजिकै देखे । यो थाहा पाएपछि उनलाई ढुक्क लाग्यो र खुसी भए । मृत्यु नजिकै आइसकेको छ भने किन आफ्नै शरीर यसको आहारा नबनाउने ? मेरो शरीर यसका लागि दुई चार दिनको आहारा त भइहाल्छ । यति सोचेर उनले शिष्य नफर्कँदै आफूलाई बघिनीको सामु सुम्पने विचार गरे । उनले अरूको हित गर्ने आदत बसालिसकेका थिए । त्यसैले उनलाई मृत्युको पनि डर थिएन । उनी दु:खदेखि त झन् कहिल्यै आत्तिदैनथे । उनी गुफाको मुखमा गए र मनमनै प्रार्थना गर्दै भने, "मेरो यो शरीरबाट बघिनीले आहारा पाओस् । यसको भोक शान्त भई आफ्ना बच्चा खाने **इरादा** छोडिदेओस् । मनुष्यहरूले पनि आफ्नो दु:खको परवाह नगरी यसरी नै अरूको दु:ख हटाएर रमाउन सिकून् ।" मनमा यति प्रार्थना गरेर उनले आफ्नो शरीर बघिनीलाई समर्पण गरे । बघिनी आफ्नै अगाडि सिकार देखेर खुसी भई र खान थाली ।

दुर्दशा	:	ठुलो सङ्कट, बेहाल
कुमाता	:	खराब आमा, सन्तानको कुभलो सोच्ने आमा
मर्यादा	:	अनुशासन, नियम
उल्लङ्घन	:	नाघ्ने काम, तोड्ने काम
पापकी भागिनी	:	पाप भोग्नुपर्ने, पापिनी
ध्यान दृष्टि	:	ध्यानद्वारा हेर्ने काम, ध्यानको हेराइ
इरादा	:	इच्छा

तत्कालै बोधिसत्वको प्राण गयो । भोकले मर्न लागेर सन्तान हत्या गर्न तम्सेकी बघिनी र उसका बच्चा बाँचे । त्यस बेला आकाशबाट **पुष्प वृष्टि** भयो । देवता, **यक्ष**, **गन्धर्व** आदिले धन्य धन्य बोधिसत्व ! धन्य धन्य तपाईंको करुणा ! भन्दै **जय जयकार** गरे ।

वनमा बघिनीको आहारा नपाएपछि अजित त्यसै फर्के । त्यसबेला बघिनी मासु खाइरहेकी थिई । त्यसले बोधिसत्वलाई नै खाएकी हो भन्ने अजितले बुझिहाले । अजितको मन पहिले त खिन्न भयो तर उनले गुरुको उपदेश र व्यवहार सम्झिए । उनको मुखबाट अकस्मात् धन्य हो बोधिसत्वको **त्याग** भन्ने वाक्य निस्कियो । उनी मनमनै बोधिसत्वलाई प्रणाम गर्दै त्यहाँबाट गाउँतिर हिँडिहाले ।

गाउँमा आएर अजितले बोधिसत्वका बारेमा आफ्ना साथीहरूलाई सुनाए । गाउँले र बोधिसत्वका भक्तहरू गुफामा हेर्न गए । त्यहाँ बघिनी थिइन, डमरु लिएर भागिसकेकी रहिछ । गुफाको मुखमा बोधिसत्वका हाडहरू छरिएका रहेछन् । शिष्यहरूले सोचे, "यस्ता त्यागी महात्माका **अस्थि**हरू पवित्र र पूज्य हुन्छन् ।" यति सोचेर सबै जना मिली अस्थि **सङ्कलन** गरी खाल्टो खनी गाडे । ढुङ्गो र माटाको अग्लो स्तूप बनाए । फूल अबिर चढाएर सम्मानपूर्वक पूजा गरे । बोधिसत्वको स्तूप भएको यस ठाउँलाई हिजोआज नमोबुद्ध भनिन्छ । तामाङ भाषामा यस ठाउँलाई 'ताग्मो लुजिन' भन्दछन् । यो ठाउँ धुलिखेलभन्दा केही पूर्वपट्टि छ । बुद्ध धर्मावलम्बीहरू यस ठाउँलाई पवित्र तीर्थस्थल मान्छन् । देश विदेशबाट आएका बुद्ध धर्मावलम्बी पर्यटकहरू यहाँ गएर श्रद्धा प्रकट गर्छन् ।

भनिन्छ, जीवनमा यस्ता धेरै परोपकारी काम गरेकाले बोधिसत्व मरेपछि स्वर्ग गए । अर्को जन्ममा उनी नै सिद्धार्थ गौतम भएर जन्मिए । तिनै सिद्धार्थले पछि बुद्ध भएर संसारलाई शान्तिको बाटो देखाए । बोधिसत्वको यो कथा बुद्ध धर्मग्रन्थ जातक मालाअन्तर्गत **व्याघ्री जातक** नामले प्रसिद्ध छ ।

पुष्प वृष्टि	:	फूलको वर्षा
यक्ष	:	देवताको एक जाति
गन्धर्व	:	स्वर्गमा नाचगान गर्ने एक जाति
जय जयकार	:	जय जय भन्ने आवाज
त्याग	:	अरूका निम्ति कुनै वस्तु दिने काम, समर्पण
अस्थि	:	हाड
सङ्कलन	:	जम्मा गर्ने काम, बटुलबाटुल
व्याघ्री जातक	:	बघिनीको जन्म र जीवनसँग सम्बन्धित

अभ्यास

१. उत्तर भन :

(क) बोधिसत्वसँग गुरु किन छक्क परे ?

(ख) बोधिसत्व के चाहन्थे ?

(ग) बोधिसत्वले गर्ने ध्यानको नाम के हो ?

(घ) बोधिसत्वका चेला को थिए ?

(ङ) बोधिसत्व र अजित कहाँ गए ?

(च) बघिनीको छेउमा के थिए ?

(छ) डमरुलाई देख्दा बघिनीले किन च्याल काढी ?

(ज) बोधिसत्वले ध्यानदृष्टिले के हेरे ?

(झ) गाउँले र अजितले के बनाए ?

(ञ) बोधिसत्व अर्को जन्ममा को भएर जन्मिए ?

२. उत्तर लेख :

(क) बालक कालमा बोधिसत्व कस्तो स्वभावका थिए ?

(ख) बोधिसत्वकहाँ मानिसहरू किन आउन थाले ?

(ग) वनको गुफामा कस्तो दृश्य देखियो ?

(घ) बोधिसत्वले अजितलाई के खोज्न लगाए ?

(ङ) मर्न लागेकी बघिनी कसरी बाँची ?

(च) बोधिसत्वको स्तूप भएको ठाउँको के महत्त्व छ ?

३. भावविस्तार गर :

सज्जन व्यक्तिहरू आफ्नो दु:ख सहन सक्छन् तर अरूको दु:ख भने देख्न पनि सक्दैनन् ।

४. पाठको सातौँ अनुच्छेद पढ र तल सोधिएका प्रश्नको उत्तर भन :

(क) गुफाको मुखनिर के थियो ?

(ख) बघिनीले डमरुलाई किन दुध चुस्न दिइन ?

(ग) बघिनी कस्ती थिई ?

(घ) डमरुहरू केको आसले माउको नजिक जान्थे ?

(ङ) बघिनीले डमरुलाई कस्तो व्यवहार गरी ?

५. बोधिसत्वको कथाका मुख्य मुख्य घटनाको सूची बनाऊ ।

६. 'बोधिसत्व परोपकारी महात्मा हुन्' पाठका आधारमा यस भनाइलाई प्रस्ट पार ।

७. तल्लो हरफका उही अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

करुणा	इरादा	खिन्न	शिष्य	गुफा	नजर
दु:खी	आँखा	चेलो	दया	ओडार	इच्छा

८. उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

कुपुत्र	अनुपयुक्त	मित्रता	नरक
वैरभाव	दुरात्मा	स्वर्ग	दुर्गुण
उपयुक्त	सुपुत्र	सद्गुण	पालना
महात्मा	लोभ	दुर्जन	शत्रुता
दान	मैत्रीभाव	उल्लङ्घन	सज्जन

९. पढ र केको बच्चालाई के भनिन्छ, कापीमा लेख :

मानिसको	-	शिशु	मृगको	-	शावक
कुखुराको	-	चल्लो	बाघको	-	डमरु

गैंडाको	-	केटो	चराको	-	बचेरो
कुकुरको	-	छाउरो/छाउरी	हाँसको	-	टिउरो
गाईको	-	बाछो/बाछी	बाख्राको	-	पाठो/पाठी
घोडाको	-	बछेडो	भेडाको	-	बलेख्रो

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

ध्यान दृष्टि, दुर्दशा, लम्पसार, सुत्केरी, अलमल्याउनु, हित, स्तूप, ड्यार्रड्यार्र

उच्चारण र हिज्जे

११. पाठको कथा पालैपालो पढेर सुनाऊ ।

१२. तलका शब्द ठिकसँग उच्चारण गर :

हिँड्डुल, डमरु, अन्यत्र, मर्यादा, कुपुत्र, बोधिसत्व, करुणा, हिंस्रक, एकान्त, अस्थि

१३. पाठबाट ण, श, ष, स, त्र, ज्ञ भएका शब्द खोज र लेख ।

१४. वृष्टि, कृपा जस्ता 'ऋ' भएका पाँचओटा शब्द साथीसँग छलफल गरी लेख ।

कार्यमूलक व्याकरण

१५. गाढा अक्षरका शब्द उच्चारण गरी 'य' र 'ए' बिचको फरक बुझ :

शिशु बोधिसत्व बढ्दै गए ।

एकान्त भएकाले ध्यान गर्नका लागि उपयुक्त थियो ।

धन्य ! धन्य ! तपाईंको करुणा भन्दै जयजयकार गरे ।

माथिका वाक्यमा गाढा अक्षरका शब्दमा आएका य र ए को उच्चारण एउटै जस्तो लाग्छ तर ती फरक छन् ।

१६. ठिकसँग उच्चारण गर र कापीमा शुद्धसँग सार :

लय, गयल, मयल, भय, जय जय, नभए, एउटा, यशोदा, एक दिन, यतातिर, यसरी, एकोहोरो, भए

१७. तलका वाक्यका 'य' र 'ए' सम्बन्धी अशुद्धि सच्चाएर लेख :

सए रुपियाँको नोटमा गैंडाको तस्बिर हुन्छ । तिमी चितवन गयका छौ ? म तीनपटक त्यहाँ पुगेको छु । देवघाटको मन्दिरमा भक्तजनहरू जएजए भन्दै थिय । एताउता नहेरी हामी पनि त्एहीँ गयर फूल चढाएँ ।

१८. तलका वाक्यहरू उदाहरणमा देखाए जस्तै दुई किसिमले परिवर्तन गरेर कापीमा लेख :

शिशु बोधिसत्व बढ्दै गए । उनी कहिल्यै झगडा गर्दैनथे । कसैलाई नराम्रो कुरा भन्दैनथे । उनले सानै उमेरमा आवश्यक ज्ञान र विद्या लिए । उनी अर्काको भलाइ मात्र सोच्दथे । उनी लोभ लालचमा कहिल्यै लागेनन् । उनी कहिल्यै रिसाउँदैनथे । उनी सबैले ज्ञान र सुख पाऊन् भन्ने चाहना राख्थे ।

उदाहरण एक : बोधिसत्व बढ्दै गयो । ऊ कहिल्यै झगडा .....।

उदाहरण दुई : बोधिसत्व बढ्दै जानुभयो । उहाँ कहिल्यै झगडा .....।

१९. तलका वाक्यमा रहेको बघिनीका सट्टा बाघ शब्द राखेर वाक्य परिवर्तन गर :

एउटी बुढी बघिनी लम्पसार परेकी थिई । बघिनी भोकी र कमजोर थिई । ऊ हिँड्डुल गर्न नसक्ने अवस्थामा थिई । बघिनी ड्यार्रड्यार्र गर्दै डमरुहरूलाई मुखले झम्टन्थी । ऊ हलचल गर्न सक्दिनथी । बघिनीले मुखमा ऱ्याल काढ्न थाली । बघिनीले भोकले हार खाइसकी ।

२०. तलका वाक्यलाई उदाहरणमा देखाए जस्तै गरेर लेख :

उदाहरण : उनी लोभलालचमा कहिल्यै लागेनन् ।

उनी लोभलालचमा सधैँ लागे ।

(क) उनलाई मृत्युको पनि डर थिएन ।

(ख) उनी दु:खदेखि आत्तिदैनथे ।

(ग) उनी कहिल्यै झगडा गर्दैनथे ।

(घ) उनलाई दु:खले छुँदैनथ्यो ।

२१. तलको चिह्न प्रयोग भएका वाक्यहरू पढ र त्यस्तै तीन वाक्य लेख :

धन्य धन्य बोधिसत्व !

धन्य धन्य तपाईंको करुणा !

धन्य हो बोधिसत्वको त्याग !

सिर्जनात्मक अभ्यास

२२. अगाडिको कोष्ठकमा १, २, ३ ..... राखेर वाक्यक्रम मिलाई कथा बनाऊ र तल सोधिएका प्रश्नको जवाफ देऊ :

( ) आफ्नो मरेको बालकलाई बोकेर उसलाई जीवित पारिदिन अनुरोध गर्दै घर घर हिँडिन् ।

( ) पागल झैँ हिँडिरहेकी ती महिलालाई बुद्धका एक शिष्यले देखे ।

( ) धेरै समय अगाडिको कुरा हो ।

( ) कुनै युवती बालक छोराको मृत्युका कारणले बहुलाइन् ।

( ) उनी मरेको बालक लिएर भगवान् बुद्धकहाँ गइन् र बचाइदिन अनुरोध गरिन् ।

( ) ती महिला मृत्यु प्रवेश नगरेको घर खोज्दै हिँडिन् तर त्यस्तो घर पाइनन् ।

( ) कसैले न त उनको छोरालाई बचाउन सके न त उनलाई सम्झाउन नै सके ।

( ) उनले महिलालाई भने, "भगवान् बुद्ध जेतवनमा बस्नुहुन्छ । तपाईंले उहाँलाई भेट्नुहोस् । उहाँले तपाईंलाई सहयोग गर्नुहुने छ ।"

( ) बुद्धले उनलाई सहानुभूतिपूर्वक भन्नुभयो, "बालकलाई बचाउन मानिस नमरे को घरको चार पाँच दाना तोरी चाहिन्छ, त्यो लिएर आऊ ।"

( ) उनले बालकको मृत शरीरलाई गाडिन् र बुद्धकी शिष्या भएर बसिन् ।

( ) उनले बुद्ध वचनको अर्थ बुझिन् र उनी बुद्धकहाँ फर्किइन् ।

प्रश्नहरू

(क) यस कथाको उपयुक्त शीर्षक के हुन्छ ?

(ख) यस कथाको सन्देश (शिक्षा) के हो ?

२३. **आफूले जानेको कुनै एक कथा लेखेर ल्याई कक्षामा सुनाऊ ।**

१५ म सौर्य ऊर्जा हुँ

म सूर्य हुँ । मलाई घाम पनि भन्छन् । म ताप र प्रकाशको **पिण्ड** हुँ । म पृथ्वीलाई ताप र प्रकाश दिन्छु । म नभएको भए पृथ्वी **अन्धकारमय** र अत्यन्त चिसो हुने थियो । यहाँ न कुनै प्राणी हुन्थ्यो न कुनै वनस्पति हुन्थ्यो । तिमी नै विचार गर त ! प्राणी तथा वनस्पति नभएको अन्धकारमय पृथ्वीको रूप कस्तो हुन्थ्यो होला ? मेरो ताप र प्रकाशबाट प्राप्त ऊर्जाबाट प्राणी र वनस्पतिको जीवन बचेको छ । संसार हराभरा भएको छ ।

ए ! तिमीले ऊर्जाको अर्थ बुझेनौ क्यार । ऊर्जा भनेको शक्तिको स्रोत हो । मानव जातिलगायत संसारका सबै प्राणी ऊर्जा नभई बाँच्न सक्दैनन् । त्यसैले मानिसहरू सधैँ ऊर्जाका नयाँ स्रोतहरूको खोजीमा छन् । प्रकृतिका अनेक स्रोतबाट ऊर्जा प्राप्त हुन्छ । दाउरा, कोइला, मटितेल, पेट्रोल, डिजेल आदि वस्तु ऊर्जाका प्रचलित स्रोत हुन् । यिनीहरूलाई एक पटक प्रयोग गरेपछि फेरि प्रयोग गर्न सकिँदैन । कुनै चिज तताउन आगो बाल्नुपर्छ । आगो बाल्न दाउरा, मटितेल, कोइला, ग्यास वा बिजुलीमध्ये कुनै एक चाहिन्छ । दाउरा बाल्दा खरानी हुन्छ । ग्यास, पेट्रोल, डिजेल जस्ता **खनिज** वस्तु धुवाँ र ध्वाँसो भएर उड्छन् । मानिसहरू आफूले प्रयोग गरेको ऊर्जाको सबैभन्दा पुरानो स्रोत दाउरा हो भन्छन् । उनीहरूले प्रयोग गरेको सबैभन्दा पुरानो ऊर्जाको स्रोत म नै हुँ । सौर्य ऊर्जा सबैभन्दा पहिले उनीहरूले प्रयोग गरेको ऊर्जा हो । करोडौँ वर्षदेखि मैले अटुट रूपमा ताप र प्रकाशको माध्यमले ऊर्जा प्रदान गर्दै आएको छु । सधैँ ऊर्जा दिँदा पनि मेरो ऊर्जा घट्दैन । त्यसैले म **अक्षय** र **नवीकरणीय** ऊर्जाको **अनन्त** भण्डार हुँ । अक्षय र नवीकरणीय ऊर्जा भन्नासाथ तिमी जिल्ल पऱ्यौ नि ! अर्थ नबुझे जस्तो लाग्यो । ल सुन ! अक्षयको अर्थ कहिल्यै नसकिने हो । नवीकरणीयको अर्थ फेरि फेरि प्रयोग गर्न सकिने हो । सूर्य, हावा, खोलानाला, समुद्री छाल आदिबाट प्राप्त हुने ऊर्जा अक्षय हुन्छ । अक्षय ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ ।

पिण्ड : खँदिलो र गोलो ठोस वस्तु, डल्लो
अन्धकारमय : अँध्याराले भरिएको
खनिज : खानीबाट झिकेको, खानीमा पाइने
अक्षय : कहिल्यै नसकिने, नाश नहुने
नवीकरणीय : फेरि फेरि बनाउन सकिने
अनन्त : कहिल्यै नसकिने वा अन्त्य नहुने

तिमीले थाहै नपाई मेरो ऊर्जाको प्रयोग गरिरहेका छौ । तिमीले विचार गरेका छैनौ क्यार ! तिमी जाडो हुँदा दिउँसो घाममा बस्छौ र न्यानो अनुभव गर्दछौ । तिमीलाई राति उज्यालोका लागि बत्ती बाल्नुपर्छ । बत्ती बाल्न दियालो, मटितेल, बिजुली आदि केही चाहिन्छ तर बिहानदेखि साँझसम्म मैले तिमीलाई सित्तैमा उज्यालो दिएको छु ।

तिमीले थाहा पाएका छौ कि छैनौ ? मानवले प्रयोग गर्ने मटितेल, डिजेल, पेट्रोल, कोइला, ग्यास आदिको भण्डार सीमित छ । पछिल्लो समयमा यी सम्पूर्ण स्रोतहरू घट्दै गएका छन् । यसरी नै वनविनाश भयो भने केही वर्षभित्र दाउराको स्रोत जङ्गल पनि सिद्धिन्छ । त्यसैले वैज्ञानिकहरू ऊर्जाको **वैकल्पिक** स्रोतको खोजीमा लागेका छन् । ऊर्जाको भरपर्दो वैकल्पिक स्रोतमध्ये म पनि एक हुँ ।

नेपाल जलस्रोतको धनी देश हो । त्यसैले जल विद्युत् ऊर्जा पनि भरपर्दो **विकल्प** हुन सक्छ । यहाँका नदीनालाबाट ८३ हजार मेगावाट बिजुली निकाल्न सकिने अनुमान छ तर अहिलेसम्म तिमीहरूले ६ सय ४५ मेगावाट बिजुली मात्र उत्पादन गरेका छौ । त्यो बिजुली अठचालिस प्रतिशत नेपालीहरूले मात्र उपभोग गर्न पाएका छन् । बाउन्न प्रतिशत जनता अन्धकारमै जीवन बिताइरहेका छन् । अठचालिस प्रतिशतमा पनि आठ प्रतिशत मात्र गाउँले जनताले पाएका छन् । **जलविद्युत् योजना** सञ्चालन गर्न धेरै पैसा चाहिन्छ । धेरै धन खर्चेर **उत्पादित** बिजुली पनि देशभरका पहाडी गाउँमा पुऱ्याउन अरू खर्च लाग्छ । डाँडा डाँडाका पातला बस्तीहरूमा बिजुली पुऱ्याउन कठिन पनि हुन्छ । त्यसैले वैज्ञानिकहरूले अहिले मेरो ताप र प्रकाशबाट पाइने ऊर्जाको उपयोग गर्न थालेका छन् ।

तिमीले मात्र होइन, तिम्रा पितापुर्खाले समेत मेरो तापको प्रयोग गर्दै आएका थिए । तिमीहरू चिसो अन्न, भिजेका वा धोएका लुगा मेरै प्रकाश र तापमा सुकाउँछौ नि ! हिजोआज वैज्ञानिकहरूले मेरो ऊर्जाको उपयोग गर्ने आधुनिक प्रविधिको विकास गरेका छन् । सौर्य ऊर्जाबाट चिसो अन्न, फलफूल आदि सुकाउन **सोलार ड्रायर** पनि बनाएका छन् । खाना पकाउने **सौर्य चुलो** र पानी तताउने सोलार हिटर आदिको आविष्कार गरेका छन् । यस प्रविधिको उपयोग गरेर नेपालमा मेरो ऊर्जाबाट **अथाह** बिजुली निकाल्न सक्छौ । कति बिजुली निस्कन्छ भन्ने जान्ने इच्छा छ ? ल थाहा पाइराख ।

वैकल्पिक	:	विकल्प भएको, सट्टामा प्रयोग हुने
विकल्प	:	सट्टा, त्यस्तै अर्को
जलविद्युत् योजना	:	पानीबाट बिजुली निकाल्ने कार्यक्रम
उत्पादित	:	उत्पादन भएको, बनेको
सोलार ड्रायर	:	सूर्यको तातोबाट सुकाउने यन्त्र
सौर्य चुलो	:	घामको तापबाट खाना पकाउने चुलो
अथाह	:	थाहा पाउन नसकिने, अपार

मेरो ऊर्जाबाट २ करोड ६६ लाख मेगावाट बिजुली निकाल्न सकिने अनुमान छ । अब बुझ त, कससँग कति बिजुली उत्पादन गर्ने क्षमता रहेछ ?

तिमीहरूले जलविद्युत् उत्पादन गर्न अथाह धनराशि र धेरै वर्ष लाग्छ । यसरी निकालेको बिजुली पनि जनताका घर घरसम्म पुऱ्याउन धेरै खर्च लाग्छ । पहाडी मुलुक नेपालमा एउटा डाँडामा दसबाह्र घर भएको बस्ती हुन्छ । अर्को डाँडामा बिस घर जति भएको सानो गाउँ हुन्छ । त्यहाँ खर्चिलो जलविद्युत्को सट्टा घरका छाना छानामा ससाना **सौर्य बिजुली प्रणाली** राखेर तिमी बत्ती बाल्न सक्छौ । तिमीहरू आफ्नो गाउँ झिलिमिली पार्न, ब्याट्री **चार्ज** गरेर रेडियो बजाउन र टिभी हेर्न सक्छौ । यसैका माध्यमबाट गाउँमा चेतना जगाउन सक्छौ । त्यति मात्र कहाँ हो र ! जलविद्युत् आयोजनामा जस्तै ठुला **उपकरण** राखेर सौर्य ऊर्जाबाट धेरै बिजुली निकाल्न पनि सक्छौ । यसरी उत्पादित बिजुली टाढा टाढासम्म तार टाँगेर वितरण गर्न पनि सक्छौ ।

यसरी निकालिएको बिजुलीबाट तिमी खाना पकाउन सक्छौ । सिँचाइका लागि पानी तान्न र गर्मीमा पङ्खा चलाउन सक्छौ । गहिरो खोलामा बगेको पानी तानेर खानेपानीको आवश्यकता पूरा गर्न सक्छौ । सुक्खा जमिनलाई हरियालीयुक्त बनाउन सक्छौ । हिमाली क्षेत्रका फलफूल सुकाएर निर्यात गर्न सक्छौ । फोटो धुलाउन तथा **दूर सञ्चार केन्द्र** सञ्चालन जस्ता कामहरू गर्न सक्छौ ।

अर्को कुरा थाहा छ ? पेट्रोल, डिजेल, मटितेल, दाउरा, कोइला आदिको प्रयोगले वातावरण प्रदूषित हुन्छ । यिनीहरूको अत्यधिक प्रयोगले प्राकृतिक सन्तुलन बिग्रिन्छ तर मेरो ऊर्जाले वातावरण स्वच्छ राख्न सघाउँछ । पृथ्वी र पृथ्वीबासीलाई ऊर्जाका परम्परागत स्रोतबाट निस्कने धुवाँबाट मुक्ति मिल्छ । उज्यालोका लागि दियालो वा दाउरा नै बाल्नुपर्ने परिस्थितिको अन्त्य हुन्छ । वन संरक्षण हुन्छ र हरियाली बढ्छ । त्यस्तै **भूक्षय** र बाढी पहिरो कम हुन्छ । वातावरण स्वच्छ र रमणीय बन्छ । अहिले नेपालमा सौर्य बिजुली बत्ती करिब तीन लाख गाउँले घरमा बलिरहेको छ । यसको प्रयोग दिनानुदिन बढ्दो छ ।

मानव र अन्य प्राणी तथा वनस्पतिले प्रयोग गर्ने ऊर्जाको स्रोत पनि म नै हुँ । बोटबिरुवाहरू मेरै ताप र प्रकाश पाएर हुर्कन्छन् । लाखौँ वर्षसम्म जमिनमुनि पुरिएका बोटबिरुवाहरूबाट नै

सौर्य बिजुली प्रणाली : सूर्यको शक्तिबाट बिजुली निकाल्ने तरिका

चार्ज गर्नु : ऊर्जा भर्नु

उपकरण : औजार, साधन

दूर सञ्चार केन्द्र : आकाश वाणी तथा टेलिफोन आदि सञ्चालनका लागि बनाइएको ठाउँ

भूक्षय : जमिनको माटो बग्दै खेर जाने प्रक्रिया

मटितेल, कोइला, डिजेल, पेट्रोल जस्ता वस्तु बनेका हुन् । तिमीहरूको खानेकुरामा रहेको ऊर्जा पनि मबाटै प्राप्त भएको त हो नि ! मेरो आफ्नो प्रणाली छ । त्यसलाई वैज्ञानिकहरूले **सौर्यमण्डल** नाम राखेका छन् । विज्ञानको किताबमा तिमीले सौर्य प्रणालीबारे पढेका अवश्य छौ होला । सौर्य प्रणालीको प्रारम्भ भएदेखि नै मैले ऊर्जा प्रदान गर्दै आएको छु । म अहिले पनि ऊर्जा प्रदान गरिरहेको छु र अनन्त कालसम्म गरिरहने छु । त्यसैले म ऊर्जाको अनन्त स्रोत र भण्डार मानिएको हुँ ।

सौर्यमण्डल : सूर्यका वरिपरि घुम्ने ग्रहहरूको समूह

अभ्यास

१. उत्तर भन :

(क) ऊर्जा भनेको के हो ?

(ख) ऊर्जाको सबैभन्दा पुरानो स्रोत कुन हो ?

(ग) कुन ऊर्जाको भण्डार सीमित छ ?

(घ) कति नेपालीले बिजुली बाल्न पाएका छन् ?

(ङ) कुन ऊर्जाको सहयोगले बोटबिरुवा हुर्कन्छन् ?

२. ठिक बेठिक छुट्याऊ :

(क) जल विद्युत् विकासका लागि अथाह धनराशि खर्च हुन्छ ।

(ख) सौर्य ऊर्जाले वातावरण स्वच्छ राख्न सघाउँदैन ।

(ग) ऊर्जा भनेको शक्तिको स्रोत हो ।

(घ) हावा, खोला, ताल आदि स्रोतबाट प्राप्त ऊर्जा अक्षय हुँदैन ।

(ङ) सौर्य ऊर्जाको प्रयोग दिनानुदिन बढ्दो छ ।

३. उत्तर लेख :

(क) ऊर्जाका प्रचलित स्रोतहरू के के हुन् ?

(ख) ऊर्जा कति प्रकारका हुन्छन् ?

(ग) कस्तो ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ ?

(घ) नेपालका नदीनालाबाट कति बिजुली उत्पादन भएको छ ?

(ङ) सौर्य ऊर्जा किन सस्तो मानिएको हो ?

(च) सौर्य ऊर्जा उपभोगका फाइदाहरू के के छन् ?

४. भावविस्तार गर :

म (सूर्य) अक्षय र नवीकरणीय ऊर्जाको अनन्त भण्डार हुँ ।

५. सौर्य ऊर्जाबाट कुन कुन काम गर्न सकिन्छ, दश वाक्यमा वर्णन गर ।

शब्दभण्डार

६. शब्द र अर्थको जोडा मिलाऊ :

भूक्षय	अति धेरै
सोलार हिटर	हरियाली
अत्यधिक	उत्पादन वा नाफाका लागि गरिने खर्च
हराभरा	सूर्यको तापले तताउने साधन
लगानी	जमिनको माटो बग्नु वा खिइनु

७. पाठका आधारमा तलका शब्दको अर्थ भन :

वितरण, वातावरण, दियालो, ध्वाँसो, परम्परागत, सीमित, आधुनिक, संरक्षण, दिनानुदिन, धनराशि

८. उदाहरणमा देखाए जस्तै गरी तलका शब्दबाट नयाँ शब्द बनाऊ :

उदाहरण : पहाड + ई = पहाडी

हिमाल, परिश्रम, मिहिनेत, उद्योग, समुद्र, जङ्गल, उपयोग, किताब, मधेस

९. तलका शब्दका अगाडि 'अ' जोडेर शब्द बनाऊ :

सभ्यता, प्रचलित, क्षय, वैज्ञानिक, बेला, शक्त, सन्तुलन, काल

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

नवीकरणीय, खनिज, उपकरण, हराभरा, सौर्य मण्डल, विकल्प

उच्चारण र हिज्जे

११. कक्षामा माथिको पाठ आलोपालो गरी पढेर सुनाऊ र साथीले पढे को पनि सुन ।

१२. ठिकसँग उच्चारण गर र कापीमा सार :

पेट्रोल, सौर्य ऊर्जा, ब्याट्री, चार्ज, अक्षय, वैकल्पिक, समुद्री छाल, सोलार ड्रायर, सौर्यमण्डल, सौर्य बिजुली प्रणाली, दूर सञ्चार केन्द्र, भूक्षय, परिस्थिति, जलविद्युत्, सभ्यता, नवीकरणीय

१३. बोलाइको र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
मन्डल्	मण्डल	प्रदुसण्	प्रदूषण
बैग्याँनिक्	वैज्ञानिक	भन्डार्	भण्डार
अछ्ययय	अक्षय	सक्तिसालि	शक्तिशाली

१४. ठिक हिज्जे भएको शब्द छानेर लेख :

अत्याधिक	अत्यधिक	अत्यधीक	अतधिक
दुर सन्चार	दूर सञ्चार	दूर संचार	दूर सन्चार
प्रकृतिक प्राकृतिक	प्राकृतीक	प्राक्रितिक	
प्रतीशत पर्तिशत	प्रतिसत	प्रतिशत	

१५. पाठको अन्तिम अनुच्छेद कापीमा सार ।

कार्यमूलक व्याकरण

१६. पाठको पहिलो अनुच्छेदबाट पाँचओटा नाम र छैटौँ अनुच्छेदबाट पाँचओटा विशेषण शब्द खोजेर लेख ।

१७. तलको अनुच्छेदमा प्रयोग भएको तिमी शब्दका सट्टामा कोष्ठकमा दिएका सर्वनाम प्रयोग गरी पुरुष र आदर परिवर्तन गरेर पुनर्लेखन गर :

(म, हामी, ऊ, उनी, उनीहरू, उहाँ, तपाईं, तँ)

उदाहरण : यसरी निकालिएको बिजुलीबाट म खाना पकाउन सक्छु ।

यसरी निकालिएको बिजुलीबाट तिमी खाना पकाउन सक्छौ । सिँचाइका लागि पानी तान्न र गर्मीमा पङ्खा चलाउन सक्छौ । गहिरो खोलामा बगेको पानी तानेर खानेपानीको आवश्यकता पूरा गर्न सक्छौ । सुक्खा जमिनलाई हरियालीयुक्त बनाउन सक्छौ । हिमाली क्षेत्रका फलफूल सुकाएर निर्यात गर्न सक्छौ । फोटो धुलाउन तथा दूर सञ्चार केन्द्र सञ्चालन जस्ता कामहरू गर्न सक्छौ ।

१८. तालिकाबाट वाक्य बनाऊ :

पेट्रोल		हो		जल विद्युत्		हो ।
घाम	नवीकरणीय ऊर्जा	होइन	भने	डिजेल	नवीकरणीय	
दाउरा				हावा		होइन ।

सिर्जनात्मक अभ्यास

१९. तलका शीर्षकमा प्रबन्ध लेख :

(क) म पानी हुँ (ख) म हावा हुँ (ग) म दाउरा हुँ

१६ रिस र राक्षस

एक दिन श्रीकृष्ण, बलराम र सात्यकि **वनविहार**का निम्ति जङ्गलतिर लागे । साथमा केही सेना पनि थिए । तीनै जना एउटै रथमा थिए । सात्यकिले रथ हाँकेका थिए । सिपाहीहरू जङ्गलमा सिकार देखिन्छ कि भनेर चनाखो भएर हेर्दथे । यस्तैमा एउटा मृगको हुल देखियो । सिपाहीहरू त्यसको पछि लागे । सात्यकिले पनि रथलाई त्यतै मोडे । श्रीकृष्णले भने, "सात्यकि ! हामी किन सिपाहीका पछि लाग्ने ? एक छिनमा मृगलाई लखेट्दै सिपाहीहरू यतै आउँछन् ।" उनले अगाडि नदी देखाउँदै भने, "बरु नदीमा जल विहार गरौँ, हुन्न ?"

श्रीकृष्णको प्रस्ताव बलरामले पनि माने । तिनै जना रथबाट ओर्लिएर **जलविहार** गर्न लागे । यस्तैमा साँझ पऱ्यो । सेनाहरू आउलान् र खाने, बस्ने प्रबन्ध गर्लान् भनेर बाटो हेर्दाहेर्दै **रात छिप्पियो** तर सेना आएनन् । मृग लखेट्दै गएका सेनाले बाक्लो झाडीमा चित्तल, घोरल र जरायोका बथान भेटे । उनीहरू छरिएर केही चित्तल, केही जरायो र घोरलका पछि लागे । अलमलिएर उनीहरू फर्कन सकेनन् । रात छिप्पिसकेकाले नजिकैको झ्याम्म परेको रुख देखाउँदै श्रीकृष्णले भने, "दाजु, सेना चाँडै फर्कलान् जस्तो छैन । अब बाटो हेरेर काम छैन, बरु रात कटाउन त्यो रुखमुनि बसौँ । सात्यकि तिमी के भन्छौ ?" बलराम र सात्यकि दुवैले श्रीकृष्णको भनाइ माने । तीनै जना रुखमुनि बसे ।

भोक र जलविहारको थकाइले उनीहरू **व्याकुल** थिए । खानेकुरा थिएन । निद्राले पनि झपझप हुन लागेका थिए । यस्तैमा श्रीकृष्णले भने, "हामी रातको समयमा **निर्जन** वनमा छौँ । जङ्गली हिंस्रक जन्तुले हामीलाई आक्रमण गर्न सक्छन् । यहाँ राक्षसहरू पनि घुम्छन् रे ! तिनीहरूले पनि दुःख दिन सक्छन् । त्यसैले राति पालैपालो एक जना जागै बसौँ । कसो दाइ ? मेरो भनाइ कस्तो लाग्छ ?" श्रीकृष्णको भनाइ **बुद्धिमानीपूर्ण** भएकाले दुवैले सहमति जनाए । रातको पहिलो **प्रहर** सात्यकि, दोस्रो प्रहर बलराम र तेस्रो प्रहरमा श्रीकृष्ण पाले बस्ने निधो भयो ।

वनविहार : वनमा गर्ने भ्रमण
जलविहार : पौडी खेल्ने काम
रात छिप्पिनु : रात बढ्दै जानु
व्याकुल : भोक र थकाइले दुःखी
निर्जन : सुनसान, मान्छे नभएको
बुद्धिमानीपूर्ण : बुद्धिले भरिएको, बुद्धियुक्त
प्रहर : करिब तीन घण्टाको समय

श्रीकृष्ण र बलराम रुखको फेदमा ढुङ्गो सिरान लगाएर सुते । दुवै सुत्नासाथ भुसुक्कै निदाए । सात्यकि हातमा धनुष र बाण लिएर जागै बसे । जून टहटह लागेको थियो । अकस्मात् नदीको पानीमा छप्ल्याङछुप्लुङ आवाज आएकाले सात्यकिले त्यतै आँखा लगाए । एउटा सानो फुच्चे राक्षस आउँदै गरेको उनले देखे । राक्षस बाउन्न अङ्गुल जतिको पुङ्के थियो । राक्षस कालो अनुहार, जङ्ग्रङ्ङ कपाल र बाहिर निस्केका दाराले डरलाग्दो देखिन्थ्यो । राक्षसले सरासर आएर बलराम र श्रीकृष्णलाई उठाउन खोज्यो ।

सात्यकिले रिसाएर गर्जँदै राक्षसलाई ठेलेर लडाए । लड्नासाथ राक्षस अलि ठुलो भयो । उसले सात्यकिलाई एक मुक्का हान्यो । सात्यकि झन् के कम ? उनले रिसाएर दुई मुक्का दिए । मुक्का खानासाथ राक्षस झन् **अजङ्ग**को देखियो । उसले सात्यकिलाई मुक्कैमुक्काले बजायो । सात्यकिलाई झन् रिस उठ्यो । उनले राक्षसको कपाल च्याप्प समातेर भुइँमा पछारे । अचम्म ! भुइँमा पछारिएको राक्षस त झन् **भीमकाय** भयो । उसले सात्यकिलाई कहिले मुड्कीले कहिले लात्तीले हान्न थाल्यो । दुवैको **घमासान** चल्दाचल्दै सात्यकि गलेर **लोथ** भए । उनी उठ्नै सकेनन् । यस्तैमा राक्षस **अलप** भयो । पहिलो प्रहर बितेकाले सात्यकि सुते ।

अजङ्ग : विशाल काय, ठुलो शरीरको
भीमकाय : अत्यन्त ठुलो, डरलाग्दो
घमासान : डरलाग्दो
लोथ हुनु : गलेर लखतरान पर्नु
अलप हुनु : हराउनु, अदृश्य हुनु, बिलाउनु

बलराम उठेर आँखा मिच्दै पाले बसे । एक छिनमा उही घटना दोहोरियो । बाउन्ने राक्षसले मस्त निदाएका श्रीकृष्ण र सात्यकिलाई उठाउन खोज्यो । बलरामले यत्रो फुच्चेको दुस्साहस भन्दै रिसाएर एक हातले च्याप्प समाते । उनले राक्षसलाई आकाशतिर फुत्त फ्याँके । फुच्चे राक्षस पुल्टुङ बाजी गर्दै पछारियो ।

तीन बल्ड्याङ लड्दा ऊ पहिलेभन्दा दोब्बर अग्लो, मोटो र बलियो भएको थियो । उसले सोझै बलरामलाई आएर धकेल्यो । बलराम खुब रिसाए । उनले राक्षसलाई जुरुक्क उचालेर फेरि आकाशतिर फ्याँके । झन्नै एक बाँसमाथि उछिट्टिएको राक्षस भुइँमा खस्दा पहाड जत्रै भयो । उसले सात्यकिलाई झैँ बलरामलाई पिट्नुसम्म पिट्यो । सात्यकि झैँ बलराम पनि घायल भए । उनी जति रिसाएर राक्षसमाथि प्रहार गर्थे, राक्षस झन्झन् भीमकाय हुन्थ्यो र उनीमाथि जाइ लाग्थ्यो । थकित बलराम के गर्ने भनेर सोचमा डुबे । उनी चुपचाप हुनासाथ राक्षस पनि चुपचाप नदी पारितिर लाग्यो । घायल र थकित बलराम श्रीकृष्णलाई उठाएर केही नबोली डङ्ग्रङ्ङ लडे र भुसुक्कै निदाए । श्रीकृष्ण पाले बसेपछि पनि राक्षस आयो । उसले सात्यकि र बलरामलाई उठाउन खोज्यो । श्रीकृष्णले रिसाएर एक पटक हेर्दा राक्षस अलि ठुलो भयो । उनले यो राक्षस रिसाउँदा बढेर शक्तिशाली हुन्छ भन्ने थाहा पाइहाले । त्यसैले उनले भने, "राक्षस, मेरा साथी निदाएका छन् । तिमी जस्तो असल व्यक्तिले निदाएको मानिसलाई उठाउनु उचित छैन ।" राक्षस किन टेर्थ्यो । उसले श्रीकृष्णलाई ठेलेर लडायो । श्रीकृष्णले उठेर नरिसाई भने, "राक्षस भाइ, तिमी त धेरै बलिया रहेछौ । म तिमी जस्तो शक्तिशाली छैन ।" राक्षस श्रीकृष्णलाई रिस उठाउन खोज्थ्यो । श्रीकृष्ण भने हाँस्तै उसको तारिफ गर्थे । तारिफ गर्न थालेपछि राक्षसको आकार घट्दै गयो तर पनि ऊ आक्रमण गर्न खोज्थ्यो । श्रीकृष्ण भने उसले गरेका काम र उसको खुब प्रशंसा गर्थे । यस्तैमा राक्षसको आकार घटेर खेलौना जत्रै भयो । श्रीकृष्णले त्यसलाई च्याप्प समातेर हत्केलामा राख्दै भने, "राक्षस भाइ, म तिमीलाई साथी बनाएर आफैँसँग राख्छु ल !" राक्षस बोलेन । श्रीकृष्णले त्यसलाई धोतीको छेउमा बाँधेर राखे ।

पूर्वी आकाश अलि अलि उज्यालो देखियो । बिहान भएकाले चरा चिर्बिराउन लागे । सात्यकि र बलराम उठे । दुवैका शरीरभरि घाउ नै घाउ थिए । श्रीकृष्णले भने, "होइन दाइ, के भयो ? किन शरीरभरि घाउ ?" उनले सात्यकिलाई पनि त्यसरी नै सोधे । दुवैले राति फुच्चे राक्षस आएर भीमकाय भई आक्रमण गरेको कुरा सुनाए । यस्तैमा श्रीकृष्णले धोतीको छेउको गाँठो फुकाएर

बाउन्ने : बाउन्न अङ्गुल उचाइको, धेरै पुड्को

दुस्साहस : अनुचित साहस, व्यर्थको चेष्टा

पुल्टुङबाजी : पल्टँदै लड्ने

जाइ लाग्नु : आक्रमण गर्नु

एउटा आकृति निकाले । त्यो रातमा उनीहरूलाई झम्टने राक्षस थियो । त्यो त्यति सानो देख्दा सात्यकि र बलराम छक्क परे । बलरामले श्रीकृष्णलाई भने, "श्रीकृष्ण, यो त्यही राक्षस हो जो मसँगको भिडन्तमा बढ्दै बढ्दै पहाड जत्रै भएको थियो । यसले मलाई मुक्कैमुक्काले हानेको थियो तर तिमीले यसलाई कसरी यति सानो पारेर धोतीको छेउमा बाँध्यौ हँ ?"

श्रीकृष्णले भने, "दाइ, यसले तपाईंहरूलाई उठाउन खोज्यो । मैल रिसाएर हेर्नासाथ यो अलि ठुलो देखियो । यसपछि मैले यसलाई नरिसाई निदाएको मानिसलाई बिउँझाउनुहुन्न भनी सम्झाएँ । यसले मलाई झम्टन खोज्दा उल्टै प्रशंसा गरेँ, रिसाएर गाली गरिनँ । यो राक्षस रिसाउँदा शक्तिशाली हुन्छ भन्ने मैले पहिले नै थाहा पाएको थिएँ । त्यसैले मैले मनमा रिसलाई आउन दिइनँ ।

यो राक्षस भने मलाई रिस उठाउन अनेक उपाय गर्थ्यो । म उसको प्रशंसा गरेर उसको प्रयास विफल पारिदिन्थेँ । यसो गर्दागर्दै यो राक्षस पहिलेभन्दा झन् सानो हुँदै गयो । अन्तिममा यत्रो भएपछि भाग्न खोज्दा मैले फकाएर समातेँ र तपाईंहरूलाई देखाउन धोतीको छेउमा बाँधेर राखेँ ।"

श्रीकृष्णका कुरा सुनेर बलराम र सात्यकि जिल्ल परे । राक्षस श्रीकृष्णका हत्केलाबाट हाम फालेर भाग्यो ।

अभ्यास

१. उत्तर भन :

(क) बलराम, श्रीकृष्ण र सात्यकि किन जङ्गलतर्फ गएका हुन् ?

(ख) पहिलो, दोस्रो र तेस्रो प्रहरमा को को पाले बसे ?

(ग) बलरामसँगको लडाइँमा राक्षस कत्रो भयो ?

(घ) श्रीकृष्ण राक्षससँग लडे कि लडेनन् ?

(ङ) श्रीकृष्णले राक्षसलाई कहाँ राखे ?

२. कसले कसलाई भनेको हो ? लेख :

(क) बरु नदीमा जलविहार गरौँ, हुन्न ?

(अ) सात्यकिले श्रीकृष्णलाई

(आ) श्रीकृष्णले बलरामलाई

(इ) श्रीकृष्णले सात्यकिलाई

(ख) अब बाटो हेरेर काम छैन, बरु रात कटाउन त्यो रुखमुनि बसौँ ।

(अ) बलरामले सात्यकि र श्रीकृष्णलाई

(आ) श्रीकृष्णले बलराम र सात्यकिलाई

(इ) बलराम र सात्यकिले श्रीकृष्णलाई

(ग) म तिमीलाई साथी बनाएर आफैँसँग राख्छु ल !

(अ) श्रीकृष्णले राक्षसलाई (आ) राक्षसले श्रीकृष्णलाई

(इ) श्रीकृष्णले सात्यकि र बलरामलाई

(घ) तिमीले यसलाई कसरी यति सानो पारेर धोतीको छेउमा बाँध्यौ हँ ?

(अ) सात्यकिले श्रीकृष्णलाई (आ) बलरामले श्रीकृष्णलाई

(इ) श्रीकृष्णले बलरामलाई

३. उत्तर लेख :

(क) किन श्रीकृष्ण, बलराम र सात्यकि सेनाका पछि लागेनन् ?

(ख) तीनै जनाले रातमा पालैपालो जागा बस्ने निधो किन गरे ?

(ग) फुच्चे राक्षस कसरी भीमकाय बन्यो ?

(घ) श्रीकृष्णले कसरी फुच्चे राक्षसलाई खेलौना मानिस जत्रो बनाए ?

(ङ) राक्षस के गर्दा बढ्दो र के गर्दा घट्दो रहेछ ?

(च) यस कथाबाट के शिक्षा पाइन्छ ?

४. राक्षस बढेर भीमकाय हुनुको कारण र घटेर खेलौना जत्रो हुनुको कारणबारे छ सात वाक्यमा बयान गर ।

५. यस कथाका मुख्य मुख्य घटना कापीमा टिपेर कक्षामा सुनाऊ ।

शब्दभण्डार

६. तल्लो हरफका उही अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

सिपाही सहमति डरलाग्दो अचम्म घायल प्रशंसा

भयङ्कर आश्चर्य घाइते सेना तारिफ समर्थन

७. तल्लो हरफका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख :

प्रशंसा भीमकाय विफल बाक्लो सहमति

पातलो असहमति निन्दा सानो सफल

८. छप्ल्याङछुप्लुङ, च्याप्प जस्ता अरू तीन तीन अनुकरणात्मक शब्द साथीहरूसँग छलफल गरेर लेख ।

उच्चारण र हिज्जे

९. कक्षामा माथिको पाठ पालैपालो पढेर साथीलाई सुनाऊ ।

१०. तलका शब्द ठिकसँग उच्चारण गर र कापीमा लेख :

हिंस्रक, राक्षस, जङ्ग्रङ्ङ, अजङ्ग, पुल्टुङ बाजी, बल्ड्याङ, डङ्ग्रङ्ङ, बुद्धिमानीपूर्ण, शक्तिशाली, अङ्गुल, प्रहार, प्रहर, आक्रमण

११. टहटह, भीमकाय जस्ता अजन्त उच्चारण हुने र छप्ल्याङछुप्लुङ, अनुहार जस्ता अजन्त लेखिए पनि हलन्त उच्चारण हुने पाँच पाँच शब्द पाठबाट खोज ।

१२. पाठबाट जङ्गल, मुङ्की जस्ता बिचमा खुट्टा काटेका शब्द खोजेर गुरुलाई देखाऊ ।

१३. पाठको चौथो अनुच्छेद राम्रा अक्षरमा कापीमा सार ।

१४. मृग, श्रीकृष्ण जस्ता 'ऋ' लागेका अरू पाँच शब्द कक्षामा छलफल गरेर लेख ।

कार्यमूलक व्याकरण

१५. तलका वाक्यलाई उदाहरणमा देखाए झैँ अज्ञात र अभ्यस्त पक्षमा परिवर्तन गर :

सात्यकिले रिसाएर गर्जँदै राक्षसलाई ठेलेर लडाए । लड्नासाथ राक्षस अलि ठुलो भयो । उसले सात्यकिलाई मुक्का हान्यो । सात्यकिले रिसाएर दुई मुक्का दिए । मुक्का खानासाथ राक्षस झन् अजङ्गको देखियो । उसले सात्यकिलाई मुक्कैमुक्काले बजायो । सात्यकिले रिसाएर गर्जँदै राक्षसलाई ठेलेर लडाए ।

उदाहरण १. सात्यकिले रिसाएर गर्जँदै राक्षसलाई ठेलेर लडाएछन् ।

उदाहरण २. सात्यकि रिसाएर गर्जँदै राक्षसलाई ठेलेर लडाउँथे ।

१६. तलका वाक्यलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर :

श्रीकृष्ण पाले बसेपछि पनि राक्षस आयो । उसले सात्यकि र बलरामलाई उठाउन खोज्यो । श्रीकृष्णले रिसाएर हेर्दा राक्षस अलि ठुलो देखियो । रिसाउँदा राक्षस शक्तिशाली हुने कुरा श्रीकृष्णले थाहा पाए ।

१७. तलका वाक्यमा आएको 'म' को स्थानमा 'तपाइँ' राखी वाक्य परिवर्तन गर :

मैले निदाएको मानिसलाई बिउँझाउनुहुन्न भनी राक्षसलाई सम्झाएँ । राक्षसले मलाई झम्टन खोज्दा उल्टै प्रशंसा गरेँ । मैले रिसाएर गाली गरिनँ । मैले यो राक्षस रिसाउँदा शक्तिशाली हुन्छ भन्ने थाहा पाएको थिएँ । त्यसैले मैले मनमा रिसलाई आउनै दिइनँ ।

सिर्जनात्मक अभ्यास

१८. आफूले जानेको कुनै कथा कक्षामा सुनाऊ ।

१९. पाठको चित्रको वर्णन गर ।

१७ प्रधानाध्यापकलाई निवेदन

मिति - २०७६/०१/०२

श्रीमान् प्रधानाध्यापक,
खुमजुङ माध्यमिक विद्यालय
खुमजुङ, सोलुखुम्बु ।

विषय : सिफारिस गरिदिने बारेमा ।

महोदय,

सोलुखुम्बु जिल्लाव्यापी अन्तरविद्यालय छात्रा खेलकुद प्रतियोगिता आगामी महिना हुँदै रहेछ । हामीले सो प्रतियोगितासम्बन्धी जानकारी पायौँ । प्रतियोगितामा विभिन्न खेलहरू समावेश गरिएका रहेछन् । तीमध्ये भलिबल पनि रहेछ । गत महिना हाम्रो विद्यालयमा भिन्न भिन्न कक्षाका छात्राहरूका बिचमा भलिबल प्रतियोगिता भएको थियो । सो प्रतियोगितामा हाम्रो समूह राम्रो खेल प्रदर्शन गरेर प्रतिस्पर्धामा आएको थियो । राम्रो खेलेकै कारणले हाम्रो कक्षाको समूह प्रथम भएको कुरा यहाँलाई अवगत नै छ । जिल्लाव्यापी प्रतियोगितामा पनि त्यही समूहले विद्यालयका तर्फबाट खेल्न पाए हाम्रो जित हुने विश्वास रहेको छ । त्यसैले उक्त प्रतियोगितात्मक भलिबल खेलमा हाम्रो कक्षाको छात्रा समूहलाई पठाउन सिफारिसका लागि सादर अनुरोध गर्दछौँ ।

आज्ञाकारी
कक्षा सातका सम्पूर्ण विद्यार्थीहरू

जिल्लाव्यापी	:	जिल्लाभरका
अन्तरविद्यालय	:	विद्यालयहरूका बिचको
प्रतियोगिता	:	अर्को पक्षसँग जितका लागि गरिने होडबाजी
प्रतिस्पर्धा	:	कुनै क्षमताको काममा उछिन्ने होड
प्रतियोगितात्मक	:	प्रतियोगिताका लागि तयार गरिएको
सिफारिस	:	स्वीकृतिका लागि गरिने अनुरोध
सादर	:	आदरपूर्वक

अभ्यास

१. उत्तर भन :

(क) यो निवेदन कसले कसलाई लेखेको हो ?

(ख) निवेदनमा के कुराको माग गरिएको छ ?

(ग) निवेदकहरूले मागको आधार के पेस गरेका छन् ?

(घ) विद्यालयले खेल खेलाउँदा हुने फाइदा के होला ?

(ङ) विद्यालयहरूले खेलकुद प्रतियोगिता किन सञ्चालन गरेका होलान् ?

२. तलको निवेदनको ढाँचा हेर र माथिको निवेदनसँग रुजु गर :

मिति: २०...../...../.....

सम्बोधन र पद

कार्यालयको नाम र ठेगाना

विषय: .....

प्रशस्ति

पेटबोली (निवेदनको व्यहोरा)

सम्बन्ध ज्ञापन

निवेदकको नाम

ठेगाना

३. तलका विषयमा निवेदन लेख :

(क) आफू गरिब र प्रतिभाशाली भएको व्यहोरा अनुरोध गरेर विद्यालयबाट दिइने गरिब तथा जेहेनदार छात्रवृत्ति पाउन अनुरोध गरी प्रधानाध्यापकलाई निवेदन लेख ।

(ख) खेलकुद सप्ताहमा आफूलाई मन परेको खेलमा भाग लिन खेलकुद शिक्षकलाई सम्बोधन गरेर निवेदन लेख ।

शब्दभण्डार

४. जिल्ला + व्यापी = जिल्लाव्यापी र प्रति + स्पर्धा = प्रतिस्पर्धा जस्तै तलका शब्दमा व्यापी र प्रति जोडेर शब्द बनाऊ :

(क) सप्ताह, देश, उपत्यका, विद्यालय (ख) लिपि, शत, निधि, दिन

५. तलका शब्दको विपरीतार्थी शब्द लेख :

महिला, जित, प्रथम, छात्रा, विश्वास

६. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

सिफारिस, प्रतियोगिता, समावेश, प्रतिस्पर्धा

उच्चारण र हिज्जे

७. कक्षामा पाठको निवेदन पढेर साथीहरूलाई सुनाऊ ।

८. ठिकसँग उच्चारण गर र कापीमा सार :

जिल्लाव्यापी, प्रतियोगिता, प्रदर्शन, प्रतियोगितात्मक

९. पाठको चिठी राम्रा अक्षर बनाएर कापीमा सार ।

कार्यमूलक व्याकरण

१०. भएको थियो, आएको थियो जस्ता पूर्ण पक्षका क्रियापदहरू प्रयोग गरेर तिमीले देखेको कुनै खेलको वर्णन गर ।

सिर्जनात्मक अभ्यास

११. तिम्रो विद्यालयमा सुधार नगरी नहुने कुरा के के छन् ? विचार गर र ती कुराको सुधारका लागि प्रधानाध्यापकलाई निवेदन लेख ।

१८ आबाल ब्रह्मचारी षडानन्द

विष्णुराज कुसम

मानिस जन्मन्छन्, मर्छन्, संसारबाट हराउँछन् । कोही मरेर पनि अमर हुन्छन् । यस्तालाई युगपुरुष भनिन्छ । युगपुरुषले समाजलाई नयाँ दिशामा डोऱ्याएका हुन्छन् । यस्ता मानिस एक शताब्दीमा थोरै मात्र हुन्छन् । आबाल ब्रह्मचारी षडानन्द यस्तै युगपुरुष थिए । उनलाई बालागुरु र गुरु महाराज पनि भनिन्छ । उनका सन्तान थिएनन् तर उनलाई कैयौँ मानिसहरूले श्रद्धाले सम्झिन्छन् । उनको जन्म जयन्ती बर्सेनि मनाइन्छ ।

भोजपुर जिल्लाको उत्तरी भेगमा दिङ्ला भन्ने रमणीय ठाउँ छ । त्यहाँ बाहुन, क्षेत्री, राई, तामाङ, नेवार आदिको बसोबास छ । त्यसै ठाउँमा गढीगाउँ भन्ने मनमोहक गाउँ छ । त्यहीँ विक्रम संवत् १८९२ मङ्सिर महिनाको विवाह पञ्चमीका दिन षडानन्दको जन्म भएको थियो । उनका पिताको नाम लक्ष्मीनारायण तथा माताको नाम रुक्मिणीदेवी हो । उनी चार दाजु र तीन दिदीका भाइ थिए । उनी आमाको पेटमै छँदा उनका पिताको निधन भयो । त्यसैले उनी गर्भे टुहुरा थिए ।

षडानन्द दुधे बालक छँदा नै उनकी आमा रुक्मिणी बिरामी भएर थला परिछन् । षडानन्दलाई बचाउन हम्मे भएछ । आमाको मन आत्तिएछ । उनले बोधनकी आमालाई बोलाएर आफू निको नहुन्जेल षडानन्दलाई दुध खुवाउन लगाइछन् ।

आठ वर्षको उमेरमा षडानन्दको व्रतबन्ध भएको थियो । व्रतबन्धपछि अन्त गएर विद्याध्ययन गर्नुपर्छ भन्ने त्यतिखेरको मान्यता थियो । त्यसैले उनी पनि तीर्थयात्रीहरूका पछि लागेर अध्ययनका लागि जनकपुर पुगे । त्यहाँ उनले संस्कृतको साधारण अध्ययन गरे । अध्ययनको प्रबल आकाङ्क्षाले उनी जनकपुरमा मात्र सीमित रहेनन् ।

युगपुरुष	:	लामो समयावधिमा समाजलाई प्रभावित पार्ने महान् व्यक्तित्व
दिशा	:	मार्ग, बाटो
शताब्दी	:	सय वर्षको समय
जन्म जयन्ती	:	संस्था वा मृत व्यक्तिको जन्म दिनमा मनाइने उत्सव
गर्भे टुहुरो	:	आमाको गर्भमा रहँदैको टुहुरो
आकाङ्क्षा	:	इच्छा, चाहना

षडानन्द बनारस गए । त्यहाँ उनले संस्कृत **व्याकरण**, **कर्मकाण्ड**, **ज्योतिष** आदि पढे । साथै **गीता**, **वेद** र **उपनिषद्**को पनि गहन अध्ययन गरे । साधुसन्तहरूको सङ्गत गरे । भारतका प्रमुख तीर्थहरूको भ्रमण गरे । यसरी उनी विद्वान् र ज्ञानी बने ।

विद्याध्ययनपछि षडानन्द नेपालको राजधानी काठमाडौँ आए । काठमाडौँमा उनले कहिले गोकर्ण, कहिले पचलीघाट र कहिले पशुपति क्षेत्रमा बसेर **गायत्री**को उपासना गरे । उनले चौबिस पटक गायत्री पुरश्चरण गरेका थिए । देवघाट हुँदै पोखराको सेती किनारमा गएर योग साधना गरे । यसरी उनले गायत्री उपासना र योग साधनाबाट **सिद्धि** प्राप्त गरे । षडानन्दले वि.सं. १९३२ चैत्र शुक्ल राम नवमीमा दिङ्ला भन्ज्याङको कैलाशमा नर्मदेश्वर शिव मन्दिर निर्माण गरे । त्यसै वर्ष त्यहीँ विद्यालय पनि स्थापना गरी पठन पाठन आरम्भ गरे । विद्यालयलाई उनले नै वि.सं. १९५५ मा भन्ज्याङको समतल ठाउँमा सारे । यस सत्कार्यमा स्थानीय जनताको सक्रिय सहभागिता थियो । यो जनस्तरबाट सञ्चालित नेपालको पहिलो विद्यालय हो । यस विद्यालयमा वेद, व्याकरण, साहित्य, ज्योतिष आदिको अध्यापनका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था थियो । विद्यार्थीका निम्ति छात्रावास भवन समेत निर्माण गरिएको थियो । त्यस्तै विद्यार्थी र शिक्षकका लागि थप अध्ययन गर्न पुस्तकालयको पनि स्थापना गरिएको थियो । षडानन्दले त्यस विद्यालयमा सबै जातजातिले पढ्न पाउने **वातावरण**समेत बनाए । विद्यालयमा छेत्री, राई, नेवार आदि जातिका विद्यार्थीले पनि पढ्न थाले । यसरी संस्कृत शिक्षा बाहुनको मात्र हो भन्ने **दृष्टिकोण**मा परिवर्तन आयो ।

व्याकरण	:	भाषाको बनोट अध्ययन गर्ने शास्त्र
कर्मकाण्ड	:	गृहस्थीहरूले गर्नुपर्ने धार्मिक कार्य
ज्योतिष	:	ग्रह नक्षत्रको शुभ अशुभ वर्णन गर्ने शास्त्र
गीता	:	महाभारतको युद्धमा कृष्णले अर्जुनलाई दिएको उपदेश
वेद	:	आर्यहरूको प्राचीन ग्रन्थ
उपनिषद्	:	वेदको व्याख्या गरिएको ग्रन्थ
गायत्री	:	बिहान बेलुका जपिने वेदको प्रसिद्ध मन्त्र, वेदको मन्त्रकी देवी
गायत्री पुरश्चरण	:	चौबिस लाख पटक गायत्री मन्त्र जप्ने काम
योग साधना	:	शरीर र मनलाई तन्दुरुस्त राख्न एवम् श्वासप्रश्वासलाई अधीनमा राख्न उपयोगी एक प्रकारको अभ्यास
गायत्री उपासना	:	गायत्री मन्त्र जपेर गरिने ध्यान
सिद्धि	:	योग साधना वा तपस्याबाट प्राप्त हुने अलौकिक शक्ति
वातावरण	:	अवस्था, परिस्थिति
दृष्टिकोण	:	हेराइ

त्यस विद्यालयमा नेपालको पश्चिममा प्युठान, गुल्मी, नुवाकोटदेखि पूर्वमा इलामसम्मका विद्यार्थीहरू थिए । त्यसैगरी नेपाल बाहिरबाट भुटान, बर्मा तथा भारतको सिक्किम र आसामसम्मका विद्यार्थीहरू पढ्न आउँथे । विद्यालयमा कसैलाई पनि यो विषय पढ्नुपर्छ भनिँदैनथ्यो । तत्कालीन आवश्यकताअनुसार जो जे पढ्न चाहन्छ, त्यही विद्या पढ्ने व्यवस्था मिलाइएको थियो ।

विद्यालय सञ्चालन भएपछि षडानन्दले मन्दिरहरू पनि बनाए । उनले षडेश्वर शिवलिङ्ग र सीतारामको मूर्ति स्थापना गरे । स्थानीय व्यक्तिहरूको सहयोगमा अरू मठ मन्दिरहरू पनि निर्माण गराए । भित्री र बाहिरी बगैँचा बनाए । तेलिया इँटको पर्खालले घेरी करिब दश रोपनी जमिनमा भित्री बगैँचा लगाए । बगैँचामा अनेक जातिका बोटबिरुवा रोपेर सुन्दर फूलबारी बनाए । जमिनमा नाला खनेर पानी ल्याई पार्वती कुण्ड र हनुमान् कुण्ड बनाए । राम धारा र लक्ष्मण धारा निर्माण गरे । पुराण मण्डप, होम कुण्ड, धर्मशाला र पाटीपौवा बनाए । साथै मन्दिर र विद्यालय आउजाउ गर्न ढुङ्गा छापेको फराकिलो बाटो पनि बनाए ।

बालागुरुले मन्दिरहरूमा नित्य पूजाको व्यवस्था मिलाए । धार्मिक पर्वहरूमा विशेष पूजाका साथै चौमासा पुराणको व्यवस्था गरे । रामनवमी तथा बाला चतुर्दशीमा मेला लाग्ने परम्परा बसाए । यसरी दिङ्ला त्यस क्षेत्रको मात्र नभएर टाढा टाढासम्मको शैक्षिक, धार्मिक तथा व्यापारिक केन्द्र बन्यो ।

षडानन्दले दाताहरूबाट जग्गा प्राप्त गरे । साथै आफ्नो तर्फबाट समेत जग्गा खरिद गरी षडानन्द सीताराम गुठीको स्थापना गरे । त्यसबाट उनले पाठशाला र पूजापर्वको खर्चको प्रबन्ध मिलाए । विद्यार्थीहरूलाई छात्रवृत्ति दिने व्यवस्था भयो । गुठीको व्यवस्थापनका सम्पूर्ण कुरा शिलालेख, ताम्रपत्र, धर्म पत्रिका आदिमा लेखिएको पाइन्छ ।

तेलिया इँट : तेल लगाए जस्तो चिल्लो इँट

पुराण मण्डप: पुराण भन्नका लागि तयार गरिएको मञ्च

होम कुण्ड : होम गर्न बनाइएको खाल्डो

धर्मशाला : यात्रुहरू बस्न बनाइएको घर

पाटीपौवा : बटुवाहरूका लागि बास र पानीको व्यवस्था भएको ठाउँ

चौमासा : आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्मको चार महिनाको समय

गुठी : शैक्षिक, धार्मिक आदि गतिविधिको सञ्चालन र संवर्धनका लागि राखिएको घर, जग्गा वा अन्य सम्पत्ति

शिलालेख : ढुङ्गामा लेखिएको पुरानो सामग्री

ताम्रपत्र : तामाको पातामा खोपेर लेखिएको सामग्री

धर्म पत्रिका : गुठी सञ्चालन गर्ने नियम

षडानन्दले रुद्राक्ष र अन्य जातका रुख बिरुवासमेत रोपी वनको संरक्षण, संवर्धन गरे । उनले लगाएको र जगेडा गरेको त्यस वनलाई अहिले पनि 'जगेडाको वन' भनिन्छ । यसरी उनले पर्यावरण जोगाउने काम पनि गरे । अहिले पनि त्यस क्षेत्रमा वार्षिक करोडौँ रुपियाँको रुद्राक्षको व्यापार हुन्छ । यो पनि उनकै देन हो ।

षडानन्दले समाज सुधारका कामहरू पनि गरे । उनले त्यस क्षेत्रमा सतीप्रथाको अन्त्य गराए । देशबाट सतीप्रथा र दासप्रथा हटाउन तत्कालीन शासकलाई उनले सुझाव दिए । उनकै प्रयासले त्यस क्षेत्रमा छुवाछुत प्रथामा कमी आयो । उनले त्यस क्षेत्रको र देशकै शैक्षिक तथा सामाजिक उन्नतिका लागि अनुकरणीय काम गरे ।

विक्रम संवत् १९७३ ज्येष्ठ शुक्ल त्रयोदशीका दिन काठमाडौँको पचलीघाटमा उनी स्वर्गे भए । उनले स्थापना गरेको विद्यालय अहिले षडानन्द संस्कृत माध्यमिक विद्यालयका नाममा सञ्चालित छ । त्यहाँ षडानन्द बहुमुखि क्याम्पस र षडानन्द वेद विद्याश्रम पनि खुलेका छन् । उनलाई अहिलेसम्म पनि दिङ्लामा मात्र नभएर देश र विदेशमा समेत सम्झन्छन् । श्रद्धाले शिर झुकाउँछन् । उनका सालिकहरू निर्माण भएका छन् । अनेक संस्थाहरूले उनका कृति र कीर्तिलाई जोगाउने, फैलाउने काम गरिरहेका छन् । उनका नाममा राष्ट्रिय पुरस्कार र छात्रवृत्ति राखिएको छ । विद्वत्वृत्ति स्थापना गरिएको छ र उनको योगदानका बारेमा अध्ययन हुन थालेको छ ।

तत्कालीन नेपालमा शिक्षा र चेतनाको ज्यादै कमी थियो । देशमा राणा शासन थियो । राजधानी काठमाडौँमा नै साधारण जनताका लागि विद्यालय थिएनन् । राणा शासकलाई सहमत गराएर जनतालाई शिक्षित पार्न विद्यालय स्थापना गर्नु ठुलो चुनौतीको विषय थियो । षडानन्द त्यस्ता चुनौती पन्छाउन सफल भए । उनले पूर्वको विकट ठाउँ दिङ्लामा पाठशाला स्थापना मात्र गरेनन्, सबै जातका मानिसका लागि शिक्षाको ढोका खोले ।

रुद्राक्ष : जपमाला बनाउने फल फल्ने एक प्रकारको वनस्पति

पर्यावरण : वातावरण

सतीप्रथा : पतिको लाससँगै जिउँदै जलाइने चलन

दासप्रथा : मानिसलाई पशु जस्तै किनबेच गरेर दास बनाउने प्रथा

अनुकरणीय : नक्कल गर्न लायक

कृति : षडानन्दले निर्माण गरेका भौतिक संरचना र संस्था

राष्ट्रिय पुरस्कार : राम्रो कामले राष्ट्रमा चिनिएको व्यक्तिलाई दिइने पुरस्कार, इनाम

विद्वत्वृत्ति : गुजाराका लागि विद्वान्लाई दिइने रकम वा सुविधा

राणा शासन : राणाहरूको एउटा परिवारले सञ्चालन गरेको शासन व्यवस्था

यसरी नेपालमा शिक्षा, संस्कृति र समाज सुधारका क्षेत्रमा षडानन्दको ठुलो योगदान रहेको छ । शून्यमा संरचना खडा गर्ने काम महापुरुषले मात्र गर्दछन् । हामी त्यस्तै महापुरुष र प्रेरक व्यक्तित्वका रूपमा षडानन्दलाई पाउँछौँ ।

महापुरुष : ठुला मानिस, पूज्य व्यक्तित्व

प्रेरक व्यक्तित्व : अरूलाई उत्साह वा प्रेरणा दिन सक्ने विशेष गुण वा क्षमता भएको व्यक्ति

अभ्यास

१. एक वाक्यमा उत्तर भन :

(क) षडानन्दलाई किन युगपुरुष भनिएको हो ?

(ख) उनको जन्म कहाँ र कहिले भएको थियो ?

(ग) पढिसकेपछि षडानन्दले के गरे ?

(घ) षडानन्दले विद्यालयको स्थापना कहिले र कहाँ गरे ?

(ङ) षडानन्दले स्थापना गरेको विद्यालयको मुख्य विशेषता के थियो ?

(च) गुठीको सञ्चालनको कुरा केमा लेखेको पाइन्छ ?

(छ) षडानन्द कहिले र कहाँ स्वर्गे भए ?

२. जोडा मिलाऊ :

षडानन्द सीताराम गुठीको व्यवस्थापन	राष्ट्रिय पुरस्कारको स्थापना
पर्यावरणको संरक्षण	मेला
षडानन्दको कीर्ति फैलाउने काम	सिद्धि प्राप्ति
राम नवमी र बाला चतुर्दशी	षडानन्द संस्कृत माध्यमिक विद्यालय
गायत्री उपासना र योग साधना	धर्म पत्रिका
जनस्तरबाट स्थापित नेपालको पहिलो विद्यालय	जगेडाको वन

३. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) षडानन्दले गरेका समाजसेवाका कामहरूमध्ये मुख्य काम कुन हो ?

(अ) पर्यावरण संरक्षण

(आ) सतीप्रथाको अन्त्य

(इ) विद्यालयको स्थापना

(ई) मठमन्दिरको निर्माण

(ख) त्यसबेला विद्यालय स्थापना गर्न मुख्य कठिनाइ के थियो ?

(अ) देशमा राणा शासन थियो ।

(आ) राणा शासकहरूबाट स्वीकृति लिन सजिलो थिएन ।

(इ) शिक्षा र चेतनाको कमी थियो ।

(ई) राजधानी काठमाडौँमा नै विद्यालय थिएन ।

४. सङ्क्षिप्त उत्तर लेख :

(क) दुधे बालक छँदा षडानन्दको जीवनमा घटेको घटना के थियो ?

(ख) षडानन्दले कहाँ कहाँ गएर के के पढे ?

(ग) षडानन्दको समयमा विद्यालय स्थापनाको कुरा किन चुनौतीपूर्ण थियो ?

(घ) षडानन्दले स्थापना गरेको विद्यालय कस्तो थियो ?

(ङ) विद्यालय स्थापनाबाहेक षडानन्दले गरेका मुख्य काम के के हुन् ?

(च) षडानन्दका बारेमा के कस्ता कामहरू हुँदै छन् ?

५. आबाल ब्रह्मचारी षडानन्दले गरेका कामहरूको वर्णन गरी एक अनुच्छेदमा लेख ।

शब्दभण्डार

६. तलका शब्दको पर्यायवाची शब्द लेख :

निधन, मन, समतल, बगैंचा, बाटो, जग्गा, प्रथा

७. तल विपरीतार्थी शब्दहरू छ्यासमिस पारेर राखिएका छन्, मिल्ने शब्द जोडी छानेर एकै ठाउँमा लेख :

खरिद, सक्रिय, उत्तरी, दुर्बल, दास, साँगुरो, बिक्री, दक्षिणी, प्रबल, फराकिलो, मालिक, निष्क्रिय

८. तलका शब्दको अर्थ भन :

अमर, गहन, अध्यापन, नित्य, केन्द्र, कीर्ति, शासक

९. सबैभन्दा मिल्ने शब्द छानेर खाली ठाउँ भर :

(क) नेपालीहरू षडानन्दको जीवन कालमा राणाहरूबाट..... थिए ।
(शासन, शासित, शासक)

(ख) समाजमा..... व्यक्तिहरू अत्यन्त थोरै हुन्छन् ।
(प्रेरित, प्रेरक, उत्प्रेरित)

(ग) ढुङ्गामा लेखिएको लेखलाई ..... भन्दछन् ।
(शिला, शिलालेख, शिलान्यास)

(घ) पहिले पहिले संस्थाहरूको दिगो सञ्चालनका लागि ..... को व्यवस्था गरिएको हुन्थ्यो । (जग्गा, गुठी, अक्षय कोष)

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

धर्मशाला, रुद्राक्ष, दृष्टिकोण, दासप्रथा, अनकन्टार, छुवाछुत, चुनौती

उच्चारण र हिज्जे

११. कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन ।

१२. ठिकसँग उच्चारण गर :

दृष्टिकोण, ताम्रपत्र, धर्म पत्रिका, रुद्राक्ष, पर्यावरण, व्यवस्थापन, धर्मशाला, राष्ट्रिय पुरस्कार, प्रेरक व्यक्तित्व, विद्याध्ययन, पुराण मण्डप, चतुर्दशी

१३. ठिक हिज्जे भएको शब्द छान :

विद्ययाध्ययन	विद्याध्ययन	विद्याध्यन	विधाध्ययन
राष्टिय	राष्ट्रीय	राष्ट्रिय	रास्ट्रिय
अनूकरणीय	अनुकरनीय	अनुकरणिय	अनुकरणीय
अन्कन्टार	अनकन्टार	अनकण्टार	अनकन्टार्

१४. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

कार्यमूलक व्याकरण

१५. तल्लो हरफका नामसँग माथिल्लो हरफका विशेषणको जोडा मिलाई कापीमा लेख :

रमणीय	गर्भे	जहानियाँ	दुधे	सामाजिक	प्रबल
शासन	बालक	ठाउँ	आकाङ्क्षा	टुहुरो	उन्नति

१६. तलका वाक्यलाई उदाहरणमा देखाए जसरी दुई किसिमले लेख :

उदाहरण : सामान्य पक्ष - रुक्मिणी थला परिन् ।

अभ्यस्त पक्ष - रुक्मिणी थला पर्थिन् ।

रुक्मिणी बिरामी भएर थला परिछन् । षडानन्दलाई बचाउन हम्मे भएछ । आमाको मन आत्तिएछ ।

१७. तलका बुँदाका आधारमा छोटो जीवनी लेख :

नाम	:	तुलसीमेहर श्रेष्ठ
जन्म स्थान र मिति	:	ललितपुर, वि.सं. १९५३ पुस ७ गते
पिता र माता	:	कैलाशमेहर श्रेष्ठ र नानीथँकु

दश वर्षको उमेरमा आमाको निधन... घरमै साधारण शिक्षा... विभिन्न कामले भारतमा आउजाउ... आर्य समाजी दयानन्द सरस्वतीको छुवाछुत र कुरीति हटाउने विचारबाट प्रभावित... काठमाडौँमा मलामी गुठी भन्ने संस्था खोली कुरीतिको अन्त्यका लागि काम... चन्द्रशमशेरबाट बाह्र वर्षका लागि देश निकाला... भारतमा शरण, बार वर्षपछि काठमाडौँ फिर्ता... भारतमा रहँदा महात्मा गान्धीको विचार र व्यवहारबाट प्रभावित... व्यक्तिको सिप विकास गरी आत्म निर्भर बनाउने उद्देश्य... त्यसका लागि 'चर्खा प्रचारक महागुठी' को स्थापना... आफ्ना तर्फबाट २ सय थान चर्खा र कपास वितरण... महिलाहरूलाई कपडा बुन्ने तालिम... महिला आश्रम र गान्धी आदर्श स्कुल सञ्चालन... १९९० सालको भूकम्प पीडितहरूलाई सहयोग... २०३५ सालमा भारतीय रुपियाँ १,००,०००।- को गान्धी पुरस्कारबाट सम्मानित... त्यस रकमबाट असहायहरूको उद्धारका लागि अक्षय कोषको स्थापना... २०३५ साल असोज १० गते निधन... कर्म नै पूजा र परिश्रम नै धर्म भन्ने शिक्षा उनले दिएका

१९

सभ्यता

प्रभा भट्टराई

किन यति फितलो भो सभ्य संसार हाम्रो
परजन किन राम्रा, लाग्छ आफैँ नराम्रो ।
अब कति दिन उड्ने ? नक्कली प्वाँख जोडी
तनमन त स्वदेशी वेशभुषा विदेशी ।।

पर पर किन रोदी ? खैँजडी लाग्छ खोटो
गुनिउँ पनि हरायो भिर्छ को आज भोटो ?
धङ धङ धङ डिस्को नाच्न कल्ले सिकायो ।
रसमय घर पोल्यो औ खरानी बिकायो ।।

चहलपहल नौलो सभ्यताले बढायो
समय जति त खाने लाउनेमै बितायो ।
मन मगज छ खोक्रो बाहिरी भव्य बोक्रो
मलिन छ ऋषि वाणी धर्म संस्कार थोत्रो ॥

तरतर पसिनाले कोट निथ्रुक्क पार
लुग लुग लुग काम्दा पातलो वस्त्रजाल
समयसित नहिँड्ने बन्छ पाखे गँवार
अब मनन गरौँ है सभ्यताको कमाल !

फितलो	:	कमजोर, दुर्बल
सभ्य	:	भद्र शिष्ट
परजन	:	पराई मानिस, अन्य जन
रोदी	:	गुरुङ जातिका ठिटाठिटीद्वारा गरिने नाचगान
खैँजडी	:	भजन कीर्तनमा बजाउने एक प्रकारको तालबाजा
खोटो	:	खोट भएको, दोषी, रुखको चोप
डिस्को	:	ठुलो आवाजको सङ्गीतमा नाच्ने ठाउँ
रसमय	:	रसैरसले भरिएको, रसिलो

बिकाउनु : बेचाउनु
सभ्यता : सभ्य व्यक्तिमा हुने गुण, भद्रता, शिष्टता
भव्य : आकर्षक, सुन्दर
मलिन : प्रकाश कम भएको, निस्तेज
ऋषि वाणी : ऋषिका वचन, उपदेश
संस्कार : परम्परा, शिक्षा आदिले पर्ने प्रभाव
वस्त्रजाल : जालोका रूपमा रहेको पातलो कपडा
गँवार : पाखे, असभ्य
कमाल : चमत्कार, अद्‌भुत् काम

अभ्यास

१. **'सभ्यता' कविता लय हालेर पढ ।**

२. **छोटो उत्तर लेख :**

(क) कवयित्रीले केलाई नक्कली प्वाँख भनेकी छिन् ?

(ख) नेपाली मन मगजलाई किन खोक्रो भनिएको हो ?

(ग) घर पोलेर खरानी बिकाउनु भनेको के हो ?

३. **कविताको पहिलो श्लोकलाई वाक्यमा लेख ।**

४. **भावविस्तार गर :**

चहलपहल नौलो सभ्यताले बढायो
समय जति त खाने लाउनेमै बितायो ।
मन मगज छ खोक्रो बाहिरी भव्य बोक्रो
मलिन छ ऋषि वाणी धर्म संस्कार थोत्रो ।।

५. **सभ्यता कविताको सन्देश के हो, पाँच वाक्यमा लेख ।**

शब्दभण्डार

६. तलका शब्दको विपरीतार्थी शब्द लेख :

स्वदेशी, परपर, हरायो, थोत्रो, पातलो

७. तलका शब्दका दुई दुईओटा पर्यायवाची शब्द खोज :

उदाहरण : संसार = विश्व, जगत्

संसार, घर, तन, नौलो, मगज, वस्त्र, समय

८. कोष्ठकका शब्दको विपरीतार्थी शब्द राखेर खाली ठाउँ भर :

(क) परदेशमा रहँदा ..... को सम्झना धेरै हुन्छ । (परजन)

(ख) बुझ्नेहरू बोक्रो फालेर ..... लिन्छन् । (बोक्रो)

(ग) बजारमा ..... सामानको मूल्य बढी छ । (नक्कली)

९. शब्द छानेर खाली ठाउँ भर :

(क) घरमा राम्रो ..... पाएको व्यक्तिको व्यवहार शिष्ट हुन्छ । (संस्कृति, संस्कार, सन्देश)

(ख) आज तिम्रो अनुहार किन..... देखिन्छ ? (मैलो, मयल भरिएको, मलिन)

(ग) संवादमा उनको प्रस्तुति ..... थियो । (आकर्षण, भव्य, सौन्दर्य)

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

रोदी, खैंजडी, खोटो, सभ्यता, कमाल

११. निथ्रुक्क जस्तै तीनओटा अनुकरणात्मक शब्द सम्झिएर लेख ।

उच्चारण र हिज्जे

१२. ठिकसँग उच्चारण गर र कापीमा सार :

प्वाँख, खैंजडी, गुनिउँ, खोक्रो, भव्य, ऋषिवाणी, संस्कार, निथ्रुक्क, वस्त्रजाल,

१३. कविताको दोस्रो श्लोक राम्रा अक्षरमा कापीमा सार ।

१४. पाठबाट 'ब' बोलेर 'व' लेखिने, 'ब' बोलेर 'ब' लेखिने, 'व' बोलेर 'व' लेखिने शब्दहरू खोज ।

कार्यमूलक व्याकरण

१५. कविताका चारै श्लोकबाट सबै विशेषण शब्द टिप र कुनै तीन विशेषण शब्दलाई वाक्यमा प्रयोग गर ।

१६. 'सभ्य' बाट 'सभ्यता' बने जस्तै तलका शब्दमा 'ता' लगाएर नाम बनाऊ :

मित्र, शत्रु, दास, कवि, मूर्ख, विशेष, सुन्दर, नवीन

सिर्जनात्मक अभ्यास

१७. मिल्दा शब्दले कविताका हरफ पूरा गर :

समय, व्यर्थमा, भन्छ, धन, यदि, फेरी

टिक टिक टिक गर्दै ..... बेला बताई

नगर कैल्यै ..... नष्ट भई

समय .....गरेमा व्यर्थमा नष्ट ऐले

दिई .....पछि ..... पाइने छैन कैले ।।

१८. आफ्नो संस्कृतिसम्बन्धी शीर्षकमा कविता लेखी कक्षामा सुनाऊ ।

२० नेपालको धार्मिक वास्तुकला

मानिसलाई मुग्ध बनाउने कुनै पनि आकृतिलाई कला भन्दछन् । यो प्राकृतिक तथा मानव सिर्जित दुवै हुन्छ । फूलबारीमा फुलेको फूल प्राकृतिक कला हो । चित्रकारले बनाएको फूलको हेरूँ हेरूँ लाग्ने चित्र चाहिँ मानव सिर्जित कला हो । खोटाङको हलेसी गुफा प्राकृतिक कला हो भने त्यहाँको गुम्बा मानव सिर्जित कला हो । चित्र, सङ्गीत, साहित्य, मूर्ति, भवन, देवालय, धरहरा आदि मानव सिर्जित कला हुन् । कलाका धेरै भेद छन् । तीमध्ये वास्तुकला पनि एक हो । घर, दरबार, धरहरा जस्तै देवालयहरू पनि वास्तुकलाका उदाहरण हुन् ।

नेपालमा सत्तल वा पगोडा, शिखर र गुम्बज शैलीका हिन्दु तथा बौद्ध देवालय छन् । त्यस्तै कलात्मक शैलीमा इस्लाम र इसाई देवालय पनि रहेका छन् । हिन्दु धार्मिक वास्तुकलामा मन्दिर नै धेरै छन् ।

मुग्ध	:	लठ्ठ परेको, मोहित
सिर्जित	:	सिर्जना गरेको
वास्तुकला	:	घर, दरबार, देवालय आदि निर्माण गर्ने सिप
सत्तल शैली	:	तलैतला छानो भएको मन्दिर निर्माण गर्ने शैली
शिखर शैली	:	छानो शिखर (पहाडको चुचुरो) जस्तै हुने मन्दिर बनाउने शैली
गुम्बज शैली	:	छानो अर्ध गोलाकार आकृतिको हुने मन्दिर निर्माणको शैली

बौद्ध वास्तुकलामा **स्तूप**, **चैत्य**, **गुम्बा**, **विहार** आदि छन् । त्यसैगरी इस्लाम धार्मिक वास्तुकलाअन्तर्गत **मस्जिद** र इसाई धर्मअन्तर्गत **गिर्जाघर** रहेका छन् । यिनीहरू रहेको स्थान, निर्माण सामग्री, शैली आदिले तिनको कलात्मक स्वरूप तयार हुन्छ । यसबाट हेरूँ हेरूँ लाग्ने सौन्दर्य प्रकट हुन्छ । नेपालका पुराना अधिकांश देवालयहरू ढुङ्गा, इँट, माटो तथा काठले बनेका छन् । ती बहुमूल्य **जुहारत**, सुनचाँदी जस्ता **अनमोल** धातुले निर्माण भए जस्ता मन **मोहक** देखिन्छन् ।

मन्दिर ढुङ्गा या इँट छापेको **प्राङ्गण**मा बनेको हुन्छ । मन्दिरसामु **स्तम्भ** र स्तम्भको टुप्पामा देवीदेवताका वाहनको मूर्ति हुन्छ । प्रवेशद्वारसम्म पुग्न विभिन्न तहमा डबलीहरू बनाइएका हुन्छन् । माथिल्लो **डबली**मा चढ्ने खुट्किलाका दुवैतिर हात्ती, बाघ आदिका आकर्षक मूर्ति सजाइएका हुन्छन् । चारैतिरबाट उठाइएको डबलीको बिचमा मन्दिर बनाइएको हुन्छ । मन्दिरको टुप्पामा आकर्षक गजुर हुन्छ । भुइँदेखि गजुरसम्मको यस्तो संरचनाले अनुपम सौन्दर्यको सिर्जना गरेको हुन्छ ।

सत्तल शैली नेपाली देवालय वास्तुकलाको मौलिक शैली मानिन्छ । यस शैलीको मन्दिरको छानो तलैतला भएको हुन्छ । त्यसैले कतिपय मानिसहरू यस शैलीलाई तले शैली पनि भन्दछन् । मन्दिरको छानो सबैभन्दा तल फराकिलो हुन्छ र जति माथि गयो त्यति सानो हुँदै जान्छ । सबैभन्दा माथि गजुर रहन्छ ।

यस शैलीका धेरैजसो मन्दिरहरू **वर्गाकार**, **चतुर्भुजाकार** तथा गोलाकार हुन्छन् । साथै अष्ट तथा **षट्भुजात्मक** पनि पाइन्छन् । मन्दिरमा काठका थाम, निदाल, झ्याल तथा ढोकामा कुँदिएका आकर्षक बुट्टाहरू हुन्छन् । छानाको सबैभन्दा तल काठको बुट्टादार पट्टी राखिएको हुन्छ ।

स्तूप	:	अर्ध गोलाकार आकृतिमाथि प्रज्ञा चक्षु, १३ लोक जनाउने सिँढी, छत्र र गजुर हुने बौद्ध देवालय
चैत्य	:	विभिन्न तहको चारपाटे जगमाथि ढुङ्गामा बुद्धमूर्तिहरू कुँदिएको बौद्ध देवालय
गुम्बा	:	लामा बुद्ध धर्मको देवालय
विहार	:	चारैतिर मन्दिरकै सत्तल वा घर र बिचमा स्तूप, चैत्य वा मन्दिर भएको क्षेत्र
मस्जिद	:	इस्लाम धर्म मान्नेहरूले ईश्वरको प्रार्थना गर्ने घर
गिर्जाघर	:	इसाई धर्म मान्नेहरूले ईश्वरको प्रार्थना गर्ने घर
जुहारत	:	मोती, मणि आदि बहुमूल्य रत्न
अनमोल	:	धेरै मूल्य पर्ने, दामी
मोहक	:	मोहित वा मुग्ध पार्ने
प्राङ्गण	:	आँगन
स्तम्भ	:	थाम
डबली	:	अग्लो र फराकिलो चौतारो वा मञ्च
वर्गाकार	:	लम्बाइ चौडाइ बराबर भएको आकार
चतुर्भुजाकार	:	चार कुना वा भुजा भएको आकृति
षट्भुजात्मक	:	छ भुजा (कुना) भएको

यसमा झुन्ड्याइएका ससाना घन्टहरू हावा आउँदा झुल्छन् । घन्टबाट निस्केको मधुर ध्वनिले सङ्गीतमय वातावरणको सिर्जना गर्छ । छानाको चारै कुनामा चरा आकारका एक एक मोहक आकृति राखिएका हुन्छन् । छानो थेग्न बनाइएका काठका टुँडालहरूमा देवता, मानिस र जीवजन्तुका आकर्षक मूर्तिहरू कुँदिएका हुन्छन् । मन्दिरको छानो झिँगटी वा धातुका पाताको हुन्छ ।

गजुरदेखि छानोसम्म धातुको सुन्दर पट्टी झारिएको हुन्छ । गजुरदेखि प्राङ्गणसम्म रहेका यी अवयवले समग्र मन्दिर एउटा सुन्दर कलाका रूपमा स्थापित हुन्छ । भक्तपुरको न्यातपोल र काठमाडौँको पशुपतिनाथको मन्दिर काष्ठकला र सत्तल शैलीका उत्कृष्ट नमुना हुन् ।

नेपालका कतिपय मन्दिर शिखर र गुम्बज शैलीमा पनि बनेका छन् । शिखर शैली पहाड जस्तै तल ठुलो अनि मास्तिर सानो हुँदै गजुरमा टुङ्गिने शैली हो । पाटनको कृष्ण मन्दिर यस शैलीको बेजोड नमुना हो । एक्काइसओटा शिखर र गजुर भएको यो मन्दिर ढुङ्गैढुङ्गाले बनेको छ । कला पारखीहरू यसलाई ढुङ्गामा लेखिएको कविता पनि भन्छन् । त्यसैगरी गुम्बज शैलीमा गुम्बजको प्रमुख भूमिका रहन्छ । गुम्बज अर्ध गोलाकार हुन्छ । गुम्बजको टुप्पामा गजुर रहन्छ । काठमाडौँ त्रिपुरेश्वरको कालमोचन मन्दिर गुम्बज शैलीको राम्रो उदाहरण हो ।

स्तूप बौद्ध देवालय हो । यो अर्ध गोलाकार पृष्ठभूमिमा ठुलो आकारमा बनेको हुन्छ । स्तूपमा आठ दश मिटर अग्लो विशेष किसिमको गुम्बज संरचना निर्माण गरिएको हुन्छ । यसका वरिपरि प्रदक्षिणा गर्दा घुमाउने मानेहरू राखिएका हुन्छन् । यसका चारैतिर खोपामा विभिन्न बुद्धका मूर्तिहरू स्थापना गरिएका हुन्छन् । स्तूप सामान्यत: सेतो रङले पोतिएको हुन्छ । गुम्बजमाथि केन्द्रमा प्रज्ञाचक्षुको आकृति रहेको हुन्छ । त्यसमाथि तेर लोकलाई दर्साउने तलबाट माथि सानो हुँदै गएको धातुको श्रेणी हुन्छ । त्यसमाथि झल्लर भएको छत्र र छत्रमाथि पद्म (कमल) अनि त्यसमाथि सुन्दर गजुर रहन्छ । यिनै अवयवले स्तूपलाई कलात्मक स्वरूप प्रदान गरेका छन् । काठमाडौँको स्वयम्भू र बौद्धनाथ स्तूप वास्तुकलाका उत्कृष्ट नमुना हुन् ।

टुँडाल : पुराना घर मन्दिर आदिको छानो अड्याउन छड्के पारेर राखिएको काठ वा फलाम
अवयव : कुनै वस्तुको अङ्ग, भाग वा अंश
न्यातपोल : भक्तपुरमा रहेको नेपालको प्रसिद्ध पाँचतले मन्दिर
कला पारखी : कलाको विशेषता पहिल्याउने, पारख गर्ने
पृष्ठभूमि : कुनै वस्तु रहने मूल आधार
प्रदक्षिणा : घुम्ने काम, परिक्रमा
माने : 'ॐ मणि पद्मे हुँ' लेखिएको घुमाउने वस्तु
प्रज्ञाचक्षु : ज्ञानको आँखा
श्रेणी : सिँढी
छत्र : छाता

चैत्य पनि बौद्ध वास्तुकलामा पर्छ । यो ढुङ्गाले मात्र बनेको र अलि सानो पनि हुन्छ । ढुङ्गाबाट निर्मित चारपाटे जगमाथि चैत्यको संरचना खडा गरिएको हुन्छ । जगमाथि चारै पाटामा ढुङ्गामा बुद्धका मूर्तिहरू कुँदिएका हुन्छन् । यसमाथिको भाग स्तूपकै आकृतिमा बनाइएको हुन्छ । सामान्यत: स्तूप, विहार आदिका वरिपरि चैत्यहरू निर्माण गरिएका हुन्छन् । चैत्य **प्रस्तर कला**को उत्कृष्ट नमुना मानिन्छ ।

लामा बुद्ध धर्मको देवालय गुम्बा हो । गुम्बामा विभिन्न बुद्धको आराधना हुन्छ । गुम्बाको प्रवेशद्वारको माथि बिचमा **धर्मचक्र** सजाइएको हुन्छ । धर्मचक्रको दायाँ बायाँ एक आपसमा हेर्दै गरेका एक जोडी मृगका मूर्ति हुन्छन् । गुम्बाको मूलद्वारको दायाँ बायाँ **भवचक्र** र चारै दिशामा रहने देवताका रङ्गीन चित्रहरू हुन्छन् । ढोकाको माथितिर कमलको चित्रमाथि भगवान् बुद्धको उपदेश र ज्ञानका प्रतीक पुस्तकका आकृतिहरू कुँदिएका हुन्छन् । मूलद्वारको चौकोसमा कलात्मक बुट्टाहरू हुन्छन् । गुम्बाभित्र भगवान् बुद्धको एउटा विशाल सुनौलो मूर्ति हुन्छ । सो मूर्तिको दायाँ बायाँ विभिन्न बुद्धका ससाना मूर्तिहरू राखिएका हुन्छन् । गुम्बाभित्रको भित्ताभरि बुद्धका चित्रहरू कोरिएका हुन्छन् । भक्तजनहरू गुम्बामा बुद्धको पूजा, दर्शन, प्रार्थना तथा ध्यान गर्दछन् । पहाड तथा हिमाली क्षेत्रमा गुम्बा देख्न सकिन्छ । विभिन्न रङका ध्वजा पताकाले गुम्बालाई सजाइएको हुन्छ । तला तलाका छानाका छेउमा राखिएका ठुला ठुला मानेले गुम्बाको सौन्दर्य बढाएका हुन्छन् । काठमाडौँको बौद्धमा रहेको सेचेन गुम्बा यस वास्तुकलाको सुन्दर नमुना हो ।

मस्जिद इस्लाम देवालय हो । यसमा **चुच्चा चापाकार**का झ्याल तथा प्रवेशद्वार हुन्छन् । मस्जिदमा चारैतिर धरहरा आकारका अग्ला कलात्मक **मिनार**हरू हुन्छन् । मिनारको टुप्पो प्याज आकारको हुन्छ । हरेक मिनारको टुप्पामा **चाँद** र चम्किलो तारा सजाइएको हुन्छ । मस्जिदको भित्र **नमाज** पढ्ने विशाल प्रार्थना स्थल हुन्छ । त्यहाँ बसेर भक्तजनहरू नमाज पढ्छन् । प्रवेशद्वार, मिनार आदिले मस्जिदलाई कलात्मक स्वरूप प्रदान गरेका हुन्छन् । काठमाडौँको घण्टाघर नजिकको कस्मिरी जामे मस्जिद नेपालमा धेरै प्रसिद्ध छ ।

गिर्जाघर इसाई देवालय हो । यसको प्रवेशद्वार अर्धगोलाकार या **चुच्चो त्रिभुजाकार**को हुन्छ ।

प्रस्तर कला : ढुङ्गो कुँद्ने कला
धर्मचक्र : धर्मको निरन्तरता देखाउने चक्र वा चिह्न
भवचक्र : संसारमा प्राणीको जन्म मरणको कुरा देखाउने चक्र
चुच्चा चापाकार : चुच्चो परेको अर्ध वृत्त
मिनार : धरहरा आकारको कलापूर्ण संरचना
चाँद : चन्द्रमा
नमाज : इस्लाम धर्म मान्नेहरूले गर्ने प्रार्थना
चुच्चो त्रिभुजाकार : चुच्चो परेको त्रिभुजको आकार

भित्रपट्टि एउटा मण्डप तथा ठुलो बैठक हुन्छ । यहाँ बसेर भक्तजनहरू प्रार्थना गर्छन् । मण्डपको भित्तामा इसुख्रिस्टको आकर्षक प्रतिमा राखिएको हुन्छ । यसको छानो अर्ध ढुङ्ग्रो आकारका सामग्रीले बनाइएकाले र मणीय देखिन्छ । बाहिर छानाको बिचमा चारपाटे या सो ली आकारको शिखर (टावर) हुन्छ । शिखरको टुप्पामा क्रस राखिएको हुन्छ । यी अवयवको सुन्दर संयोजनले गिर्जाघरकलात्मक देखिन्छ । पोखराको रामघाटको गिर्जाघर साधारण भएर पनि सुन्दर छ ।



नेपालमा धार्मिक वास्तुकलाको विशिष्ट स्थान छ । प्राचीन नेपाललाई मानिसभन्दा बढी मूर्ति र घरभन्दा बढी मन्दिर भएको देश भनिन्थ्यो । अहिले धेरै मन्दिरहरू र मन्दिर क्षेत्रका पाटीपौवाहरू भत्के बिग्रेको अवस्थामा देखिन्छन् । त्यसैले तिनको संरक्षण र संवर्धन गर्नु हाम्रो दायित्व हो ।

संयोजन : दुई वा दुईभन्दा बढी तत्त्व मिल्ने काम

अभ्यास

१. उत्तर भन :

(क) कला केलाई भन्छन् ?

(ख) हलेसीको गुफा र गुम्बा कस्ता कला हुन् ?

(ग) नेपालका पुराना देवालयहरू कुन कुन वस्तुबाट बनेका छन् ?

(घ) हिन्दु धार्मिक वास्तुकलामा के के पर्छन् ?

(ङ) हिन्दु देवालयहरू कुन कुन शैलीमा बनेका छन् ?

(च) बौद्ध देवालयमा के के पर्छन् ?

(छ) गुम्बा कुन धर्मको देवालय हो ?

(ज) इस्लाम धार्मिक देवालयलाई के भनिन्छ ?

(झ) इसाई धार्मिक देवालयको नाम के हो ?

२. जोडा मिलाऊ :

हिन्दुधर्म	स्तूप, चैत्य	मिनार	गुम्बा
बौद्ध धर्म	गुम्बा	शिखर (टावर)	स्तूप
इस्लाम धर्म	गिर्जाघर	धर्मचक्र	मन्दिर
इसाई धर्म	मन्दिर	प्रज्ञाचक्षु	मस्जिद
लामा बौद्ध	मस्जिद	गजुर	गिर्जाघर

३. उत्तर लेख :

(क) कस्तो कलालाई मानव सिर्जित कला भनिन्छ ?

(ख) नेपालका हिन्दु र बौद्ध देवालयहरू कुन कुन शैलीमा बनेका छन् ?

(ग) सत्तल शैलीलाई किन तले शैली भनिएको हो ?

(घ) गुम्बज शैली र शिखर शैलीमा के फरक छ ?

(ङ) सत्तल शैलीका मन्दिरलाई कलात्मक बनाउने कुरा के के हुन् ?

(च) गुम्बामा कस्तो कला हुन्छ ?

(छ) मस्जिदलाई परैबाट चिनाउने वास्तुकलाको सुन्दर वस्तु कुन हो ?

(ज) कुन कुन कुराले गिर्जाघरलाई वास्तुकलाको चिनारी दिन्छन् ?

शब्दभण्डार

४. तल्लो हरफका विपरीतार्थक शब्दसँग जोडा मिलाई कापीमा लेख :

जोडी शिखर	उत्कृष्ट	फेद	रङ्गीन
टुप्पो एक्लो	सादा	फेदी	निकृष्ट

५. तल पर्यायवाची शब्दहरू छ्यासमिस राखिएका छन्, चिनेर जोडा मिलाई कापीमा लेख :

ढुङ्गो	स्तम्भ	प्रकार	स्थल	ढोका
भेद	द्वार	थाम	पत्थर	स्थान

६. तलका शब्दको फरक अर्थ बुझ :

विहार	:	घुम्नु	विहार	:	बौद्ध देवालय
काल	:	समय	काल	:	मृत्युको देवता
माने	:	अर्थ	माने	:	स्तूप वा गुम्बामाथि राखिएको घुमाउने वस्तु

७. ठिक अर्थमा ठिक चिनो (√) लगाऊ :

(क) विहार

(अ) चारैतिर निजी घरहरू भएको ठुलो चोकको बिचमा चैत्य वा मन्दिर भएको क्षेत्र

(आ) चारैतिर मन्दिरकै सत्तल वा घर र बिचमा स्तूप, चैत्य वा मन्दिर भएको क्षेत्र

(इ) विभिन्न तहको जगमाथि ढुङ्गामा बुद्ध मूर्तिहरू कुँदिएको बनोट

(ख) वर्गाकार

(अ) चौडाइभन्दा लम्बाइ बढी भएको आकार

(आ) लम्बाइ चौडाइ बराबर भएको आकार

(इ) कुनै वस्तु, ठाउँ आदिले लिने वरिपरिको घेरो

८. तलका शब्दको अर्थ भन :

देवालय, प्रवेशद्वार, अनुपम, निर्माण सामग्री, आराधना, प्रार्थना, उत्कृष्ट, बेजोड, धैर्य, धातु, संरक्षण, संवर्धन, खोपो, गोलाकार

९. उदाहरण देखाए जस्तै गरी तलका शब्दबाट शब्द बनाऊ :

उदाहरण : वास्तु + कला = वास्तुकला

चित्र, मूर्ति, सङ्गीत, काव्य, नाट्य, ललित, प्रस्तर

उदाहरण : फराकिलो (फराक + इलो)

तेज, चम्क, जोस, ओस, स्वाद, रस, मल, साहस, तागत, जाँगर, फुर्ति

१०. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

स्तूप, चैत्य, गुम्बा, मिनार, सत्तल शैली, वास्तुकला

उच्चारण र हिज्जे

११. कक्षामा माथिको पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन ।

१२. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
बिसिस्ट	विशिष्ट	मन्डप्	मण्डप
सङ्गित्	सङ्गीत	सैलि	शैली
घन्टाघर्	घण्टाघर	प्रग्याँ	प्रज्ञा

१३. तलका शब्दहरू ठिकसँग उच्चारण गर :

गुम्बज, प्राङ्गण, गिर्जाघर, मस्जिद, चतुर्भुजाकार, वर्गाकार, न्यातपोल, पृष्ठभूमि, प्रदक्षिणा, धर्मचक्र, भवचक्र, त्रिभुजाकार, स्तम्भ, संयोजन, प्रज्ञा चक्षु, विशिष्ट, जुहारत, अष्ट, षट्भुजात्मक

१४. शिक्षकबाट सुनेर लेख :

स्तूप, चैत्य, गुम्बा, सत्तल शैली, टुँडाल, वास्तुकला, गुम्बज, विहार, वर्गाकार

कार्यमूलक व्याकरण

१५. तलका वाक्यहरूलाई उदाहरणमा देखाए जस्तै गरी एकवचनमा बदल :

उदाहरण : देवालय पनि वास्तुकलाको उदाहरण हो ।

देवालयहरू पनि वास्तुकलाका उदाहरण हुन् ।

मन्दिरहरू ढुङ्गा वा इँट छापेको प्राङ्गणमा बनेका हुन्छन् ।

पुराना देवालयहरू ढुङ्गा, इँट, काठ आदिबाट बनेका छन् ।

ती मनमोहक देखिन्छन् ।

प्रवेशद्वारसम्म पुग्ने डबलीहरू बनाइएका हुन्छन् ।

खुट्किलाका दुवैतिर जीवजन्तुका मूर्तिहरू सजाइएका हुन्छन् ।

१६. तलका वाक्यलाई उदाहरणमा देखाए जस्तै गरी बहु वचनमा परिवर्तन गर :

रुख थियो । रुखमा चरो बसेको थियो । त्यहाँ चराको गुँड थियो । गुँडमा बचरो थियो । बचरो भोकाएको थियो । बचरो चींचीं गरेर कराउँदै थियो । बचराको माउ आयो । माउले चारो ख्वायो । बचरो कराउन छोड्यो ।

उदाहरण : रुखहरू थिए । .....

सिर्जनात्मक अभ्यास

१७. तिमीले देखेको मन्दिर, स्तूप, गुम्बा, मस्जिद, गिर्जाघरमध्ये कुनै एकको वर्णन गर ।

२१

बाक्लो दाल

"बुझ्नु भो मामा म पनि अबदेखि **बाक्लो दाल खाने** भएँ नि !" एकाबिहानै मेरो छिमेकी मित्र हरिहर आएर मलाईं खबर सुनाउँछ । ऊ मलाई सधैँ मामा भन्ने गर्छ । **सम्बोधन** हो, प्रिय लाग्ने जुनसुकै शब्दको प्रयोग गरे पनि **स्वीकार्य** छ । "हो र ? बधाई छ ।" म सहज रूपमा उत्तर त दिन्छु तर मेरो मनमा **च्वास्स बिझ्छ** बाक्लो दालले । हाम्रो समाजमा बाक्लो दाल खाने रहर धेरैमा बढ्दो छ । समयको **प्रवाह**ले हो वा मानसिक **आरोह अवरोह**ले हो, बाक्लो दालतर्फ हामी **आकृष्ट** हुँदै छौँ ।

बाक्लो दाल खानु: ठुलो परिवारबाट छुट्टिएर सानो परिवारमा बस्नु
सम्बोधन : बोलाउने काम, बोलावट
स्वीकार्य : स्वीकार गर्नुपर्ने, मान्नुपर्ने
च्वास्स बिझ्नु : मन दुख्नु
प्रवाह : बहाव, बहने गति वा चाल
आरोह अवरोह : उतार चढाव
आकृष्ट : खिचिएको, तानिएको

हामीमा व्यक्तिवादी मनोवृत्ति बढ्दो छ, किन हो कुन्नि ? हाम्रो जस्तो संयुक्त पारिवारिक संस्कार रहेको समाजमा यो अझै सहज स्वीकार्य हुन सकेको छैन । त्यसमा पनि यसले एक्लो छोरा भएका आमाबुबाको मनस्थिति छियाछिया नै पारिदिएको हुन्छ ।

"के हो मामा ! किन टोलाउनु भो ?" उसको प्रश्नले म झसङ्ग हुन्छु ।

"शुभेच्छा छ मित्र, बाक्लो दाल मिठै बनोस् । कहिल्यै नमिठो नहोस् ।" सहज हुन यति भन्छु । हरिहर एक क्षण अलमलिन्छ, सायद मेरो बिग्रँदो आकृति देखेर होला ।

"धन्यवाद, शुभेच्छाका लागि तर तपाईंको अनुहार ?" ऊ मेरो अनुहारतर्फ लक्ष्य गरेर सोध्छ ।

"के भएको छ र मेरो अनुहार ?" म सहज हुन खोज्छु ।

"किन त कालोनिलो, ग्रहण लागेको जस्तो ?" ऊ मेरो भावुकतालाई लक्ष्य गर्दै पुनः प्रश्न गर्छ ।

"हेर न मित्र, आज के भो के, तिम्रो बाक्लो दाल भन्ने शब्दले मेरो मथिङ्गल नै रिँगाइदियो । बाक्लो दाल खाने प्रलोभनले मेरो एक परम मित्र आज पातलो दालसमेत खान नसक्ने अवस्थामा पुगेको कुरा पो झलझली सम्झन पुगें । म बिनसित्ति संवदेनशील हुन पुगेछु, क्षमा गर ल !" म स्पष्टीकरण दिन खोज्छु ।

"केही छैन मामा, कहिलेकाहीँ यस्तै हुन्छ तर त्यो साथीको किन त्यस्तो अवस्था भो ? भन्नुहोस्, बरु फटाफट ।" उसले वातावरण सामान्य पार्न खोज्दै ठट्यौली पारामा जिज्ञासा पोख्यो ।

व्यक्तिवादी	:	व्यक्ति (आफैं) लाई महत्त्व दिने
मनोवृत्ति	:	मनको वृत्ति, आचरण, व्यवहार
संयुक्त परिवार	:	आमाबुबासँग नछुट्टिई बसेको एउटै भान्सामा खाने परिवार
मनस्थिति	:	मनको स्थिति, मानसिक अवस्था
शुभेच्छा	:	शुभकामना
आकृति	:	स्वरूप, हुलिया
लक्ष्य गर्नु	:	ताक्नु, तेर्स्याउनु
ग्रहण लाग्नु	:	अँध्यारो हुनु
भावुकता	:	भावनामा बगेको स्थिति
प्रलोभन	:	लोभ
स्पष्टीकरण	:	प्रस्ट वा खुलस्त गर्ने काम
जिज्ञासा	:	जान्ने इच्छा

"छोड यी कुरा । पछि भन्दै गरौँला । बरु के छ अरू हालचाल ?" म गम्भीरताबाट उम्कन खोज्दै बाक्लो दालको प्रसङ्गबाट बाहिर निस्कने प्रयास गर्न खोज्छु । भर्खर मात्र मित्रले बाक्लो दाल खाने चाँजोपाँजो मिलाएर आएको बेलामा यो प्रसङ्ग निकाल्नु हुने थिएन । निस्किहाल्यो, बहभित्र गुम्सिएको सत्य यस्तैबेला त बाहिर निस्कँदो रहेछ नि । के सोच्यो होला उसले ? म उसको मुख पुलुक्क हेर्छु । ऊ जिज्ञासु अनुहार लिएर मलाई नै हेरिरहेको रहेछ ।

"भन्नुहोस् न, किन भन्नु हुँदैन ?" ऊ कर गर्न थाल्छ ।

"भन्नु त हुन्छ तर आजै तिमीलाई यस्तो कुरा कसरी सुनाऊँ ? भयो, तिम्रो मन फेरि खल्लो होला । जाऊ, बरु नयाँ जीवन सुरु गर ।" म फेरि आलटाल गर्न खोज्छु ।

"मामा भन्नोस् न ! म सुनेरै जान्छु ।" ऊ ढिपी गर्न थाल्यो ।

"ल, त्यसो भए सुन ।" म आफ्नो कुरा अगाडि बढाउँछु ।

"ऊ मेरो स्कुल पढ्दाको खुब मिल्ने साथीमध्येको एक हो । गाउँमा उसको घर र मेरो घर सँगसँगै छ । म उसको घरमा धेरै पटक गएको छु । घरमा उसका आमा, बुबा र एउटी बहिनी बस्थे । आमाबुबाले खेती किसानी गरेर ऊ र उसकी बहिनीलाई पढ्न पठाउँथे । हामी सँगै पढ्थ्यौँ ।"

"तर उसले धेरै पढ्न सकेन । आठ कक्षामै उसले पढाइ छाड्यो र खेती किसानी गर्नतर्फ लाग्यो । आफूसँग भएको जायजेथामा दश नङ्ग्रा खियाएर काम गर्दा चार जनाको परिवारलाई पुगीसरी थियो । केही वर्षपछि उसको बिहे भयो । बहिनीलाई पनि बिहे गरेर पठाइसकेको थियो । हामीले हेर्दा परिवार सुखी नै देखिन्थ्यो । नियमित नभए पनि पछिसम्म उससँग मेरो सम्पर्क हुन्थ्यो ।"

"म त बाक्लो दाल खाने भएँ नि !" एक दिन उसले पनि अहिले तिमीले सुनाए जस्तै सगौरव सुनाएको थियो ।

बह : भित्री दुःख

जिज्ञासु : जान्न उत्सुक

जायजेथा : धनसम्पत्ति

दश नङ्ग्रा खियाउनु : हातका दशै औँलाले काम गर्नु

पुगीसरी : धनसम्पत्ति पुगेको अवस्था

नियमित : ठिक ठिक समयको

सगौरव : गौरवका साथ, फुर्तीका साथ

त्यतिबेला त तिन छक्क परेको थिएँ । उसको भनाइमा म विश्वास नै गर्न सकिरहेको थिइनँ । त्यसैले सोधेको थिएँ, "के भनेको ? मैले बुझिनँ ।"

"हो, म आमाबुबाबाट छुट्टिएर बसिसकेँ । बस्नै पऱ्यो, के गर्छौं ?" उसले स्पष्ट भनेको थियो । यो शब्दले मेरो **कानमा झिरले रोपे** झैँ भयो र मुटुसम्म पोल्न थाल्यो ।

"साँच्चै तैँले आमाबुबालाई छुट्टयाइदिइस् ? किन ? के पऱ्यो त्यस्तो ? बुढेस कालको लट्ठी भन्थिस् नि आफूलाई पहिले, अहिले के भयो ? तेरो धर्म यही हो ? कुन ठुलो परिवार थियो र तेरो ? दाजुभाइ धेरै भए त लौ ठिकै गरिस् भन्ने थिएँ तर बुढाबुढी दुई जनालाई पनि पाल्न सकिनस् । के नामर्द भएको हँ तँ ? धिक्कार छ तँलाई ।" मेरो भावुकताको **विस्फोट** भयो । सायद अरूलाई भए म त्यतिसारो भन्न सक्दिनथेँ हुँला तर ऊ त मेरो सिँगाने साथी । मैले आफूलाई थाम्नै सकेको थिइनँ ।

"त्यसो नभन्, मैलै छुट्टिनै पऱ्यो । म **विवश** छु यार । मेरो पनि आफ्नो जीवन छ । परिवारका आफ्नै मागहरू छन् । म संयुक्त परिवारमा बसेर यी कुरा धान्नै नसक्ने भएँ । त्यसैले मात्र बाक्लो दाल खाने रहर गरेको हुँ । बुझिदे न मेरो समस्या पनि ।" उसले आफ्नो तर्फबाट स्पष्टीकरण दिने प्रयास गरेको थियो तर मैले उसको कुरा आधा बुझ्न सकेँ, आधा बुझ्न सकिनँ । मेरो मस्तिष्क बाक्लो दालले रिँगाउन थालिसकेको थियो ।

"खुब गरिस् भाइ, खुब राम्रो काम गरिस् । छोराको कर्तव्य राम्रैसँग पूरा गरिस् । जा, अब बाक्लो दाल पकाएर आफू पनि खा स्वास्नीलाई पनि खान दिएस् ।" मेरो रुन्चे तर कठोर स्वरले उसलाई बिदा गऱ्यो । ऊ गएपछि उसका वृद्ध आमाबुबाका **कारुणिक** अनुहार सम्झँदा दुई थोपा आँसु **अनायास** झरेका थिए ।

"अहिले सुन्छु, उसको आर्थिक अवस्था ज्यादै कमजोर भएको छ । उसकी स्वास्नी **दीर्घरोगी** भएकी छे । ऊ स्वयम् पनि स्वस्थ छैन । उसका छोराछोरीहरूले पनि पढ्न पाएनछन् । छोरो त **कुलत**मा समेत लागेको छ रे ! दुईओटी छोरी विवाह योग्य भइसकेका छन् । खै, कसरी व्यवहार धान्ने हो उसले ?" म सुस्केरा हाल्न पुगेछु ।

कानमा झिरले रोप्नु : भित्रसम्म दुख्ने गरी घोच्नु
विस्फोट : फुट्नु
विवश : बाध्य
कारुणिक : दयालाग्दो, करुणा भएको
अनायास : बिना कोसिस, आफैँ
दीर्घरोगी : लामो समयसम्म लागिरहने रोग भएको
कुलत : खराब आदत, बानी

"कसरी त्यस्तो भएछ त मामा ?" हरिहरले कारण बुझ्न खोज्यो ।

"कारण के हुनु र त्यही बाक्लो दालकै करामत त हो । आकाङ्क्षा ठुलो भएपछि यस्तै हुँदो रहेछ ।"

"तैपनि ।" हरिहरले जिज्ञासा पोख्यो ।

"खै अरू के हुनु ? उसले घर व्यवहार धान्न सकेन । बढ्दो खर्चलाई उसको सीमित आयस्ताले थेग्न सकेन । भएको खेतबारी पनि दुई हिस्सा लागिसकेको थियो । सगोलमा अतिरिक्त व्यक्तिलाई केही मुठी चामल थपे मात्र पनि छाक टर्थ्यो होला । दुई चुलो भएपछि दोहोरो खर्च हुने नै भयो । त्यसमा पनि छुट्टिएको केही महिनापछि नै आमाबुबा बिरक्तिए । उनीहरूले बिरक्तिएर आफ्नो भागमा परेको सबै खेतबारी बेचेर तीर्थ गर्न गए । उनीहरू आजसम्म फर्केनन् । मरे बाँचे केही पत्तो भएन । यसरी एकातिर आमाबुबाको बिचल्ली अर्कोतर्फ आफ्नै दुर्दशा ।

मित्र ! लौ भन, बाक्लो दाल मिठो बन्यो त ?" म हरिहरलाई आफ्नो कुरामा सहमत गराउन प्रश्न गर्छु ।

हरिहर सोझै सहमत हुन नसके पनि सहानुभूति जनाउँछ ।

पहिलै नै बुद्धि पुऱ्याउन सकेको भए यस्तो हुने थिएन होला । वृद्ध आमाबाबुलाई बोझ सम्झियो । आमाबुबाको एक्लो छोराको बुद्धि बिग्रेपछि कसको के लाग्छ ? मिलिजुली बसेका भए त्यस्तो हुँदैनथ्यो कि ?" कुरा टुङ्ग्याउँदै म हरिहरलाई पुलुक्क हेर्छु । उसको अनुहारमा कालो बादल सलबलाएको अनुभव गर्न पुग्छु । झट्ट सम्झन्छु, हरिहर पनि त आमाबुबाको एक्लो छोरो हो ।

"तिमी पनि आमाबुबाको एक्लो छोरो होइनौ र ?" म अनायास हरिहरलाई सोध्न पुग्छु, कुनै बिचारै नगरी । ऊ कुनै प्रत्युत्तर दिँदैन । ऊ अँध्यारो अनुहार लगाएर जुरुक्क उठ्छ । म ऊ गएको हेरिरहन्छु ।

करामत	:	चमत्कार, कमाल
सीमित	:	थोरै मात्राको, सीमामा बाँधिएको
आयस्ता	:	आम्दानी
हिस्सा	:	भाग
सगोल	:	भिन्न नभई एउटै ठुलो परिवारमा बसेको
अतिरिक्त	:	भएकामा थप
बिरक्तिनु	:	बिरक्त हुनु, खिन्न हुनु,
सहानुभूति	:	अरूको पीडामा हुने दु:खको अनुभव
कालो बादल सलबलाउनु	:	अँध्याराको प्रभाव बढ्नु

अभ्यास

१. उत्तर भन :

(क) बाक्लो दाल खाने कुरा कसले कोसँग गरेको छ ?

(ख) व्यक्तिवादी मनोवृत्ति भनेको के हो ?

(ग) बाक्लो दाल शब्द सुन्दा मामा किन संवेदनशील हुन पुगे ?

(घ) मामाका मित्रको परिवारको स्थिति पहिले कस्तो थियो ?

(ङ) बाक्लो दाल खाएपछि मित्रको परिवारको स्थिति कस्तो भएछ ?

२. तलका भनाइ कसका हुन्, लेख :

(क) शुभेच्छा छ मित्र, बाक्लो दाल मिठै बनोस् । कहिल्यै नमिठो नहोस् ।

(ख) केही छैन मामा, कहिलेकाहीँ यस्तै हुन्छ तर त्यो साथीको किन त्यस्तो अवस्था भो ? भन्नुहोस्, बरु फटाफट ।

(ग) हो, म आमाबुबासँग छुट्टिएर बसिसकेँ । बस्नै पऱ्यो, के गर्छौ ?

३. ठिक उत्तरमा ठिक चिनो (√) लगाऊ :

(क) संयुक्त परिवार भनेको के हो ?

(अ) एकै घरमा बसेको परिवार

(आ) अलग अलग भान्सा भएको एक ठुलो परिवार

(इ) आमाबुबासँग नछुट्टिई एउटै भान्सामा खाने परिवार

(ई) अंशबन्डा नभएको तर भातभान्सा छुट्टिएको परिवार

(ख) 'बाक्लो दाल' कथाको मुख्य आशय के हो ?

(अ) हरिहर र मामाका मित्रले गरेको काम त्यति बेठिक होइन ।

(आ) व्यक्तिवादी सोचका कारण एकल परिवारतिरको झुकाव बढ्दो छ ।

(इ) एक्लो छोरो पनि आमाबुबासँग छुट्टिएर बस्ने काम हाम्रो सामाजिक संस्कृति विपरीत छ ।

(ई)) आजकलका मानिसहरू आफ्ना आमाबुबालाई हेला गर्न थालेका छन् ।

(ग) अंश लिएर भिन्न भई एकल (सानो) परिवारमा बस्नुलाई बाक्लो दाल खाने किन भनिएको होला ?

(अ) संयुक्त परिवारको भान्सामा दाल नै नपकाउने भएकाले

(आ) संयुक्त परिवारमा धेरै जनालाई पकाउँदा दाल पातलो हुने भएकाले

(इ) छुट्टिएर सानो परिवार भएपछि मात्र दाल खान पुग्ने भएकाले

(ई) छुट्टिएको सानो परिवारलाई मिठो मिठो खान पुग्ने भएकाले

४. उत्तर लेख :

(क) 'बाक्लो दाल' कथाका मामाका मित्रको कथा आफ्ना शब्दमा लेख ।

(ख) 'बाक्लो दाल' कथाका मुख्य मुख्य कुरा टिप ।

(ग) 'बाक्लो दाल' कथा पढेर तिमीले पाएको शिक्षा के हो ?

शब्दभण्डार

५. तलका अनुकरणात्मक शब्दको मिल्ने क्रियासँग जोडा मिलाऊ :

झसङ्ग	हेर्नु	चुर्लुम्म	बिर्सनु/निदाउनु
झलझली	भन्नु	पुर्लुक्क	अडिनु
पुलुक्क	बिझ्नु	भुसुक्क	ढल्नु
जुरुक्क	हुनु	धुरुधुरु	पल्टिनु
फटाफट	देख्नु	गर्ल्याम्म	रुनु
च्वास्स	उठ्नु	टक्क	डुब्न

६. पाठबाट तलका शब्दको पर्यायवाची शब्द खोज :

मथिङ्गल, धान्नु, आकाङ्क्षा, कर, बिचल्ली

७. तल विपरीतार्थी शब्दहरू छ्यासमिस पारेर राखिएका छन्, पढ र शब्द जोडी मिलाएर लेख :

जस्तै : बाक्लो – पातलो

बाक्लो	दोहोरो	पातलो	जीवन	अवरोह	एकोहोरो	स्वस्थ
बढ्दो	खल्लो	मरण	घट्दो	रोगी	आरोह	स्वादिलो

८. कोष्ठकका क्रियामूलबाट शब्द बनाई खाली ठाउँ भर:

(क) बिहानको कमाइले गीताको बेलुकाको ..... । (छाक टर्नु)

(ख) एक्लो छोरो छुट्टिएपछि आमाबुबा ..... । (बिरक्तिनु)

(ग) विश्वनाथ गुप्ताले ..... एक मानाको बन्दोबस्त गरेका छन् । (दश नङ्ग्रा खियाउनु)

(घ) पत्रिकामा पढेको अपहरणको घटनाले मेरो ..... । (मथिङ्गल रिँगाउनु)

(ङ) कान्छीले बढ्दो महँगीका कारण कष्टले ..... । (व्यवहार धान्नु)

(च) बाक्लो दालले एक्लो छोरो भएका बाबुआमाको मन ..... । (छियाछिया हुनु)

९. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

व्यक्तिवादी, जिज्ञासु, जायजेथा, सगोल, करामत

उच्चारण र हिज्जे

१०. 'बाक्लो दाल' कथा पालैपालो पढ र साथीले पढेको पनि सुन ।

११. 'बाक्लो दाल' कथाका सुरुका नौ अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नको जवाफ देऊ :

(क) कसले 'बाक्लो दाल' खाने कुरा सुनायो ?

(ख) मामा किन टोलाए ?

(ग) मामाको अनुहार किन निलोकालो भयो ?

(घ) हरिहरले कुन कुरा फटाफट भन्न अनुरोध गरे ?

१२. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
सम्बेदन्सिल्	संवेदनशील	ब्यक्तिबादि	व्यक्तिवादी
बिस्फोट्	विस्फोट	दिर्घरोगि	दीर्घरोगी
बिस्वास्	विश्वास	आक्रिस्ट	आकृष्ट
बिबस्	विवश	जिग्याँसु	जिज्ञासु

१३. शुद्धसँग उच्चारण गर र कापीमा सार :

सम्बोधन, स्वीकार्य, च्वास्स बिझ्नु, आकृष्ट, व्यक्तिवादी, मनोवृत्ति, संयुक्त, संस्कार, मनस्थिति, शुभेच्छा, झसङ्ग, कहिल्यै, आकृति, लक्ष्य, मथिङ्गल, स्पष्टीकरण, जिज्ञासु, नङ्ग्रा, विस्फोट, नामर्द, धिक्कार, कर्तव्य, आकाङ्क्षा, बिरक्तिए, बिचल्ली, प्रत्युत्तर

१४. 'बाक्लो दाल' कथामा य/ए प्रयोग भएका शब्दहरू टिपोट गर। दशौँ अनुच्छेद कापीमा सार ।

कार्यमूलक व्याकरण

१५. कथाको पहिलो र दोस्रो अनुच्छेदबाट विशेषण र नाम शब्द खोज ।

१६. माथिको पाठको आठौँ अनुच्छेदबाट निपात शब्द खोजेर लेख ।

१७. पाठबाट अल्पविराम, प्रश्नवाचक, उद्गार र कोष्ठक चिह्न प्रयोग भएका एक एक वाक्य खोजेर लेख ।

१८. माथि अभ्यास ४ (ख) को टिपोटका आधारमा 'बाक्लो दाल' कथा छोटकरीमा लेख ।

१९. तलका बुँदाका आधारमा कथा लेख :

एक जना गरिब मानिस... गरिब मजदुरी गरेर जीवन निर्वाह गर्ने... एक दिन एउटा महात्मा आइपुगेका... महात्मालाई गरिबले भोजन गराएको... महात्माले एउटा अनौठो जाँतो उपहार दिएका... चाहिने कुराको नाम लिएर दायाँतर्फ जाँतो घुमाउँदा भनेको कुरा आइरहने... भयो भनेर देब्रेतर्फ घुमाएपछि जाँतो घुम्न बन्द हुने... गरिब मान्छे जाँतोले चाँडै धनी भएको... एक दिन जाँतो चोरी भएको... चोर जाँतो चोरेर घरका परिवार लिएर समुद्री यात्रामा... डुङ्गामा जाँतोलाई भनेर रोटी र माछा धेरै पकाएको... माछा तारेर खान तयार गरेको... नुन नभएकाले जाँतोलाई नुन मागेको... जाँतो बन्द गर्ने तरिका चोरलाई थाहा नभएको... जाँतोबाट नुन आइरहेको... नुनले नाउ भरिएर डुब्नु... नाउसँगै चोर पनि डुबेर मर्नु... त्यही नुन समुद्रमा पग्लेर समुद्रको पानी नुनिलो भएको विश्वास

२०. "बहभित्र गुम्सिएको सत्य यस्तैबेला त बाहिर निस्कँदो रहेछ नि ।" यो वाक्य पढ्दा तिमीलाई कस्तो अनुभूति भयो, लेख :